# ऐना कथा सङ्ग्रहको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत

पृथ्वीनारायण क्याम्पस नेपाली विषयको स्नातकोत्तर तह, दोस्रो वर्षको

दसौं पत्र (५१०-१) को प्रयोजनका लागि

प्रस्तुत

शोधपत्र


शोधार्थी

भोलाराम अर्याल

क्रमाङ्क : ४३/२०६६

त्रि.वि. दर्ता नं.: ६-१-४८-१९०७-२००४

परीक्षा रोल नं. : ४८००३

नेपाली विभाग

पृथ्वीनारायण क्याम्पस

पोखरा


२०७३

# शोध निर्देशकको सिफारिस पत्र

नेपाली स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी भोलाराम अर्यालले **ऐना कथा सङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । यसको आवश्यक मूल्याङ्नको लागि विभाग समक्ष शोध निर्देशककातर्फबाट मैले सिफारिस गरेको छु ।

*वि.सं. : २०७३/१२/२४*

*ई.सं. : ६/३/२०१७*

........................

डा. बासुदेव भण्डारी

सहप्राध्यापक

पृथ्वी नारायण क्याम्पस

नेपाली विभाग

पोखरा

# कृतज्ञताज्ञापन

ऐना कथा सङ्ग्रहको कृतिपरक अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्रय अन्तर्गत स्नातकोत्तर तहको नेपाली विषयको दसौं पत्र (५१०-१) को प्रयोजनका लागि तयार पारिएको हो । यस शोधपत्रको तयारीको क्रममा व्यस्तताका बाबजुद पनि निर्देशन गर्नुहुने श्रद्धेय गुरु सहप्राध्यापक डा. बासुदेव भण्डारीज्यूप्रति कृतज्ञता ज्ञापन गर्दछु । यसैगरी बेलाबेलामा महत्वपूर्ण सुझाव दिनुहुने आदरणीय गुरु विभागीय प्रमुख सहप्रध्यापक कृष्णप्रसाद पौडेलज्यूप्रति कृतज्ञ भएको छु । शोधपत्रको लेखन क्रममा आवश्यक सुझाव र सूचना प्रदान गर्नुहुने शोधनायक रामलाल जोशीप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

मेरो अध्ययनमा हौसला प्रदान गर्नुहुने पूजनीय आमा तीलादेवी अर्याल र बुबा टेकनारायण अर्यालप्रति कृतज्ञ बनेको छु । आफ्नो गृहस्थ जीवन र पेसाको व्यस्तताका बीचमा पनि मेरो पढाइप्रति चासो राखिराख्ने जीवन संगिनी मनिता खनाल (अर्याल) प्रति धन्यवाद व्यक्त गर्दछु, भने छोरी पूर्णकला ( स्वस्तिका) प्रति स्नेह भाव व्यक्त गर्दछु । यस्तै मलाई अध्ययनमा लगनशील बन्न प्रेरणा दिनुहुने सम्पूर्ण शुभेच्छुकहरूप्रति आभार प्रकट गर्दछु । आवश्यक पुस्तक, पत्रपत्रिका उपलब्ध गराई सहयोग पुऱ्याउने क्षेत्रीय पुस्तकालय पोखराप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यस शोधलाई व्यस्त समयको बाबजुद पनि समय निकालेर टङ्कन, शुद्धाशुद्धिसहित पुस्तकाकार रूप दिने गण्डकी हाई-टेक प्रा.लि., पोखरा-१, बगरका अनु बराललाई पनि हार्दिक धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा ऐना कथा सङ्ग्रहको कृतिपरक अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस समक्ष प्रस्तुत गर्दछु ।

*वि.सं. : २०७३/१२/२४*

*ई.सं. : ६/३/२०१७*

.......................

शोधार्थी

भोलाराम अर्याल

नेपाली विभाग

त्रिभुवन विश्वविद्यालय

पृथ्वीनारायण क्याम्पस पोखरा

# विषय सूची

*स्वीकृति पत्र*

*शोध निर्देशकको सिफारिस पत्र*

*कृतज्ञता ज्ञापन*

अध्याय एक

## शोधपत्रको परिचय

| | | |
|---|---|---|
| १.१ | विषय प्रवेश | १ |
| १.२ | शोध शीर्षक | १ |
| १.३ | शोध प्रयोजन | १ |
| १.४ | समस्या कथन | १ |
| १.५ | अध्ययनको उद्देश्य | २ |
| १.६ | पूर्व कार्यको विवरण | २ |
| १.७ | शोधकार्यको औचित्य र महत्त्व | ३ |
| १.८ | शोधको क्षेत्र र सीमा | ४ |
| १.९ | शोधविधि | ४ |
| १.१० | शोधको रूपरेखा | ४ |

अध्याय : दुई

## कथासिद्धान्त र नेपाली कथाको विकासक्रम

२.१ कथाको सैद्धान्तिक परिचय ५

२.२ कथाको परिभाषा ५

२.३ कथाको उत्पत्ति ७

२.३.१ पूर्वीय मान्यता ७

२.३.२ पाश्चात्य मान्यता ७

२.४ कथाका तत्त्वहरू ८

२.४.१ कथानक वा कथावस्तु ८

२.४.२ पात्र र चरित्र ९

२.४.३ परिवेश १०

२.४.४ भाषाशैली १०

२.४.५ दृष्टिविन्दु ११

२.४.६ उद्देश्य १२

२.५ कथाको वर्गीकरण १३

२.५.१ विषयका आधारमा कथाको वर्गीकरण १३

२.५.२ सिद्धान्तका आधारमा कथाको वर्गीकरण १५

२.५.३ रीति वा शैलीका आधारमा कथाको वर्गीकरण १७

२.६ नेपाली कथाको विकासक्रम १८

२.६.१ प्रारम्भिक काल (वि.सं. १८२७ -१९५७ सम्म) १९

२.६.२ माध्यमिक काल (वि.सं. १९५८-१९९१ सम्म) २०

२.६.३ नेपाली कथाको आधुनिक काल २१

२.६.३.१ यथार्थवादी धारा (१९९२-२०१९) २२

२.६.३.२ नवचेतनावादी युग (वि.सं. २०20 देखि २०३९ सम्म) २४

२.६.३.३ समसामयिक युग २०४० देखि हालसम्म २५

२.७ सारांश २६

अध्याय तीन

## कथाकार रामलाल जोशीको परिचय र ऐना कथा सङ्ग्रहको विश्लेषण

३.१ रामलाल जोशीको परिचय २८

३.२ कथाकार रामलाल जोशीका प्रवृत्तिगत विशेषता २९

३.३ ऐना कथा सङ्ग्रह भित्रका कथा भित्रका कथाको कृतिपरक विश्लेषण ३३

३.३.१ ‘खेल’ कथाको विश्लेषण ३३

३.३.२ ‘रङ्गमञ्च’ कथाको विश्लेषण ३५

३.३.३ ‘नायक’ कथाको विश्लेषण ३७

३.३.४ ‘पर्दा’ कथाको विश्लेषण ३९

३.३.५ ‘पापीघाट’ कथाको विश्लेषण ४१

३.३.६ ‘मध्यान्तर’ कथाको विश्लेषण ४४

३.३.७ ‘तस्वीर’ कथाको विश्लेषण ४५

३.३.८ ‘सेतीको सुस्केरा’ कथाको विश्लेषण ४७

३.३.९ ‘कालीको गीत’ कथाको विश्लेषण ४९

३.३.१० ‘एउटा भोकको अन्त्य’ कथाको विश्लेषण ५०

३.३.११ ‘भर्जिन’ कथाको विश्लेषण ५२

३.३.१२ 'मुक्ति' कथाको विश्लेषण ५४

३.३.१३ 'यथार्थ भ्रम' कथाको विश्लेषण ५५

३.३.१४ 'श्रीमान् वीरबहादुर' कथाको विश्लेषण ५७

३.३.१५ 'श्रीमती जुगुनीदेवी' कथाको विश्लेषण ५९

३.३.१६ 'साइबर सेक्स' कथाको विश्लेषण ६०

३.३.१७ 'दियो जलिरहेछ' कथाको विश्लेषण ६२

३.३.१८ 'खुटियाको काख' कथाको विश्लेषण ६४

३.३.१९ 'समाप्ति' कथाको विश्लेषण ६५

**अध्याय चार**

## निष्कर्ष

४.१ सारांश ६८

४.२ निष्कर्ष ७३

सन्दर्भ सूची ७५

अध्याय एक

# शोधपत्रको परिचय

## १.१ विषय प्रवेश

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउने रामलाल जोशीले कथा विधामा छोटो समयमा विशिष्टता हासिल गरेका छन् । २०५७ सालमा हत्केलामा **आकाश नामक** गजल सङ्ग्रह कृति प्रकाशन गरेपछि उनी औपचारिक रूपमा साहित्य साधनामा लागेका हुन् । विभिन्न समयमा विभिन्न कृति प्रकाशन गर्दै आएका उनले २०७२ सालमा **ऐना** कथा सङ्ग्रह प्रकाशन गरेका हुन् । उनको योगदानको कदर गर्दै मदन पुस्तकालय गुठीले **मदन पुरस्कार** (२०७२) ले समेत सम्मानित गरेको छ । **ऐना** उनको पहिलो कथा सङ्ग्रह हो । **हत्केलामा आकाश** (२०५७) गजल सङ्ग्रह उनको यसअघि प्रकाशित कृति हो । वर्तमानसम्म आइपुग्दा नेपाली साहित्यमा विभिन्न साहित्यकारले आ-आफ्नो रुचि, इच्छा र क्षमतानुसार अमूल्य योगदान दिएका थुप्रै उदाहरण हामी माझ छन् । यसैक्रममा पछिल्लो समय क्रियाशील स्रष्टा रामलाल जोशीले प्रस्तुत **ऐना** कथा सङ्ग्रहमा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा वसोबास गर्ने मानिसको जनजीवन, त्यहाँको आर्थिक, सामाजिक, ऐतिहासिक विषयवस्तुलाई जस्ताको तस्तै कथामा समावेश गरेका छन् ।

## १.२ शोध शीर्षक

यस शोधपत्रको शीर्षक **ऐना कथा सङ्ग्रहको कृतिपरक अध्ययन** रहेको छ ।

## १.३ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली विषयको दसौं पत्र (५१०-१) को प्रयोजनको लागि प्रस्तुत गरिएको छ ।

## १.४ समस्या कथन

साहित्यकार रामलाल जोशी क्रियाशील प्रतिभा हुन् । उनको प्रस्तुत ऐना कथा सङ्ग्रहको कथा तत्त्वका आधारमा विश्लेषण गर्नु यसको मुख्य समस्या हो । यससँग सम्बन्धित शोध प्रश्नहरू यस प्रकार छन् :

१. कथाकार रामलाल जोशीको व्यक्तित्व के कस्तो रहेको छ ?

२. कथाकार रामलाल जोशीका प्रवृत्तिगत विशेषताहरू के-के हुन् ?

३. कथा सिद्धान्तका आधारमा ऐना कथा सङ्ग्रहका कथाको अवस्था कस्तो रहेको छ ?

## १.५ अध्ययनको उद्देश्य

यस शोधपत्रको उद्देश्य ऐना कथासङ्ग्रहका कथालाई सैद्धान्तिक आधारमा विश्लेषण गर्नु र यस सङ्ग्रह भित्रका कथाको सबलता र दुर्बलताको पहिचान गरिएको छ । यसै सन्दर्भमा यस शोधपत्रका निम्नलिखित उद्देश्य रहेका छन् ।

१. कथाकार रामलाल जोशीको व्यक्तित्वको निरूपण गर्नु ।

२. कथाकार रामलाल जोशीका प्रवृत्तिगत विशेषताको पहिचान गर्नु ।

३. कथा सिद्धान्तका आधारमा ऐना कथासङ्ग्रहका कथाको अध्ययन र विश्लेषण गर्नु ।

## १.६ पूर्व कार्यको विवरण

ऐना कथा सङ्ग्रह भित्रका कथाले पश्चिम नेपालमा बसोबास गरेका मानिसको सजीव चित्र उतार्ने काम गरेको छ । यस सङ्ग्रहका कथाले त्यहाँ बसोबास गर्ने मानिसको सम्पूर्ण पक्षलाई समेट्ने काम गरेको छ । शोषण, कुरीति, महिला हिंसा आदि जस्ता विषयवस्तुलाई ऐना कथा सङ्ग्रहका माध्यमबाट कथाकारले देखाएका छन् । रामलाल जोशीले वास्तविक कथा, व्यथा समेटेर ऐना कथा सङ्ग्रह निर्माण गरी प्रकाशन गरेका हुन् । उनको कृति अध्ययन गरेपछि जो कसैका आँखा नरसाएको पाउन गाह्रो हुन्छ । विभिन्न पाठकले कृति पढेपछि आफ्नो विचार व्यक्त गरेका कुरा यसरी बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ :

- पश्चिम नेपालको जनजीवनलाई सशक्त ढङ्गले चित्रण गरिएको ऐना ग्रामीण जीवनको सशक्त वृत्तचित्र हो भनेर डा. तुलसीप्रसाद भट्टराईले टिप्पणी गरेका छन् (भट्टराई, २०७३ : भूमिका पृष्ठ) ।
- ऐना कथा पूरै पढेपछि पनि आँसु नचुहाउने पाठक या त ढुङ्गाको मुटु भएको हुनुपर्छ, या त मुटु नै नभएको हुनुपर्छ भनेर पूर्वमन्त्री रमेश लेखकले ठोकुवा गरेका छन् (लेखक, २०७३ : भूमिका पृष्ठ) ।

- भोक, शोक र वियोगको कथा, अवहेलना, उपेक्षा अनि आफ्नै समाज र लोकको कथा ऐना हेरेझैँ ऐनाका अक्षरमा ठिङ्ग उभिएको छ भन्दै शिवराज योगीले अन्नपूर्ण पोष्ट दैनिकमा आफ्नो विचार व्यक्त गरेका छन् (योगी, २०७३ : भूमिका पृष्ठ) ।
- वास्तवमा ऐना सङ्घर्षशील पश्चिम नेपालको समाज, पात्र, घटना र जनजीवनको वास्तविक ऐना हो भन्ने कुरामा आफ्नो मत व्यक्त गर्दछन् निशान्त खनाल, बाह्रखरी अनलाइनमा ।
- राजकुमार बानियाँले ऐना कथामा सुदूर पश्चिमका सुस्केरा र सुसेली छन् । एक्लिदै गएका मानिसका सन्ताप, सशस्त्र द्वन्द्वका बाछिटा, स्खलित हुँदै गएका मानवीय मूल्य अनि कहिल्यै नरित्तिने मातृत्वका महासागर छन् भनी आफ्नो राय प्रस्तुत गरेका छन् (बानियाँ, २०७३ : भूमिका पृष्ठ)।

कथाकार रामलाल जोशी नवप्रतिभा भएकाले उनको कथा कृतिमा प्रशस्त समीक्षा भएको पाइँदैन । उनको **ऐना** कथा सङ्ग्रह मदन पुरस्कारका लागि छनोट भएका उत्कृष्ट पुस्तकको सूची प्रकाशन अगाडिसम्म पाठकीय टिप्पणी पनि प्रकाशन भएको पाइँदैन भने समीक्षा कमै मात्रामा भएका छन् । उनको कथाकारितालाई समेट्ने गरी केही चर्चा परिचर्चा, समीक्षा भए तापनि ती चर्चाले मात्र उनको सम्पूर्ण कथाकारितालाई समेट्न सक्दैन । यी सतही रूपमा चर्चा गरिएका विषय मात्र हुन् ।

जोशीका कथागत प्रवृत्ति तथा उनका कथाले समेट्ने विषय वस्तुगत मान्यताका बारेमा केन्द्रित भएर उनका कथाको अध्ययन तथा विश्लेषण हुन सकेको छैन । त्यसैले कथागत प्रवृत्ति र विषय वस्तुगत मान्यताका आधारमा जोशीको **ऐना** कथा सङ्ग्रहको अध्ययन र विश्लेषण गर्नु आवश्यकता देखिन्छ । त्यसैले यस विषयमा शोध गर्न लागेको हुँ ।

## १.७ शोधकार्यको औचित्य र महत्त्व

साहित्यकार तथा समीक्षकका माथि उल्लेखित सन्दर्भ र पूर्वकार्यको समीक्षालाई हेर्दा नेपाली साहित्यको कथा विधामा कथाकार रामलाल जोशीले पश्चिम नेपालको नेपाली समाजमा भए गरेका वास्तविक घटनालाई कथाको विषयवस्तु बनाएका छन् । यस ऐना कथा प्रकाशनमा आइसकेपछि यस कथाकाबारेमा विभिन्न समीक्षकले टिका टिप्पणी गरेका आधारभूत कुरालाई माथि प्रस्ट पारिएको छ । तापनि यस कथा सङ्ग्रहमा समावेश कथाको अध्ययन, अनुसन्धान र विश्लेषण गरी सभ्य र आदर्श समाजको परिकल्पना गर्नु नै यस

शोधपत्रको मुख्य उद्देश्य रहेका हुनाले यसका बारेमा जान्न चाहने जो कोहीका लागि यो शोधपत्र उपयोगी बन्नेछ । त्यसैले शोधपत्रको महत्त्व र औचित्य स्वतः प्रष्ट हुन जान्छ ।

## १.८ शोधको क्षेत्र र सीमा

कथाकार रामलाल जोशीले लेखेको प्रथम कथा सङ्ग्रह ऐना कृतिमा समेटिएका कथाको कृतिपरक अध्ययन गर्नु यस शोध पत्रको क्षेत्र रहेको छ । रामलाल जोशीले लेखेका साहित्यका अन्य विधाहरू यहाँ अध्ययन सम्भव नदेखिएकाले ऐना कथा सङ्ग्रहको मात्र अध्ययन गर्नु यस शोधको क्षेत्र र सीमा रहेको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा सामग्री सङ्कलन मुलतः पुस्तकालय विधिबाट गरिएको छ । सामग्री विश्लेषण मुख्यतः आगमनात्मक र अंशत निगमनात्मक विधिद्वारा गरिएको छ ।

## १.१० शोधको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्न लिखित परिच्छेदमा विभाजन गरिएको छ :-

| | | |
|---|---|---|
| पहिलो अध्याय | - | शोधपत्रको परिचय |
| दोस्रो अध्याय | - | कथा सिद्धान्त र नेपाली कथा विकासक्रम |
| तेस्रो अध्याय | - | कथाकार रामलाल जोशीको परिचय र ऐना कथा सङ्ग्रहको विश्लेषण |
| चौथो अध्याय | - | निष्कर्ष |
| | | सन्दर्भ सूची । |

अध्याय : दुई

# कथासिद्धान्त र नेपाली कथाको विकासक्रम

## २.१ कथाको सैद्धान्तिक परिचय

मानव सभ्यताको विकास सँगसँगै सुन्ने-सुनाउने मौखिक परम्परामा कथा जन्मिएको हो । 'कथा' शब्द संस्कृत भाषाबाट आएको हो । यसको व्युत्पतिगत अर्थलाई हेर्दा 'कथ्' धातुमा 'अङ्' प्रत्यय लागेर 'कथ' शब्दको निर्माण भएपछि सोही शब्दमा 'टाप्' प्रत्यय लागेर 'कथा' शब्दको निर्माण हुन्छ । यसरी कथ् (अ+आ) को प्रक्रियाबाट कथा शब्दको निर्माण भएको हो (सुवेदी २०५१:१) । जसको शाब्दिक अर्थ कथिएको वा भनिएको हुन आउँछ ।

साहित्य एक भाषिक कला हो । जसका गद्य र पद्य गरी दुई रूप हुन्छन् । गद्यमा आख्यान, नाटक र निबन्ध पर्दछन् । निश्चित प्रकारको संरचनामा निषद्ध र सीमित आयाम भरिएको समय र स्थानभित्र विस्तारित विचार वा सङ्क्षिप्त आख्यानात्मक गद्य रूपलाई 'कथा' भनिन्छ (श्रेष्ठ र शर्मा, २०६४:६७) । यसरी हेर्दा कथा निश्चित समयमा पढ्न सकिने सीमित आकारको गद्य रूप हो । अन्य विधाको तुलनामा कथा जीवनसँग अत्यन्त सन्निकट सम्बन्ध भएको र अत्यधिक लोकप्रिय विधा हो (थापा, २०३६:१४४) । यो केटाकेटी, युवायुवती तथा बुढाबुढी सबैले मन पराउने अत्यन्त मनोरञ्जनात्मक विधा हो । पूर्व र पश्चिममा आदिकालमा विविध प्राचीन परम्परित कथाहरू प्रचलित भए पनि आधुनिक नेपाली कथा १९ औं शाताब्दीको पश्चिमी साहित्यबाट विकसित भएको हो । साहित्यका विविध विधामा कथा अत्यन्त लोकप्रिय विधा हो ।

## २.२ कथाको परिभाषा

कथालाई उत्पत्तिकालबाटै चिनाउने प्रयास गरिएको विभिन्न विद्वान्हरूले आ-आफ्नै तरिकाबाट यसलाई चिनाउने प्रयास गरेको पाइन्छ ।

- 'कथा भनेको यस्तो कथात्मक कृति हो, जुन छोटो हुनाले एक बसाइँमै पढेर सिध्याउन सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनाका निम्ति यो लेखिन्छ र यसरी प्रभाव जमाउन बाधा गर्ने सबै कुराहरू यसमा रहन दिइँदैन । यो आफैमा पूर्ण हुन्छ' एड्गर एलेन पो (श्रेष्ठ, २०५७:७) ।

- ‘पन्ध्रदेखि पचास मिनेटसम्ममा पढिसकिने कुतुहलपूर्ण कलात्मक आख्यान नै कथा हो’ एस्. जी. वेल्स (अवस्थी, २०५५:५) ।
- ‘कथाले अनन्तः एकै भाग चरित्र वा एउटै परिस्थितिबाट अद्‌भूत विभिन्न संवेगहरूको शृङ्खलासँग मात्र सरोकार राख्दछ’ ब्रेन्डर म्याथ्युज (श्रेष्ठ, २०५७:७) ।
- ‘कथा भनेको एउटा सचेत साहित्यिक प्रयास हो’ आर.के.लब्गु (आचार्य र बस्नेत, २०६३:३०४) ।
- ‘कथा यस्तो रचना हो जसमा जीवनको कुनै एक एक अङ्ग वा कुनै मनोभावलाई पदर्शन गर्नु नै लेखकको उद्देश्य भएको हुन्छ । यसको पात्र, शैली, कथा, विन्यास, सबैले त्यही भावको पुष्टि गर्दछन् । उपन्यासमा झैं यसमा मानव जीवनका सम्पूर्ण तथा बृहत् रूप देखाउने प्रयास गरिदैन । न त यसमा उपन्यासमा झैं रसको सम्मिश्रण रहेको हुन्छ । तर यो एउटा यस्तो रमणीय बगैंचा होइन जसमा थरिथरिका फूल बुट्टा सजिएको हुन्छ तर यो एउटा यस्तो गमला हो । जसमा एउटै मात्र बोटको माधुर्य समुन्नत रूपमा देखापर्दछ’ (श्रेष्ठ, २०६७ : ७) ।
- ‘छोटो किस्सा एउटा सानो आँखीझ्याल हो, जहाँबाट एउटा सानो संसार चियाइन्छ ..... थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बानी हो ....यो जत्तिको समाज सुधारक र मनुष्य उपर प्रभावकारी हुँदा अरू छँदै छैनकी भन्ने जस्तो लाग्दछ । यसैमा सबै रस निकाल्न सकिन्छ । यसमा कला छ । यसको ढङ्ग नाटकीय हुन्छ । चट्ट जीवनलाई एक दृश्यमा देख्न सकिने हुन्छ’ लक्ष्मीप्रसाद देवकोटा (श्रेष्ठ, २०६७: ८) ।
- ‘कुनै एक पात्रका जीवनको सङ्कटमय घटनालाई कलापूर्ण कृति लेख्नु नै कथा रचना हो’ (शर्मा, २०५९:३२)

यी माथिका विविध परिभाषाहरूको आधारमा निष्कर्षमा भन्नु पर्दा कथा छोटो समयमै पढ्न र बुझ्न सकिने जीवनको कुनै एक पक्षको चित्रण गरिएको सशक्त आख्यानात्मक गद्य रचना हो, जुन सङ्क्षिप्त भएर पनि आफैमा पूर्ण हुन्छ ।

## २.३ कथाको उत्पत्ति

### २.३.१ पूर्वीय मान्यता

मानव सभ्यताको विकाससँगै पूर्वमा कथा विकसित हुँदै आएको हो । पूर्वमा संस्कृत पद्यात्मक कृतिहरूमा प्रशस्त कथात्मकता पाउन सकिन्छ । त्यति बेलाका **ऋग्वेद, रामायण, महाभारत, पञ्चतन्त्र, हितोपदेश, बृहत् कथा** आदि कृतिहरूमा प्रशस्त कथात्मक अंश पाइन्छ । तिनीहरू कथा भनेर लेखिएका भने होइनन् ।

ऋग्वेदमा स्वाभाविक रूपमा काव्यात्मक कथा वर्णन पाइन्छ भने उपनिषद्हरूमा दार्शनिक कथा वर्णन पाइन्छ (शर्मा, २०५९ : १०३) । त्यस्तै **रामायण** र **महाभारत**का कथामा कथा विधाको वास्तविक आधार स्तम्भ यही कथा तत्त्व प्रचुर मात्रामा प्रस्फुटित पाइन्छ (शर्मा, २०५९: १०६) । यी कृतिहरू हदसम्म पनि कथा रचनाका आधार सामग्री मानिन्छन् । यी विविध मतहरू अनुसार संस्कृत साहित्यका विविध कृतिहरूमा कथात्मक अंश पाइए पनि खास आधुनिक स्वरूप पाइँदैन ।

### २.३.२ पाश्चात्य मान्यता

पाश्चात्य जगत्मा आख्यानको प्रारम्भ मिश्र देशका जादूगरका कथाहरूबाट भएको हो । जादूगरका कथापछि पश्चिमी आख्यान साहित्यको प्राचीन इतिहासमा यहुदीहरूको धर्म ग्रन्थ ओल्ड वेस्टामेन्ट क्रिस्तानहरूको धर्म ग्रन्थ न्यू टेस्टामेन्ट (बाइबल) ज्यादै महत्त्वपूर्ण मानिन्छ । साथै ग्रिस र रोमको **इसप नीति कथा,** एनियड होमरका **इलियड** र **ओडेसी** दाँतेको **डिवाइन कमेडी,** बोकास्सियोको **देवगमेरोन** पनि उत्तिकै प्रसिद्ध मानिएका छन् ।

लोककथालाई आधार बनाउँदै आधुनिक कथाले आफ्नो छुट्टै स्वरूप निर्धारण गरेको छ । विषयवस्तु समेट्ने कथाहरू लेखिदै कथालाई आधुनिक स्वरूप दिइएको हो । कथालाई अङ्ग्रेजीमा 'Short story' फ्रान्सेलीमा 'Novel' गुजरातीमा ‘नबलिका’ बङ्गालीमा ‘गल्फ’ हिन्दीमा ‘कहानी’ जस्ता शब्दले चिनिएको छ । आधुनिक कथा भने सानो किस्सा, कुथुङ्ग्री छोटो कथा हुँदै अन्त्यमा कथा शब्दले नै चिनिन्छ जसको अर्थ कुनै पनि कुरा कथ्नु वा बताउनु भन्ने हुन्छ ।

यसरी अमेरिकाबाट जन्मेको कथा विविध देशहरू र कथाकारहरू हुँदै आधुनिक कथाको विकास भएको देखिन्छ ।

## २.४ कथाका तत्त्वहरू

आधुनिक साहित्यको लोकप्रिय विधाका रूपमा कथालाई लिइन्छ । कथा आख्यान अन्तर्गतको महत्त्वपूर्ण विधा भएकाले आख्यान संरचनाका आवश्यक तत्त्वहरूको प्रयोग कथाको संरचनामा पनि हुने गर्दछ (बराल र घिमिरे, २०५७:३) । यसरी कथा बनाउनका लागि विविध उपकरणहरूको आवश्यकता पर्दछ । यसका आफ्नै विधागत अवयवहरू रहेका छन्, जुन व्यवस्थित र शृङ्खलित रूपमा प्रयोग हुनुपर्दछ । कथामा एउटामात्र तत्त्व कमी भए पनि यो पूर्ण हुन सक्दैन । कथाका तत्त्वलाई निम्नानुसार देखाउन सकिन्छ :-

क. कथानक वा कथावस्तु

ख. पात्र र चरित्र

ग. परिवेश

घ. भाषाशैली

ङ. दृष्टिविन्दु

च. उद्देश्य

### २.४.१ कथानक वा कथावस्तु

कथावस्तु कथाको अनिवार्य तत्त्व हो । यसका घटनाहरू कार्यकारण शृङ्खलामा आएका हुन्छन् । वास्तवमा कथावस्तु भन्नु नै स्वयम् कथाकारको विचार धारणा वा अनुभूतिको अभिव्यक्ति वा प्रस्तुति हो (श्रेष्ठ, २०५७ : ९) । कथामा सङ्क्षिप्तता तीव्रता जस्ता तत्त्व रहनु पर्दछ । समावेश गरिएका घटना, प्रसङ्ग, पात्र, संवाद आदिमा परिमितता आउनुपर्दछ, जसले गर्दा कथामा गद्यात्मकता र तीव्रताको स्थिति सिर्जना हुन्छ (थापा, २०३६:१४७) । यस्ता विविध कुराहरू समेट्ने कथानक कथाको मेरूदण्ड नै हो तर कथा एक योजनाबद्ध कार्यक्रम पनि हो ।

कथाकारले कथानकको निर्माणमा हरेक घटनालाई रहस्यमय ढङ्गमा सङ्गठित गर्दछ (गौतम, २०५४:५) । त्यसले गर्दा कथानक वा कथावस्तुले पाठकमा कौतूहलता जगाइदिन्छ । कथामा आदि, मध्य र अन्त्यको शृङ्खलायुक्त रैखिक तथा क्रम नमिलेको वृत्तकारी ढाँचाको कथानक पाइन्छ । यो एक बौद्धिक प्रक्रिया हो ।

कथा लेखनका लागि इतिहास, पुराण, साहित्य, कल्पना पत्रपत्रिका दैनिक जीवन सम्बद्ध घटनाहरू र विविध परिवेश वस्तु प्राप्तिका स्रोत मानिन्छन् । तापनि कथानक कुनै

मानव जीवनमा आधारित गहनतम घटनासँग सम्बद्ध रहनु पर्दछ (शर्मा, २०५९:६३) । कथामा कथाको स्रोत अथवा विषयवस्तु इतिहास, पुराण साहित्य, रागभाव, यथार्थ तथा स्वैरकल्पना आदिबाट लिन सकिन्छ । यी स्रोतमध्ये कुनै एक पक्षलाई पक्रेर वा एकभन्दा बढी स्रोत मिसाएर पनि कथानक तयार गर्न सकिन्छ । कथानक सरल, सहज र स्वभाविक हुनुपर्दछ । यस प्रकारको कथानक आधुनिक कथामा महत्त्वपूर्ण मानिन्छ तर वर्तमान समयमा कथालेखनमा कथानक ढाँचालाई भत्काएर कथानकको नगन्य रूप दिने प्रयत्न छ । परिणाम स्वरूप अकथाले प्रश्रय पाउँदै गएको छ तर पनि जस्तो सुकै कथामा पनि कथानक रहेकै हुन्छ ।

## २.४.२ पात्र र चरित्र

कथालाई अगाडि बढाउने कथाको महत्त्वपूर्ण अवयव पात्र हो । चरित्र नभएको पनि कथा हुन्छ भन्ने कल्पना गर्न सकिँदैन तर चरित्र मानव प्राणी नभई पशुपंक्षी र निर्जीव वस्तु पनि हुन सक्छन् (बराल, २०२९: ५३) । पात्र मानवीय तथा मानवेतर दुवै हुन सक्छन् । जुन, नैतिक विवेकशील तथा स्वाभाविक हुनुपर्छ । पात्रविना कथा नै अधुरो हुन्छ । पात्रले कथालाई उर्जा प्रदान गर्दछन् । कथामा पात्रको सम्बन्ध घटना, परिवेश, वातावरण, क्रियाव्यापार तथा द्वन्द्वसँग रहन्छ । पात्रका क्रियाकलापले कथामा द्वन्द्व सिर्जना गर्दछ र त्यसपछि कथाले गति लिन थाल्छ यसैले पात्रमा अभिप्रेरणा र एकरूपता जस्ता दुई तत्त्वहरू रहनु अत्यावश्यक मानिन्छ । कथाको सजीव अङ्गका रूपमा पात्रलाई लिइन्छ । पात्रको परिचालनबाट नै सम्पूर्ण कथा गतिशील बन्छ । कथामा पात्रहरू यति नै हुनुपर्छ भन्ने कुनै किटानी हुँदैन । कथा आफैमा पूर्ण गद्य विधा भएकाले पात्रको संयोजन पनि त्यत्तिकै किसिमले गर्नुपर्छ । कथामा पात्रलाई वर्गीकरण गर्ने निम्न आधारहरू हुन्छन् :

कार्यका आधारमा - मुख्यपात्र, सहायक पात्र र गौण पात्र

प्रवृत्तिका आधारमा - प्रतिकूल पात्र र अनुकूल पात्र

स्वाभावका आधारमा - वर्गगत र व्यक्तिगत पात्र

आसन्नताका आधारमा - मञ्चीय पात्र र नेपथ्य पात्र

आवद्धताका आधारमा - मुक्त पात्र र बद्ध पात्र

शैक्षिक, आर्थिक, उमेर, व्यक्तित्त्व आदि प्रशस्तै आधारमा कथामा प्रयुक्त पात्र मानवीय नै हुने गर्दछन् । कथामा प्रयोग गरिने पात्र स्वाभाविक र जीवन्त हुनुपर्दछ ।

परिस्थितिअनुसार चल्न सक्ने सजीव, यथार्थ, कलात्मक तथा नैतिक गुणले युक्त पात्र कथामा आवश्यक हुन्छ । यस्तो प्रकृतिका पात्र प्रयोग नगरेमा कथा फितलो हुन्छ । त्यसैले कथाकारले कथामा चरित्रलाई सावधानीपूर्वक उचित तवरले प्रयोग गर्नुपर्छ ।

### २.४.३ परिवेश

देश, काल र परिस्थितिको समष्टि रूपलाई परिवेश भनिन्छ । कथामा परिवेश अत्यन्त महत्त्वपूर्ण मानिन्छ । देश भन्नाले स्थान, काल भन्नाले समय र परिस्थिति भन्नाले वातावरणलाई बुझाउछ । कथामा वर्णीत घटना वा स्थिति विशेषको एउटा धरातल हुन्छ । जुन धरातललाई भौतिक र मानसिक धरातलका रूपमा लिइन्छ । हो त्यही धरातल नै देशकाल हो, जसलाई वातावरण भनिन्छ (आचार्य र बस्नेत, २०६३: ३१५) । कथावस्तुको विश्वसनियता र पात्रको सजीवताका निम्ति परिवेशको चित्रण अत्यावश्यक हुन्छ । देशकाललाई साधनका र साध्यका रूपमा प्रयोग गनुपर्दछ । कथामा परिवेश पात्रले गर्ने कार्य घट्ने घटनाको स्वरूप, स्थिति, स्थान र समय हो । कथामा पात्रको चरित्र स्पष्ट पार्नु र घटना र क्रिया व्यापारलाई प्रभावकारी बनाउनु परिवेशको महत्त्व रहेको हुन्छ । कथामा पात्रको व्यक्तित्व पारिवारिक पृष्ठभूमि, समाज, सामाजिक, परम्परा प्रकृति तथा ऋतु जस्ता विशेषतादेखि लिएर पात्रका क्रियाकलाप घट्ने पृष्ठभूमि, भाषा, भाषिका, व्यक्ति बोली आदि सारा कुरा परिवेशद्वारा प्रमाणित हुन्छ ।

कथामा मावन आन्तरिक तथा बाह्य र स्थानीय तथा आञ्चलिक परिवेशको चित्रण पाइन्छ । परिवेशको चित्रण विषय र प्रवृत्ति अनुसार भएको हुनुपर्दछ । कथाको गति बढाउन पाठकलाई यथार्थता बोध गराउन वा यथार्थको भ्रम उत्पन्न गराउन कथानकलाई विश्वसनीय बनाउनमा परिवेशको महत्त्वपूर्ण भूमिका हुन्छ । अतः कथामा परिवेशलाई अपरिहार्य तत्त्व भनिन्छ ।

### २.४.४ भाषाशैली

कुनै पनि भाव वा विचार अभिव्यक्त गर्ने माध्यम भाषा हो । भाषालाई अभिव्यक्त गर्ने ढङ्ग, ढाँचा वा तरिका शैली हो (थापा,२०३६: १५९) । त्यसैले कथाको विषयवस्तुलाई कलात्मक रूपमा प्रस्तुत गर्न भाषाशैली आवश्यक पर्दछ । भाषाशैली विना कथाकारले कथाको साकार रूप दिन सक्दैनन् । साहित्यको भाषा अलङ्कारिक हुन्छ । कथामा पात्रको

स्तर र विषयवस्तु अनुकूल सरल, सहज भाषाशैलीको प्रयोग गर्नुपर्छ । भाषा व्यक्ति हो, भने व्यक्तित्त्व शैली हो भन्दा फरक पर्दैन । शैली भन्नाले कथाको कलात्मक मूल्य बुझिन्छ, शैलीको चमत्कारीपनले कथा रोचक बन्छ । विषयवस्तु र शैली उच्चस्तरीय भयो भने कथा उत्कृष्ट बन्न जान्छ । कथामा भौतिक र मानवीय वातावरण अनुकूल भाषा शैलीहरूको प्रयोग गर्नु पर्दछ (आचार्य र बस्नेत, २०६३ः ३१५) । तर कथामा कथाकारले आफ्नै निजी शैली प्रयोग गरेको हुन्छ । शैलीलाई समयका आधारमा परम्परागत र आधुनिक, भाषाका आधारमा काव्यात्मक, वर्णनात्मक, व्याख्यात्मक र वैज्ञानिक गरी वर्गीकरण गर्न सकिन्छ ( ढुङ्गेल र दाहाल, २०६२:८) । कथामा कथाकार सफल भयो भने सरल विषयवस्तु पनि विशिष्ट प्रकारले प्रस्तुत गर्न सफल हुन्छन् त्यसैले कथामा भाषाशैलीलाई महत्त्वपूर्ण तत्त्व मानिन्छ ।

### २.४.५ दृष्टिविन्दु

कथामा कथावाचक उभिने ठाउँ दृष्टिविन्दु हो । यसलाई दृष्टिकोण, दृष्टिकेन्द्र, कथनपद्धति आदि विविध नामले चिनिन्छ । दृष्टिविन्दुको माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठकसामु पुऱ्याउँछ । कथाकार र पाठकवर्ग बीचको सम्बन्ध सूत्रको रूपमा यसले भूमिका खेलेको हुन्छ । कथामा कथा सुनाउने कथावाचक नै दृष्टिविन्दु पात्र हो । यसलाई सामान्यतया पात्र भनिन्छ ।

कथावस्तुलाई पाठक वर्गका निम्ति संवेद्य एवम् प्रेषणीय बनाउने भूमिका कथानात्मक दृष्टिविन्दुले खेल्दछ (श्रेष्ठ, २०६७ : ११) । दृष्टिविन्दु विना कथाकारले आफ्नो कथावस्तु बाहिर ल्याउन सक्दैनन् । दृष्टिविन्दु कथाको उत्कृष्टता मापक हो । त्यसैले दृष्टिविन्दुलाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ ।

क) आन्तरिक दृष्टिविन्दु

ख) बाह्य दृष्टिविन्दु

### क) आन्तरिक दृष्टिविन्दु

कथामा आन्तरिक दृष्टिविन्दुलाई प्रथमपुरुष दृष्टिविन्दु पनि भनिन्छ । यो कथामा ‘म’का रूपमा उपस्थित हुन्छ । यस दृष्टिविन्दुबाट कथित कथामा मुख्य पात्र रही कथा प्रस्तुत हुन्छ । आन्तरिक दृष्टिविन्दु पनि केन्द्रीय र परिधीय गरी दुई प्रकारका हुन्छन् ।

केन्द्रीय दृष्टिविन्दुमा स्वयम् कथाकार वा अरु कुनै पात्र म को रूपमा मुख्य पात्र रही कथा प्रस्तुत गर्ने गर्दछन् । परिधीय दृष्टिविन्दुमा कथाको कथयिता त्यसको पात्र त हुन्छ, तर केन्द्रीय घटना र चरित्रहरू भन्दा अलिकति टाढा बसेर कथा सुनाइरहेको हुन्छ ।

**ख) बाह्य दृष्टिविन्दु**

कथामा बाह्य दृष्टिविन्दुलाई तृतीय पुरुष दृष्टिविन्दु पनि भनिन्छ । यस प्रकृतिको दृष्टिविन्दु भएको कथा कथयिता नै सम्पूर्ण कुराको ज्ञाता हुन्छ र उसले घटना स्थलभन्दा बाहिर बसेर अरुका बारेमा टिप्पणी गर्दछ । यस प्रकृतिको दृष्टिविन्दुमा पनि सर्वदर्शी, सीमित र वस्तुपरक गरी तीन प्रकारमा वर्गीकरण गरिएको छ । सर्वदर्शी दृष्टिविन्दुमा कथाकारले प्रायः सबै पात्रका भावना प्रतिक्रिया विचार आदि समाविष्ट गर्दै ती पात्रहरूको आन्तरिक जीवनको चिनारी दिन्छ । सीमित दृष्टिविन्दुमा एक मात्र पात्रको मानसिक विचरण गराइएको हुँदैन ।

पात्रको निजी मानसिक बौद्धिक अवस्थालाई ध्यानमा राखी कुनै क्षण विशेषमा त्यस पात्रले अनुभूत गर्ने कुरा मनका प्रतिक्रिया विचार क्षमताको सीमा आदि पात्रको माध्यमबाट कथामा व्यक्त गर्ने क्षमता कथाकारका भएको हुनुपर्दछ (श्रेष्ठ, २०५७:११) । त्यसले दृष्टिविन्दु र पात्रको निकटताको सम्बन्ध रहेको हुन्छ तसर्थ कथामा दृष्टिविन्दुलाई महत्त्वपूर्ण तत्त्व मानिन्छ ।

## २.४.६ उद्देश्य

कथामा रहेको केन्द्रीय वा आधारभूत विचार नै उद्देश्य हो । सम्पूर्ण कथाको केन्द्रीय रूपमा रहेको लेखकीय अभिप्रायलाई बहन गर्ने मूलभूत तत्त्व नै उद्देश्य हो (शर्मा, २०५९ : ११२) । कथामा उद्देश्य अमूर्त रूपमा रहन्छ । कुनै पनि कथा कृति पढेर सकेपछि समग्रमा कुन भावार्थ वा अभिप्राय पाउन सकिन्छ, त्यो नै सारवस्तु हो । यसले लेखकको जीवनको दर्शनको भार वहन गरेको हुन्छ । कथाले छोड्ने निष्कर्ष नै उद्देश्य हो । उद्देश्यले कथाको स्वरूपमा एकान्विति प्रदान गर्दछ । उद्देश्यको आधार नै कथाकारले आफ्नो कथालाई गतिशील बनाएको हुन्छ । कथामा उद्देश्य केन्द्रमा रहने र अन्य तत्त्वहरू परिधीमा रहने गर्दछन् । प्राचीन कथाको उद्देश्य नीति उपदेश र मनोरञ्जन दिनु थियो तर, आधुनिक

कथाको उद्देश्य भनेको समाजको यथार्थ चित्रण, नीतिचेतना, सुधारवादी भावना मनका विभिन्न भावको वर्णन, सौन्दर्य पक्षको वर्णन गर्नु, आनन्द दिनु जस्ता आदि हुन सक्छन् ।

कथामा सारवस्तु मानव शरीरको रक्तसञ्चार प्रणाली झैं सर्वव्याप्त हुन्छ (श्रेष्ठ, २०५७: १२) । अतः यो कथाको सौन्दर्यात्मक तत्त्व हो । यसले मानव समाजका निम्ति नै विभिन्न भाव सञ्चार गर्दछ । कथामा उद्देश्यलाई कलात्मक रूपमा प्रस्तुत गर्नु पर्दछ । तसर्थ उद्देश्य कथाको महत्त्वपूर्ण आवश्यक र स्थूल तत्त्व हो ।

निष्कर्षमा भन्नु पर्दा कथा एक यौगिक रचना हो । जुन विभिन्न अवयवद्वारा सिङ्गो आकृतिको निर्माण हुन्छ । जसका लागि कथानक, पात्र, परिवेश, भाषाशैली, दृष्टिविन्दु, उद्देश्य जस्ता तत्त्व आवश्यक तथा महत्त्वपूर्ण मानिन्छ । यी तत्त्वमध्ये कुनै एकको कमी भएमा पनि कथा पूर्ण हुन सक्दैन । त्यसैले कथाको पूर्ण संरचना निर्माण गर्नका लागि यी तत्त्वको महत्त्वपूर्ण भूमिका रहन्छ ।

## २.५ कथाको वर्गीकरण

कुनै पनि कथा लेखनमा कथाकारको रुचि बेग्लाबेग्लै क्षेत्रमा हुन्छ । कथाकार अनुसार तिनीहरूको शैली तथा विचार फरक हुन्छ (बराल, २०६५: ९) । त्यसैले कथाको वर्गीकरण गर्ने क्रममा विभिन्न विद्वान्ले विभिन्न आधारमा वर्गीकरण गरेको पाइन्छ । कथालाई विषयवस्तुका आधारमा, तत्त्वका आधारमा, दृष्टिविन्दुका आधारमा, प्रवृत्तिका आधारमा र प्रभावका आधारमा वर्गीकरण गरिएको पाइन्छ । आधुनिक समयमा भने मोटामोटी रूपमा कथाको वर्गीकरण गरेको पाइन्छ । कथाका प्रकार छुट्टाउने मुख्य आधार निम्नानुसार रहेका छन् :

### २.५.१ विषयका आधारमा कथाको वर्गीकरण

कथा लेखनका लागि जीवन जगत्मा विविध विषय रहेका छन् । तिनै विषयमध्ये हरेक कथाकारले आ-आफ्नो रुचि अनुसार विषय क्षेत्र छनोट गर्छन् । कथाकारले आफ्नो रुचिअनुसार सामाजिक, ऐतिहासिक, पौराणिक तथा राजनीतिक विषयमध्ये कुनै एक पक्षलाई वर्णनको विषय बनाएका हुन्छन् ।

विषयका आधारमा कथाको वर्गीकरण यसरी गर्न सकिन्छ ।

क) सामाजिक कथा

ख) ऐतिहासिक कथा

ग) पौराणिक कथा

घ) राजनीतिक कथा

**क) सामाजिक कथा**

समाजका चालचलन, रीतिस्थिति, विकृति र त्यसका समस्या जस्ता विविध पक्षलाई जस्ताको त्यस्तै प्रस्तुत गरिएका कथालाई सामाजिक कथा भनिन्छ । यस्ता कथाले ग्रामीण तथा शहरी परिवेश समेटेको पाइन्छ । सामाजिक कथामा समाजका राम्रा तथा नराम्रा सबै पक्षको चित्रण गरिएको हुन्छ । समाजमा देखा पर्ने घटना यथार्थपरक ढङ्गले चित्रण हुनसक्दछ अथवा केवल भावुकताको मात्र अभिव्यक्ति पनि हुन सक्छ (श्रेष्ठ, २०५७: १४) । सामाजिक कथाकार विषयवस्तुको खोजमा इतिहास पुराणसम्म पनि नपुग्ने भने होइन ।

**ख) ऐतिहासिक कथा**

इतिहासमा घट्ने सत्यतथ्य घटनालाई आधार मानेर लेखिएका कथालाई ऐतिहासिक कथा भनिन्छ । यस्ता कथा यथार्थपरक हुन्छन् । ऐतिहासिक कथामा इतिहासमा घट्ने राम्रा तथा नराम्रा जस्तासुकै घटनालाई पनि विषयबद्ध गरिएको हुन्छ ।

**ग. पौराणिक कथा**

प्राचीन समयमा भन्ने र सुन्ने गर्दै आएका धर्मयुक्त पुराणमा विषयवस्तुलाई आधार मानेर रचना गरिएका कथा पनि पौराणिक कथा हुन् । पौराणिक कथामा काव्य धर्मको रागात्मकतासमेत प्राप्त गर्न सकिन्छ । यस्ता कथामा पुराना मानव सृष्टिकालदेखिका पौराणिक विषयहरू समावेश भएका हुन्छन् ।

**घ. राजनीतिक कथा**

राजनीतिक घटनाक्रमलाई आधार मानेर लेखिएका कथालाई राजनीति कथा भनिन्छ । यी कथामा सत्यतथ्य, राजनीतिक विषयवस्तु रहेका हुन्छन् । जुन घटनालाई यथार्थपरक रूपमा चित्रण गर्ने प्रयास गरिएको छ ।

उपयुक्त प्रमुख विषयगत आधारहरू बाहेक कथामा धार्मिक, दार्शनिक आञ्चलिक आदि जस्ता कथागत विषयसमेत पर्दछन् ।

### २.५.२ सिद्धान्तका आधारमा कथाको वर्गीकरण

कथाकारले कथा लेख्ने क्रममा विभिन्न सैद्धान्तिक आधार औंल्याउने गर्दछन् । ती मान्यताका आधारमा कथालाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ :-

**क) मनोवैज्ञानिक कथा**

सामान्य तथा असामान्य विविध अवस्थाका पात्रहरूको मानसिक समस्यालाई यथार्थपरक ढङ्गले विश्लेषण गरिएका कथालाई मनोवैज्ञानिक कथा भनिन्छ । यसले सधैं भित्र लुकेर रहने मानव जीवनको अरु नै अंशको विश्लेषण गर्दछ र उसका प्राकृतिक र सामाजिक अचेतन र चेतन तथा इयो र अहम् वृत्तिका मूल्यमान्यता बीच द्वन्द्व दृश्य प्रस्तुत गरी व्यक्तिलाई बुझ्ने र उसका मनोवैज्ञानिक रहस्यको उद्घाटन गर्ने प्रयत्न गर्दछ (शर्मा, २०५९: ९३) । यस्ता कथाको कथानक क्षीण हुन्छ । मनोवैज्ञानिक कथा चरित्रप्रधान हुन्छन् । मानसिक पीडाहरू, यौन असन्तुष्टिका विविध पक्षहरू तथा दमित मनोवृत्ति आदिको उद्घाटन गर्नु यस प्रवृत्तिका कथाको मूल ध्यय हो । मनोवैज्ञानिक कथा भित्र बालमनोवैज्ञानिक, यौनमनोवैज्ञानिक तथा अपराध मनोवैज्ञानिक आदि जस्ता कथा पर्दछन् । मानवीय मनोजगत्का विविध पक्षको उद्घाटन गर्ने कथालाई मनोवैज्ञानिक कथा भनिन्छ ।

**ख) प्रगतिवादी कथा**

सामन्त मनोवृत्तिको विरोध र सर्वहाराप्रति सहानुभूति देखाउँदै शोषण र अन्यायको चर्को विरोध गर्ने प्रवृत्ति भएका कथालाई प्रगतिवादी कथा भनिन्छ । यस्ता कथालाई समाजवादी कथा पनि भनिन्छ । सामन्त संस्कारको विरूद्ध चुनौतिपूर्ण रूपले उपस्थित भई आर्थिक समानता स्वतन्त्रताका पक्षमा वकालत गर्ने माक्सवादी चिन्तनले भरिएका कथा प्रगतिवादी कथा हुन् (बस्नेत र आचार्य, २०६३: ३२५) । प्रगतिवादी कथामा मार्क्सको द्वन्द्वात्मक भौतिकवादलाई आधार बनाएर विश्लेषण गर्ने प्रवृत्ति हुन्छ ।

**ग) अस्तित्ववादी कथा**

मानवजीवनका विस्ङगत तथा निस्सारतापूर्ण चिन्तनले भरिएका कथालाई अस्तित्ववादी कथा भनिन्छ । जीवनको निरासावादी पक्षको पृष्ठभूमिमा मानसिक जीजिविषा, बाध्यता, सङ्घर्षशीलता र अन्तमा पराजयको तितो स्थितिलाई कथाकारले मुख्य विषयका रूपमा लिएका हुन्छन् (श्रेष्ठ २०५७ : १५) । विकृति विसङ्गतिको चापमा पनि अस्तित्वको खोजी गरिएको हुन्छ मानिस जस्तो सुकै सफल भएपनि र दुःखमा जेलिए पनि आफ्नो अस्तित्वको खोजी गर्दछ । अनि निस्सार र निरर्थक जीवनलाई स्वीकार्न बाध्य भएको हुनु अस्तित्ववादी कथाको विशेषता हो ।

**घ) यथार्थवादी कथा**

मानवीय जीवनमा घट्ने यथार्थपूर्ण घटनालाई प्रस्तुत गरिएको कथालाई यथार्थवादी कथा भनिन्छ । यस रीतिअनुसार लेखिएका कथाहरूमा आदर्शवाद, भावुकता तथा आत्मपरक दृष्टिलाई वर्जित गरी वस्तुपरक दृष्टिलाई स्वीकार गरिएको हुन्छ (श्रेष्ठ, २०६७ : १५) । यस्ता कथामा कथावस्तु र पात्रहरूलाई सामाजिक सत्यसँगै राखेर हेरिन्छ । जसको प्रस्तुति प्रत्यक्ष शैलीमा गरिन्छ ।

**ङ) स्वच्छन्दतावादी कथा**

यथार्थवादको विपरित आत्मपरक शैली अँगाल्ने र भावुकतापूर्ण सौन्दर्यभावलाई समेट्ने कथालाई स्वच्छन्दतावादी कथा भनिन्छ । कल्पना र सपनाको संसारमा पाठकलाई विचरण गराउँदै भावुकतापूर्ण अभिव्यक्तिको स्वाद चखाउने लक्ष्य कथाकारको रहेको हुन्छ (श्रेष्ठ, २०५७: १५) । यस्ता कथा लेख्ने कथाकार बढी मात्रामा प्रकृतिमै रमाउने गर्दछन् र कथामा विशेष प्रकृतिलाई नै कथाको विषयवस्तु बनाएको हुन्छ ।

**च) प्रयोगवादी कथा**

प्रचलित परम्परागत शैलीभन्दा फरक नवीन शिल्प चमत्कारपूर्ण तरिकाले लेखिएका कथा प्रयोगवादी कथा हुन् । यस्ता कथामा व्याकरण नियमलाई भाँचिन्छ । वैयक्तिक लेखनलाई प्राथमिकता दिइन्छ । नयाँ मान्यताप्रति आग्रह राख्दै विशेषतः दृश्यात्मक प्रभावको आशा राखेर विसङ्गतिपूर्ण शैलीप्रति रुचि राख्नु प्रयोगवादी कथाको इरादा हो (श्रेष्ठ, २०५७

: १५) । उपयुक्त प्रमुख सैद्धान्तिक आधारहरू बाहेक कथामा समसामयिक, प्रकृतवादी, अतियथार्थवादी आदि कुरा पर्दछन् ।

### २.५.३ रीति वा शैलीका आधारमा कथाको वर्गीकरण

कथाकारले कथा लेख्दा अपनाउने ढङ्ग, ढाँचा, शैली प्रणाली तरिकाले रीति भनिन्छ । कथाकारले कथा लेखन गर्दा एउटै विषयलाई पनि विविध रीति तथा शैलीमा प्रस्तुत गर्न सक्छ (श्रेष्ठ, २०५७ : १६) । रीति वा शैलीका आधारमा कथालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :-

क) घटना प्रधान कथा

ख) चरित्रचित्रण प्रधान कथा

ग) विचार प्रधान कथा

**क) घटना प्रधान कथा**

कुनै पनि घटनालाई प्रमुख विषय बनाएर कथा लेखिन्छ । यस्ता कथामा घटनाको उत्तरोउत्तर शृङ्खला हुन्छ । कथाको प्रत्येक संरचनात्मक एकाइमा द्वन्द्व तथा क्रियाव्यापार अथवा पात्र र घटनाको अन्योन्य क्रिया भई घटनाको क्रमिक विकास चरमोत्कर्षतिर हुने प्रक्रिया रहने भएकोले कुनै न कुनै कथामा घटनाको उतारचढाव शृङ्खला हुने गर्दछ (श्रेष्ठ, २०५७ : १६) । यस्तो कथामा पाठलाई भन्दा घटनालाई प्रमुखता दिइन्छ । दृश्यविधाको बहुलता हुनु यस्ता कथाको विशेषता तथा मौलिकता हो ।

**ख) चरित्रचित्रण प्रधान**

कथामा पात्रलाई प्रमुख महत्त्व दिएर लेखिएका कथा चरित्र प्रधान कथा हुन् । घटनाको नाटकीकरणद्वारा कुनै पात्रको वास्तविक स्वभाव, रुचि, विशेषता, तथा अभिवृत्तिको चित्रण गर्ने अभिप्राय नै यस्ता खाले कथाको मुख्य विशेषता हो (श्रेष्ठ, २०५७ : १६) । प्रायः मनोवैज्ञानिक कथा चरित्रप्रधान हुने गर्दछ ।

**ग) विचार प्रधान**

जीवनजगत्लाई आलोचनात्मक ढङ्गबाट हेरेर कथाकारले आफ्नो विचार प्रस्तुत गर्दछ । यसमा घटना तथा पात्रलाई समावेश गरी कथाकारले आफ्नो चिन्तन गर्दछ । यदि

कथा अग्रणीकरण पनि हुन जान्छ । भावुकता शून्य गहन चिन्तनमा आधारित जटिल प्रकृतिको कथावस्तु विचार प्रधान कथामा पाउन सकिन्छ ।

उपर्युक्त प्रमुख शैलीगत आधार बाहेक कथामा पत्रात्मक शैली, डायरी शैली, वर्णनात्मक शैली जस्ता कथाका प्रकार समावेश भएका हुन्छन् ।

## २.६ नेपाली कथाको विकासक्रम

नेपाली कथाको प्रारम्भ कहाँबाट के कसरी भयो भनी किटान साथ भन्न गाह्रो भए पनि आदिकालदेखि नै कथा भन्दै सुन्दै आएको पाइन्छ । यसको इतिहास सवा दुई सय वर्ष जतिको भएको देखिन्छ (श्रेष्ठ, २०६७ : १८) । लोक जीवनमा पुस्तैपुस्तादेखि मौखिक तथा अलिखित रूपमा प्रचलित हुँदै आएको कथाको जगका रूपमा लोककथा, घाँटु, दन्त्यकथा, सोरठी, गाउँखाने कथा आदिलाई लिन सकिन्छ । यी विधामा आख्यान तत्त्वको प्रबलता रहेको पाइन्छ तर, नेपाली साहित्यमा कथापरम्पराको इतिहास हेर्दा भारतीय संस्कृतिलाई सम्भनु पर्दछ । जुन पूर्वमा ऋग्वेद, ब्राम्मण, ग्रन्थ र उपनिषदले प्राचीन कथा परम्पराको इतिहास प्रारम्भ गरेका छन् । लौकिक संस्कृत साहित्यमा रामायण र महाभारतले तथा पञ्चतन्त्र, हितोपदेश, बौद्ध जातक कथाहरूले कथा परम्पराको विकासमा योगदान गरेका छन् ।

नेपाली इतिहासले पौराणिक काल, अनुश्रूतिकाल, लिच्छवी काल, मल्लकाल र आदिकाल गरी कथाको पृष्ठभूमि अध्ययन गर्ने जमर्को गरेको पाइन्छ । तापनि नेपाली कथाको इतिहासमा लौकिक, पौराणिक, धार्मिक, जातक तथा नीति कथाहरू भन्ने र सुन्ने परम्परा रहे पनि लिखित रूपमा भने कथा प्राप्त गर्न सकिएको थिएन । नेपाल एकीकरणको अभियानले नेपाली भाषालाई अनौपचारिक रूप नै भए पनि राष्ट्रभाषाको घोषणा गरेपछि नेपाली साहित्यमा विविध विधालाई लेख्य रूप दिन थालेको हो । लिखित रूपलाई हेर्दा नेपाली भाषाको पहिलो कथात्मक कृति शक्ति बल्लभ अर्यालयको **महाभारत** विराट पर्व (१८२७) देखिन आउँछ (श्रेष्ठ र शर्मा, २०६४: ७१) । यस कृतिलाई लिखित तथा प्रमाणिक आख्यान रूप मानिन्छ । यही बिन्दुलाई हेर्दा नेपाली कथाले दुई शताब्दी लामो समय पार गरिसकेको छ । यसरी अगाडि बढेको कथा विधाले विभिन्न मोड तथा घुम्तीहरू पार गरेको छ ।

कथाको काल विभाजनमा स्रष्टा, कृति पत्र-पत्रिकाको प्रकाशन, राजनीतिक गतिविधि आदिले प्रभावित पारेको पाइन्छ । नेपाली आख्यानको बीज रूप भने शक्तिबल्लभ अर्यालको **महाभारत विराट पर्व**लाई नै मानिन्छ । नेपाली साहित्यको काल विभाजन गर्ने क्रममा विविध मतमतान्तर भए पनि ऐतिहासिक आधारलाई ध्यानमा राखी नेपाली कथाको समग्र काल विभाजन यसरी गर्न सकिन्छ ।

क) प्रारम्भिक काल (वि.स. १८२७ देखि १९५७ सम्म)

ख) माध्यमिक काल (वि.स. १९५८ देखि १९९१ सम्म)

ग) आधुनिक काल (वि.स. १९९२ देखि हालसम्म) (श्रेष्ठ र शर्मा, २०६४ : ७४) ।

### २.६.१ प्रारम्भिक काल (वि.सं. १८२७-१९५७ सम्म)

वि.सं. १८२७ मा शक्तिवल्लभ अर्यालको 'महाभारत विराटपर्व' को अनुवादलाई नै आख्यानको प्रथम औपचारिक गद्य कृति मानिन्छ । यसै कृतिबाट नै नेपाली कथाले लेख्य रूप ग्रहण गरेको हो । माध्यमिक काल र आधुनिक कालको पृष्ठभूमिका रूपमा रहेको प्रारम्भिक कालले १३० वर्षको समयावधि ओगटेको छ । यस कालखण्डमा अधिकांश रचनाहरूमा संस्कृतबाट अनुदित रूप पाइन्छ । त्यस बाहेक हिन्दी, उर्दू, फारसी, अङ्ग्रेजी जस्ता भाषाबाट पनि अनुवाद गरिएको पाइन्छ । यस समयमा कथामा हुनुपर्ने सम्पूर्ण तत्त्वहरू समावेश नरहे पनि आख्यानात्मक बीज प्राप्त गर्न सकिन्छ ।

नेपाली कथाको प्रकृति हेर्दा **महाभारत, रामायण, हितोपदेश, स्वस्थानी व्रतकथा, श्रीमद्भागवत् र विभिन्न पुराणका साथै सिहासन बत्तिसी, बेताल पच्चिसी, बहत्तरी सुगाको कथा** जस्ता कथा आख्यानले नेपाली विद्वान्लाई ठूलो प्रभाव पारेको पाइन्छ (श्रेष्ठ, २०५७: २०) । यस कालखण्डमा विविध भाषाबाट अनूदित कृतिमा सेराम पुरको **बाइबल**, त्यस्तै भारतीय भाषाबाट अनुदित कृतिमा **मुन्सीका तीन आहान**, **वीरबलका चातुरी** आदि रहेका छन् । प्रारम्भिक कालका कथामा विधागत सचेतना पाइदैन । यस कालका कथाकार, कथाकार नभई अनुवादक हुन् । नीति शिक्षाको भण्डार संस्कृत रहनु, धार्मिक प्रेरणा जगाउनु, मनोरञ्जनका लागि कथा लेखिनु अनुस्यूति मूलक कथा पाइन्छ । कथामा घटना र पात्रको बाहुल्यता रहनु अतिभावुकता, मानवेतर शक्तिको चित्रण, पथमिश्रण कथाले खास संरचना प्राप्त गर्न नसक्नु, आदर्श तथा भाग्यवादमा महत्त्व राख्नु अनुवादमा सीमित रहनु,

मौलिकताको अभाव रहनु जस्ता महत्त्वपूर्ण विशेषताहरू यस कालखण्डमा प्राप्त गर्न सकिन्छ ।

यसरी ऐतिहासिक दृष्टिले यस कालको विकासक्रममा त्यति धेरै गतिशिलता आएको नपाइए तापनि प्रारम्भिक जग भने सार्थक रूपले नै बसेको देखिन्छ (श्रेष्ठ, २०५७: २१) ।

### २.६.२ माध्यमिक काल (वि.सं. १९५८-१९९१ सम्म)

१९५८ सालमा प्रकाशित **गोरखापत्र**को प्रकाशनसँगै नेपाली कथाको माध्यमिक कालको शुरुवात हुन्छ । साथै १९९२ सालको **शारदा** पत्रिकाको प्रकाशनपूर्वको समय कायम रहन्छ । यस समयका कथाहरू पत्रिकासँग सम्बन्धित भए । गोरखापत्रको प्रकाशनले हिजोको पाण्डुलिपि युगलाई प्रकाशनको अवसर प्रदान गऱ्यो । त्यसैले गोरखापत्र प्राथमिक काल र माध्यमिक कालको कोसेढुङ्गा साबित भयो ।

माध्यमिक कालका कथामा लेखकहरू सचेत भई विधागत सचेतना आउनुका साथै मौलिकतापूर्ण रचनामा प्रेरित हुन थाले । नेपाल भित्र र नेपाल बाहिरबाट प्रकाशित पत्रपत्रिकाले कथा लेखनमा उत्तेजना बनाएका छन् । गोरखापत्रका अतिरिक्त **गोर्खे खबर कागज** (१९५८), **सुन्दरी** (१९६३), **माधवी** (१९६५), **गोर्खाली** (१९७२), **चन्द्र** (१९७२), **चन्द्रिका** (१९७४), **जन्मभूमि** (१९७९), **गोर्खा संसार** (१९८३), आदि कथाको विकासका लागि महत्त्वपूर्ण पत्रिकाका रूपमा लिन सकिन्छ । किनकि गोरखापत्रबाट कथा प्रकाशन हुन थालेपछि विभिन्न पत्रिकाहरूले कथाको प्रकाशन तथा विकासमा महत्त्वपूर्ण सहयोग गरेको पाइन्छ ।

यस कालमा आएर कथाले विस्तारै आफ्नो स्वरूप प्राप्त गर्न थालेको पाइन्छ । अनुवाद प्रवृत्ति ओझेलमा पर्दै गएको र मौलिकताले स्थान पाउँदै गएको पाइन्छ । साथै नेपाली कथाले सामाजिक चिन्तनसमेत ग्रहण गर्न थालेको पाइन्छ । यस समय अवधिका प्रकाशित कथाहरूमा **प्राचीन प्रपञ्च** (१९६२), **भूतलीला** (१९६३), **गला** (१९६५), **माला** (१९६८), **सुकुन गुण्डाको कहानी** (१९६९), **स्वर्गको साँचो** (१९७१), **हीराको औँठी** (१९७२), **अशिक्षित जानकी** (१९७२), **बदला** (१९७६), **कर्मको फल** (१९७८), **एक विचित्रको जासुसी** (१९७१), **हस्सी** (१९६२), **उट्पट्याङ्** (१९५९), सूर्यविक्रम ज्ञवालीको **देवीको बली** (१९८३), अन्नपूर्ण (१९८४), **करनीको फल** (१९८६) आदिलाई महत्त्वपूर्ण कृति मानिन्छ । माध्यमिक कालको शुरुतिरका कथामा धार्मिक, पौराणिक, नैतिक, मनोरञ्जनात्मक जासूसी आदि

विषयमा देखिएका कथा पाइन्छन् । यसका आन्तरिक कथामा सामाजिक खराबी र त्यसका परिणामको गम्भीरतापूर्वक विश्लेषण गरिएको पाइन्छ । साथै, उपदेशात्मक तथा मौलिकतापूर्ण कृति रचना गरी आधुनिकताको सङ्केत गरेको पाइन्छ ।

यस कालका प्रमुख प्रवृत्तिमा अनुवादबाट मुक्त हुने प्रयत्न, मौलिकतापूर्ण लेखनमा जोड, नैतिकता, मनोरञ्जनात्मकता, उपदेशात्मकता, सामाजिकता जस्ता पक्ष समेट्नु, जीवनको आदर्श पक्षको वर्णन गरिनु, मानव पक्षलाई जोड दिनु, कथा लेखन समाजतर्फ केन्द्रित हुन थाल्नु, विधागत सचेतता आउनु आधुनिक कथामा उपयुक्त पृष्ठभूमिको निर्माण गर्नु आदि रहेका छन् ।

### २.६.३ नेपाली कथाको आधुनिक काल (वि.सं. १९९२ देखि हालसम्म)

आधुनिक शब्दको अर्थ वर्तमान समयको हालसालको अथवा नयाँ भन्ने हुन्छ । नेपाली कथाको आधुनिककाल १९९२ साल जेठमा **शारदा** पत्रिकामा प्रकाशित गुरूप्रसाद मैनालीको **नासो** कथाबाट प्रारम्भ भएको पाइन्छ । यो नयाँ परम्परा स्थापना भएको करिब आठ दशक मात्र पुगेको छ । यस समयका विभिन्न राजनीतिक परिवर्तनले पनि कथामा गति आएको हो । नेपालीमा सजग र सैद्धान्तिक कथाको थालनी भने १९९२ सालको नासो कथाबाट भएको छ (शर्मा, २०३५ : २३७) । आधुनिक कालमा आएर मात्र कथामा कलात्मक शिल्प सचेतना पाइन्छ । केन्द्रमा यथार्थवादलाई र त्यसपछि परिधीय स्थितिमा क्रमशः राजनीतिक सामाजिक चेतनाको जागरण, लेखन पद्धतिको निकासमा यन्त्र युगप्रति बढी सचेतता, आधुनिक सञ्चारमाध्यमप्रति तीव्र सोच तथा स्वआर्जित शिल्प सौन्दर्यप्रति अनुष्ठान आदिलाई पाउन सकिन्छ (श्रेष्ठ र शर्मा, २०६४ : ८१) । समग्रमा यथार्थवादका लक्षणमा कथालाई गद्यमा लेखिनु, यथार्थको चित्रण गर्नु, अति मानवीय चरित्रको बहिष्कार गर्नु, बौद्धिक चिन्तनयुक्त कथा लेख्नु, कथामा दृश्यात्मक पद्धति अंगाल्नु आदि रहेका छन् ।

आधुनिक नेपाली कथाको अध्ययन गर्ने क्रममा सहजताका लागि विभिन्न चिन्तकहरूले विभन्नि युग तथा धारागत रूपमा वर्गीकरण गर्ने गरेको पाइन्छ जुन निम्नानुसार छन् ।

**१. यथार्थवादी धारा (१९९२-२०१९)**

क. सामाजिक यथार्थवादी धारा  ख. मनोवैज्ञानिक यथार्थवादी धारा

ग. समाजवादी, प्रगतिवादी यथार्थवादी धारा

**२. नवचेतनावादी युग (वि.सं. २०२० देखि २०३९)**

**३. समसामयिक युग (वि.सं. २०४० देखि हालसम्म)**

### २.६.३.१ यथार्थवादी धारा (१९९२-२०१९)

आधुनिक नेपाली कथामा १९९२ सालमा शारदा पत्रिकाको प्रकाशनसँगै यथार्थवादी धाराको थालनी भएको हो । नेपाली कथामा डार्विन, मार्क्स तथा फ्रायडबाट प्रभावित कथाकारका कथाले यथार्थवाद विकास गरेका हुन् । सामाजिक जीवनमा घट्ने यथार्थपूर्ण घटनालाई जस्ताको तस्तै प्रस्तुत गर्नु यथार्थवादको भूमिका हो । यथार्थवादी धारालाई पनि सामाजिक यथार्थवादी, मनोवैज्ञानिक यथार्थवादी र समाजवादी प्रगतिवादी, मनोवैज्ञानिक यथार्थवादी गरी तीन उपधारामा वर्गीकरण गरी निम्नानुसार अध्ययन गर्न सकिन्छ ।

### क. सामाजिक यथार्थवादी धारा

माध्यमिक कालित जासुसी, तिलस्मी, उपदेशात्मक कथा परम्पराको अन्त्य गर्दै १९९२ सालको **शारदा** पत्रिकामा प्रकाशित गुरूप्रसाद मैनालीको **नासो** कथाबाट सामाजिक यथार्थवादी धाराको शुरुवात भएको हो । मैनालीको यथार्थवादी दृष्टिकोणको विस्तार आदर्शवादसम्म भएको हुँदा आदर्शोन्मुख यथार्थवाद उनको मूल प्रवृत्ति भएको छ । नेपाली समाज मूलतः हिन्दू संस्कृतिबाट प्रभावित भएको र सांस्कृतिक मूल्यले पनि सहिष्णुता, धैर्य, क्षमादान, परोपकार आदिमा अत्याधिक विश्वास गरेको हुँदा यी सबै कुराबाट परेको प्रभावस्वरूप यथार्थवादी नेपाली कथामा आदर्शको पुट रहन गएको हो (श्रेष्ठ र शर्मा, २०६४ : ८३) ।

यस्तै गरेर यस धारामा समाजमा रहेका मूल्य मान्यतालाई जस्ताको तस्तै चित्रण गर्ने सामाजिक यथार्थवादी प्रवृत्ति रहेको छ । यस धाराका मुख्य कथाकारमा इन्द्र सुन्दास, हृदयचन्द्रसिंह प्रधान, पूर्णदास श्रेष्ठ, कृष्णबम मल्ल, पुष्कर शमशेर, रूपनारायण सिंह, शिवकुमार राई, दौलत विक्रम विष्ट, शंकर कोइराला, रमेश विकल, लीलाबहादुर क्षत्री आदि रहेका छन् । सामाजिक कुप्रथाले सङ्कीर्ण रुढी तथा अन्धविश्वासको विरोध, नारी वर्गका कारुणिकताको यथार्थपरक चित्रण तथा सहानुभूति प्रदान, ग्रामिण, सामाजिक, आर्थिक, सांस्कृतिक पक्षहरूको यथार्थपरक चित्रण गर्नु आदि यस धाराका महत्त्वपूर्ण प्रवृत्ति हुन् ।

**ख. मनोवैज्ञानिक यथार्थवादी धारा**

वास्तवमा आन्तरिक मनलाई आधार बनाएर यथार्थ अङ्कल गर्नु नै मनोवैज्ञानिक यथार्थ हो (आचार्य र बस्नेत, २०६३ : ३४८) । नेपाली कथाको आधुनिक काललाई सशक्तता दिने काम यसै धारामा भएको पाइन्छ । यस धाराका थालनीकर्ता विश्वेश्वरप्रसाद कोइराला हुन् । १९९२ सालको शारदा पत्रिकामा कोइरालाको चन्द्रवदन कथा प्रकाशित भएपछि यस धाराको औपचारिक रूपमा सुत्रपात भएको हो । कोइराला, चेखब गोर्की, फ्रायड आदिबाट प्रभावित हुँदै यस धारा भित्रिएको पाइन्छ । फ्रायडवादका अनुसारमा उनले यौन मनोविश्लेषणलाई अंगालेर यसका विविध आमुखिकाको चित्रण जीवन्त रूपमा गरे (श्रेष्ठ, २०५७ : २७) । यस धारामा विविध कथाकारले बालबनोविज्ञान, यौनमनोविज्ञान, अपराधमनोविज्ञानलाई विश्लेषण गर्ने काम भएको छ । यस धाराका कथाकारमा विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु, गोविन्दबहादुर मल्ल गोठाले, प्रेमा शाह, पोषण पाण्डे, कुमार नेपाल आदि रहेका छन् । मानिसका सम्पूर्ण जीवनका यौनजन्य, कुष्ठा, नैराश्य, आक्रोश, असन्तोष, विकृति आदिलाई अचेतन मनसँग दाँजेर हेर्नु, बाल तथा अपराध मनोविज्ञानको चित्रण गर्नु, पात्रको आन्तरिक यथार्थको चित्रण गर्नु जस्ता विशेषता यस धारामा पाउन सकिन्छ ।

**ग. सामाजिक, प्रगतिवादी यथार्थवादी धारा**

आधुनिक नेपाली कथाको इतिहासमा प्रगतिवादको प्रारम्भ रमेश विकलको **गरीब** (२०६०) कथाबाट भएको मानिन्छ (शर्मा, २०५९ : १९) । नेपाली कथामा प्रगतिवादी कथा लेखनका प्रयास त १९९२ सालबाटै हुन थालेका हुन् । तर राणा शासनका कारण स्पष्टरूपमा कथाकारहरू बाहिर आउन नसकेको पाइन्छ । २००७ सालको क्रान्तिपछिको राजनीतिक परिवर्तनको प्रभाव भने प्रगतिवादी समाजवादी धाराको विकासमा सहजता ल्याएको पाइन्छ । यो वाद कार्लमार्क्सको द्वन्द्वात्मक भौतिकवादबाट प्रभावित छ । जुन २००७ सालदेखि २०१७ सालसम्म सक्रिय रूपमा रहेको पाइन्छ ।

समाजवादी यथार्थवादी धारालाई गतिशील बनाउन श्यामप्रसाद शर्मा जेलमा रहेर पनि **जनसाहित्य मण्डल** नामक सङ्घ खोले त्यसपछि यस धाराका **जनयुग** (२००९), **जनविकास** (२०१०), **जनसाहित्य** (२०१०), **साहित्य** (२०१६) आदि पत्रिकाको महत्त्वपूर्ण भूमिका रह्यो । यस धाराको प्रमुख उद्देश्य भनेको धनी तथा सम्भ्रान्त वर्गले विपन्न

वर्गमाथि गर्ने अत्याचार, दमन, अनैतिक व्यवहारलाई नग्न रूपमा चित्रण गर्दै क्रान्तिकारी स्वर प्रस्तुत गर्नु हो । यस धाराका कथाकारमा डी.पी. अधिकारी, भवानी घिमिरे, पारिजात, ताना शर्मा, खगेन्द्र सङ्ग्रौला, मञ्जुल, ऋषिराम बराल आदि पर्दछन् ।

गरीब वर्गको दयनीय अवस्थाको चित्रण गर्नु, आर्थिक असन्तुलनको विरोध, असहायप्रति सहानुभूति, सामन्त मनोवृत्तिको भण्डाफोर, धनी वर्गको राक्षसी प्रवृत्तिप्रति घृणा, समाजलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिबाट हेर्दै वर्गहिन व्यवस्थामा लैजाने आदर्शको अनुशरण आदि जस्ता प्रवृत्ति समाजवादी धारामा रहेका छन् ।

### २.६.३.२ नवचेतनावादी युग (वि.सं. २०२० देखि २०३९ सम्म)

आधुनिक नेपाली कथा परम्पराको इतिहासमा २०२० सालदेखि नवचेतनावादी धाराले प्रवेश गरेको हो । परम्परागत कथा लेखन शैलीका विरुद्ध नेपाली कथामा नवीनताको खोजी गर्ने क्रममा यस युगको जन्म भएको हो । जसको औपचारिक प्रारम्भ २०२० सालमा भएको आयामेली आन्दोलनलाई लिन सकिन्छ । यस बाहेक **राल्फा आन्दोलन** (२०२३), **अस्वीकार जमात** (२०२५), **अमलेख** (२०२६) **बुटपालिस** (२०३०) **तरलवाद** जस्ता आन्दोलनले नवचेतनावादी कथा लेखनमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । नवीन विषयको यात्रा क्रममा यसले कथाको संरचनालाई भिन्न तुल्याई दिएर पाठक वर्गको चेतना, संवेग र बौद्धिकतालाई छुने प्रयास गरेको छ (श्रेष्ठ, २०५७ : ३०) । यस धारामा कथाको विशृङ्खलता, कथानकहिन कथा, बहुकर्ता अकथा, विद्यामिश्रित कथा, बौद्धिकतापूर्ण कथा लेखनका अवधारणा विपरित भएको पाइन्छ । नवचेतनावाद, निस्सारतावाद वा अस्तित्ववादको खुला सीमाभित्र बाँधिएको छ (श्रेष्ठ, २०५७ : २७) ।

नवचेतनावादी युगका कथाकारमा परशु प्रधान, ध्रुवचन्द्र गौतम, पारिजात, भगीरथी श्रेष्ठ, अनिता तुलाधर, मोहनराज शर्मा, गोपाल पराजुली, अशेष मल्ल, सीता पाण्डे, भाउपन्थी, मनु ब्राजाकी आदि पर्दछन् । यस युगमा आयामेली स्वैरकल्पनात्मक लेखनको प्रयोग गर्नु, अकथात्मकता, नवसंरचनापूर्ण, विद्यागत विघटन, वृत्तकारी ढाँचा कथानकमा मिश्रितता, पात्रको अल्पमतको चित्रण, नवीन भाषिक अभिव्यक्ति वा व्याकरणको खोज, दृष्यात्मक तथा संक्षेप पद्धतिको अनौठो मिश्रण, अनुभूतिको तत्क्षण अभिव्यक्ति अकथा कथानकहीन कथा लेखन, अन्य विधाको औपचारिक मिश्रण, प्राक सन्दर्भ, बिम्बप्रतीक तथा

व्यङ्ग्य प्रयोगको बहुल्यता, विषयवस्तुलाई विश्वजनीत बनाउने प्रयत्न आदि जस्ता प्रवृत्ति पाउन सकिन्छ ।

### २.६.३.३ समसामयिक युग २०४० देखि हालसम्म

आधुनिक नेपाली कथा परम्पराको थालनी १९९२ सालमा शारदा पत्रिकामा प्रकाशित गुरूप्रसाद मैनालीको नासो कथाबाट भएको हो । जसले आदर्शोन्मुख सामाजिक यथार्थवादी धाराको प्रारम्भ गऱ्यो । त्यसपछि विशेश्वरप्रसाद कोइरालाको १९९२ सालमै शारदामा प्रकाशित **चन्द्रवदन** कथाले यौन मनोवैज्ञानिक धाराको शुरुवात गऱ्यो । त्यसपछि २००६ सालमा रमेश विकलको **गरीब** कथाले प्रगतिवादी धाराको शुरुआत गऱ्यो । २०२० सालपछिको समय भने फेरि बग्दै-बग्दै गयो । त्यस समयमा समसामयिक धारालाई अंगालेर कथाकारले कथा लेख्न थाले । खासगरी चालिसको दशकपछि कथा लेख्न आरम्भ गर्ने नवप्रतिभामा अनुक्रमराज, अमर शाह, गोविन्द वर्तमान, देविका तिमिल्सिना, नयनराज पाण्डे, महेशविक्रम शाह, राजेन्द्र पराजुली, रोशन थापा निरव, लोकेन्द्र शाह, शंकर कुमार आदिको कथा लेखनले समकालिन नेपाली कथा गतिमान् बनेको छ (शर्मा, २०६७ : ९१) ।

कथा लेखनको उपर्युक्त परम्परालाई आत्मसाथ गरी आफ्नो कथा यात्रा शुरु गर्ने आधुनिक कथाकार रामराज जोशीले २०७३ सालका ऐना कथा सङ्ग्रह प्रकाशन गरी आधुनिक नेपाली कथाका क्षेत्रमा प्रवेश गरेका छन् । नेपाली कथाको समसामयिक धाराका एक सशक्त प्रतिभाका रूपमा चिनिन् सफल जोशी कथाको क्षेत्रमा एक नवप्रतिभाको रूपमा देखा परेका छन् । ऐना कथा रामलाल जोशीको पहिलो कथा सङ्ग्रह हो । उनलाई यस कथा सङ्ग्रह प्रकाशन गरेवापत अनेकौं सङ्घसंस्थाले विभिन्न समयमा सम्मान गरेका छन् । यसैगरी २०७३ सालको मदन पुरस्कारबाट जोशी सम्मानित भएका छन् ।

खास गरीकन रामलाल जोशीले नेपालको सुदूरपश्चिम विकास क्षेत्रमा बसोबास गर्ने मानिसको गरीबी, छट्पटी, अभाव, सीमान्तकृतहरूको पीडा, महिला हिंसा, उच्च र धनी वर्गले सर्वसाधारण र निम्न वर्गलाई गरेको अन्याय, अत्याचार, दमन यस्तै सामाजिक कुरीति, अन्धविश्वास आदिजस्ता सामाजिक विषयवस्तुको समावेश गरी कथा रचना गरेका छन् । पछिल्लो समयमा उनका कथाले समसामयिक धारालाई दरिलो रूपमा आत्मसात गरेको पाइन्छ ।

## २.७ निष्कर्ष

कथा आधुनिक साहित्यको लोकप्रिय एवम् नवीन विधा हो । पूर्व र पश्चिममा कथाको उत्पत्तिका सम्बन्धमा विविध चर्चा परिचर्चा भएका छन् तर एकमत भने पाइँदैन । आधुनिक नेपाली कथाको विकासमा भने पाश्चात्य साहित्यको महत्त्वपूर्ण देन रहेको छ । १९ औं शताब्दीमा पश्चिमी साहित्यमा मिसिएको पाइन्छ । कथाको परिभाषाको सम्बन्धमा पनि विद्वान्हरू बीच एकमत पाइँदैन । कथा छोटो समयमा पढ्न सकिने, जीवनको कुनै एक पक्षको चित्रण गरिएको आख्यानात्मक गद्य रूप हो । यो कुनै प्रभाव छोड्न सक्ने, कथात्मकतायुक्त स्वयंमा पूर्ण मनोरञ्जनात्मक विधा हो । यो एक आख्यानात्मक विधा भएकोले यसको सम्बन्ध उपन्यास, निबन्ध, जीवनी आदिजस्ता विधाहरूसँग पनि रहेको हुन्छ । यी विधा बीच कथासँग केही समानता रहे पनि आ-आफ्ना छुट्टाछुट्टै पहिचान हुने हुनाले भिन्नता पनि हुन्छन् । त्यस्तै कथा तत्त्वका सम्बन्धमा पनि फरक-फरक मत रहेको पाइन्छ । विद्वान्हरूको मतलाई आधार मानी महत्त्वपूर्ण तत्त्वहरू कथानक, पात्र, परिवेश, भाषाशैली, दृष्टिविन्दु र उद्देश्यको चर्चा गरिएको छ । अध्ययन कार्यलाई सरल बनाउनका लागि कथालाई विषयवस्तु सिद्धान्त र शैलीका आधारमा वर्गीकरण गरिएको छ ।

शक्तिबल्लभ अर्यालद्वारा अनुदित **महाभारत विराटपर्व,** (१८२८) लाई नै आख्यानको प्रथम लोक औपचारिक गद्य कृति मानिन्छ । यस कृतिबाट नै कथाको प्रारम्भिक काल शुरु भयो भने माध्यमिक कालचाहिँ १९५८ सालको **गोरखापत्र**सँगै शुरु भएको पाइन्छ । यही कालमा गोरखापत्रलगायत एक दर्जन पत्रिकाले कथाको प्रकाशन र विकासमा महत्त्वपूर्ण योगदान गरेको पाइन्छ । आधुनिककाल पूर्वका कथा कृतिहरू कथा तत्त्वका दृष्टिले त्यति महत्त्वपूर्ण नभए पनि आधुनिक कालका पृष्ठभूमिका रूपमा भने आएका छन् । १९९२ सालको **शारदा** पत्रिकमा प्रकाशित गुरूप्रसाद मैनालीको **नासो** कथाले आधुनिकतामा पाइला टेक्यो । यस कथामा गुरूप्रसाद मैनालीले सामाजिक विषयवस्तु समेटे पनि आदर्शतालाई भने त्याग्न सकेका छैनन् ।

आधुनिक नेपाली कथाको अध्ययनलाई सहज बनाउन विविध धारा तथा युगमा विभाजन गरिएको छ । कथाका तीन युगहरू मध्ये १९९२ सालबाट कथाको यथार्थवादी युगको शुरुवात हुन्छ । यस समयमा सामाजिक यथार्थवादी, मनोवैज्ञानिक यथार्थवादी तथा प्रगतिवादी यथार्थवादी धारा रहेका छन् भने २०३० सालको आयामेली आन्दोलनबाट नवचेतनावादी युगको शुरुवात हुन्छ । राल्फा, बुटपालिस जस्ता विविध आन्दोलनले यस

युगमा अकथा, कथा विधा मिश्रण, विधा विघटन, वृतकारी ढाँचा आदिजस्ता नवीन पक्षहरू देखा परेका छन् । २०४० सालको दशकपछि भने कथाले समसामयिक युगमा प्रवेश गऱ्यो । विभिन्न राजनीतिक अवस्था झेल्दै अगाडि बढेको यस युगमा विनिर्माणवाद, मनोवैज्ञानिकता, नारीवाद अस्ति-विसङ्गतिवाद, वैज्ञानिकता आदिजस्ता प्रवृत्तिहरू रहेको पाइन्छ ।

आधुनिक नेपाली कथाको समसामयिक धारामा महत्त्वपूर्ण योगदान पुऱ्याउने रामलाल जोशीको कथा यात्रा २०७३ सालमा ऐना कथा सङ्ग्रह प्रकाशन भएबाट शुरु भएको हो । उनी यहीबाट नेपाली कथाको आधुनिक कथा जगत्मा देखा परेका हुन् । उनको यस कथा सङ्ग्रह पहिलो कथा सङ्ग्रह हो । यस भन्दा अगाडि पनि जोशीले छिटपुट रूपमा कथा लेखेको जानकारी पाइन्छ । ऐना कथा सङ्ग्रह प्रकाशन गरेवापत उनले मदन पुरस्कार प्राप्त गरेका छन् । सामाजिक, आर्थिक, राजनीतिक र समसामायिक विषयवस्तुलाई आधार मानेर लेखिएका उनका कथामा अन्याय, अत्याचार, महिला हिंसा, कुरीति, विसङ्गति रुढीवादी परम्परा, असमनता आदि विकृतिप्रति आक्रोश पोखेर कथा रचना गर्ने जोशीले आधुनिक नेपाली कथाको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् ।

## अध्याय तीन

# कथाकार रामलाल जोशीको परिचय र ऐना कथा सङ्ग्रहको विश्लेषण

### ३.१ रामलाल जोशीको परिचय

रामलाल जोशीको जन्म २०३१ साल फाल्गुन १७ गते डोटी जिल्लाको कोटीला भन्ने ठाउँमा माता तुलसादेवी जोशी र पिता हरिभक्त जोशीको कोखबाट भएको हो । जोशी हाल धनगढी-५ हसनपुरमा एक छोरा र एक छोरीसहितको परिवारमा बसेर पत्रकारिता, साहित्य र शिक्षण पेसालाई अगाडि बढाइरहेका छन् । कक्षा ४ मा अध्ययन गर्दागर्दै साहित्य लेखनतिर लाग्ने हौंसला आफ्नै बाबुबाट भएको हो । २०५० सालमा **चरित्र** शीर्षकको कविता रचना गरी **सौगात** पत्रिकामा प्रकाशन भएको पाइन्छ (शोध नायकबाट प्राप्त जानकारी) । त्यसपछि २०५२ सालदेखि निरन्तर रूपमा फुटकर कविता, कथा, निबन्ध, गजल, मुक्तक आदि रचना गरी प्रकाशन गरेको देखिन्छ ।

विद्यार्थी साहित्य प्रतिष्ठानको अध्यक्ष, सुदूर पश्चिमाञ्चल साहित्य समाज, नेपाली लेखक सङ्घलगायतका विभिन्न सङ्घ संस्थामा क्रियाशील रहँदै आएका जोशीसँग **सौगात, कोपिला, युग पुकार, सुरभी**लगायतका पत्रिका सम्पादन गरेको अनुभवसमेत छ । २०५२ सालबाट सक्रिय रूपमा गजल, मुक्तक, कविता, कथा लेखनमा लागेको जोशीले २०५७ सालमा **हत्केलामा आकाश** गजल सङ्ग्रह प्रकाशन गरेका छन् । उनले विभिन्न समयमा विभिन्न साहित्यिक लेखरचना प्रकाशन गर्दै आएको पाइन्छ । साहित्यका विविध क्षेत्रमा लागि परेका जोशीले २०७२ सालमा **ऐना** कथा सङ्ग्रह प्रकाशन गरेका हुन् ।

उनले यस कथा सङ्ग्रहमा पश्चिम नेपालमा बसोबास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, राजनीतिक विषयवस्तुलाई समेटेर यो कथा सङ्ग्रह निर्माण गरेका हुन् । त्यस्तै गरी **ऐना** कथा सङ्ग्रहमा सामाजिक कुरीति, खराब चालचलन, यौनदुराचार, यौनहिंसा, महिलाहिंसा, रुढिवादी परम्परा आदिलाई विषयवस्तुका रूपमा लिएको छ । ठूलावडा, टाठाबाठा र उच्च वर्ग भनाउँदाहरूले गरीब, असाहारा, वेसहाराहरूलाई गरेको व्यवहार पनि यस सङ्ग्रहमा प्रस्तुत गरिएको छ । माथि उल्लेख गरिएका कुराहरूलाई कथाकार रामलाल जोशीले ऐना हेरे झैं छर्लङ्ग आफ्नो कृतिमा उल्लेख गरेका छन् । पश्चिम नेपालका बारेमा यतिधेरै चिन्तन र मनन गरी ऐना कथा सङ्ग्रह प्रकाशन गरे वापत उनलाई विभिन्न सङ्घ

संस्थाले सम्मान गरेका छन् । विद्यार्थी साहित्य पुरस्कार, गजल रत्न साहित्य पुरस्कार, पहलमानसिंह स्वाँर पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कारलगायतका पुरस्कारबाट विभूषित जोशीले मदन पुरस्कारसमेत प्राप्त गरेका छन् । प्रस्तुत शोधपत्रमा उनै जोशीको ऐना कथाको कृतिपरक अध्ययन र विश्लेषण गरिएको छ ।

## ३.२ कथाकार रामलाल जोशीका प्रवृत्तिगत विशेषता

आधुनिक नेपाली कथाको क्षेत्रमा देखा परेका रामलाल जोशीले समाजका वास्तविक र यथार्थ घटनालाई आफ्ना कथाका माध्यमबाट बाहिर ल्याएका छन् । ऐना कथा सङ्ग्रह उनको पहिलो कृति भए तापनि यसले पूर्णता पाएको कुरा पाठक वर्गले अनुभूत गरेका छन् । ऐना कथा सङ्ग्रहमा रामलाल जोशीले नेपाली समाजको सुदूर पश्चिमाञ्चल क्षेत्रमा बसोबास गर्ने मानिसको सामाजिक, आर्थिक, राजनीतिक अवस्थालाई मध्यनजर राखेर सत्यतथ्य कथा लेखेका छन् । प्रस्तुत ऐना कथा सङ्ग्रहमा मानिसका पीडा, दुःख, अन्याय, अत्याचार, शोषण, सामाजिक आर्थिक विसङ्गतिका बारेमा प्रष्ट पार्ने काम गरिएको छ । गरीबी पछौटेपन र अन्य कारणले मान्छे कसरी दुखित बन्छ ? भन्ने कुरालाई कथाकारले देखाउन खोजेका छन् । वास्तविक नेपाली समाजको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षका बारेमा उल्लेख गरिएकाले उनलाई सामाजिक यथार्थवादी कथाकारका रूपमा लिन सकिन्छ ।

कथाकार रामलाल जोशीलाई मनोवैज्ञानिक कथाकारका रूपमा पनि तुलना गर्न सकिन्छ । त्यसमा पनि बालमनोविज्ञान र यौनमनोविज्ञानसँग सम्बन्धित कथाहरू बढी जोड दिएर लेखेको पाइन्छ । बालबालिका स्वभावगत रूपमै चञ्चले स्वभावका हुन्छन् । उनीहरूले गरेका काममा कसैले बाधा गर्‍यो भन्ने आक्रोशित बन्छन् भन्ने कुरा देखाइएको छ । त्यस्तैगरी यौनमनोविज्ञानलाई आफ्ना कथामा प्रभावकारी रूपले देखाएका छन् । यौनलाई समयमै नियन्त्रण गर्न सकिएन भने यसले विकराल समस्या उत्पन्न गराउँछ भन्ने कुरा दर्शाइएको छ । समाजमा यौन दुराचार बढ्दै जाने हो भने यसले नकारात्मक प्रभाव पार्छ । त्यसैले यसप्रति सबै जना सजग भई नियन्त्रण गर्नु पर्छ भन्ने कुरा उल्लेख गरिएको छ । त्यस्तै रामलाल जोशीलाई राजनीतिक कथाकारका रूपमा पनि चिनाउन सकिन्छ । राज्यको पहुँचभन्दा टाढा रहेका पश्चिमेलीहरूले आधारभूत आवश्यकतालाई समेत प्राप्त गर्न सकिरहेका छैनन् । त्यसैले आर्थिक अवस्थालाई सुधार गर्नका लागि त्यहाँका युवायुवती

रोजगारका लागि भारतको विभिन्न सहरमा गएको पाइन्छ । राज्यका प्रतिनिधिले पनि त्यस ठाउँका वास्तविक समस्या समाधान गर्न नसक्दा यस्तो अवस्था देखा परेको हो । केन्द्रबाटै विकेन्द्रीकरण गरी विकासका कार्यक्रमहरू तीव्ररूपमा ल्याई बेरोजगारी समस्याहरूलाई निर्मूल पार्नु पर्ने देखिन्छ ।

उनले सरल भाषाशैलीको प्रयोग गरेर कथा रचना गरेको पाइन्छ । स्थानीय स्तरमा बोलिने भाषिकाको प्रयोग गरिएको छ । त्यस्तै सीमान्तकृत जातिहरूले बोलिने भाषाको पनि कथामा उल्लेख गरिएको छ । सरल भाषाशैली र सत्यतथ्य घटना समेटेर कथा लेखिएको हुनाले कथा पढ्दै जाँदा पाठकको मनमा जिज्ञासा र कौतूहलता उत्पन्न हुने देखिन्छ । जसले गर्दा पाठक वर्गले भन्न खोजेको कुरा सजिलै बुझ्न सक्छन् ।

वास्तवमा भन्ने हो भने कयौं मान्छेको जीवनमा पुगीसरी नआउँदा आफ्नो पेट पाल्न र लालाबालालाई हुर्काउनको लागि कुल्ली, ज्यामी र विदेश जान बाध्य हुन्छन् । आ-आफ्नो जीवनको उर्जा शक्ति प्रदेशमा बेच्छन् र बाँकी जीवन आफ्नै स्वदेशमा आएर बिताएको प्रसङ्गलाई यस सङ्ग्रहमा प्रस्तुत गरिएको छ । टाठाबाठा तथा धनीसामन्तले गरीब र तल्लो जातका मान्छेलाई कसरी अन्याय तथा शोषण गर्छन् । कसरी उनहरूलाई नारकीय जीवन बाँच्न बाध्य पार्छन् भन्ने कुरालाई कथाकारले उल्लेख गरेका छन् । अझै पनि यस्ता अभाव र समस्यासँग सङ्घर्ष खेल्नुपर्ने बाध्यतालाई सरकारी पक्षले कुनै पनि नजर नलगाएको कुरालाई कथाकारले देखाएका छन् ।

अज्ञानता, अशिक्षा र जनचेतनाको अभावका कारणले गर्दा आफूलाई परेको पीडा सम्बन्धित निकायमा गएर व्यक्त गर्न नसक्ने नेपालीको चित्रण कथामा गरिएको छ । नेपाल र नेपालीको परिचय गराउन समाजमा भएको कुरीति, कुसस्कार र विकृतिलाई जरैबाट उखेलेर सभ्य, स्वस्थ र आदर्श समाज निर्माणको अपेक्षा गर्नु यस सङ्ग्रहको मुख्य उद्देश्य हो । कथाकारले सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा बसोबास गर्ने मानिसको जीवन चित्रण आर्थिक, सामाजिक र राजनीतिक पक्षलाई आफ्ना कथामा समेटेका छन् ।

कथाकार जोशीले कथामा विभिन्न स्थान विशेष अनुसार पात्रको चयन गरी कथा रचना गरेका छन् । रुढीवादी परम्परामा जेलिएका त्यस क्षेत्रका मानिसको जीवन शैली र वस्तुस्थितिका बारेमा अहिलेसम्म कसैले पनि त्यस रूपमा चासो नदेखाएको अवस्थामा जोशीको योगदान अमूल्य रहेको छ । राजनीतिक अस्थिरता, रुढीवादी परम्परा, अज्ञानता आदिका कारणले यस क्षेत्रमा विकासले गति नलिएको ठहर कथाकारको छ । शिक्षा र

सचेतनाको कमीले गर्दा त्यहाँका मानिसले अन्याय, अत्याचार र अन्य समस्या भोग्न बाध्य भएको कुरा कथामा उल्लेख गरिएको छ । जबसम्म समाजमा जनचेतना फैलिदैन, रुढीवादी परम्पराको अन्त्य हुँदैन, कडा रूपमा नीति नियम र कानूनको लागू गरिदैन तबसम्म कुनै पनि देशमा शान्ति र विकास आउँदैन भन्ने कुरा सशक्त रूपमा उल्लेख गरिएको छ । कथाकार जोशीले सुदूर पश्चिम क्षेत्रमा बसेर त्यहाँका सम्पूर्ण नेपालीको जीवन शैलीलाई विभिन्न कोणबाट देखाएका छन् । कथामा मूल समस्याका रूपमा भोक, शोक, पीडा, दुःख, अभाव साथै महिलाहिंसा र यौनदुराचारलाई  देखाइएको छ । उनले सत्य घटनालाई कथाका मुख्य विषयवस्तु बनाएर कथा लेखेका हुनाले एक पटक कथा पढ्ने पाठकका आँखाबाट आँसु बग्छ । यसरी रामलाल जोशीको यस कथा सङ्ग्रहमा नेपाली समाजको विद्यमान गरीबी, अभाव, अन्धविश्वास जस्ता पक्षको चित्रण गरेको पाइन्छ ।

कथाकार रामलाल जोशीले समाजका यथार्थ घटनालाई आफ्ना कथाका माध्यमबाट बाहिर ल्याउन सफल भएका छन् । ऐना कथा उनको पहिलो कथा भए तापनि यस कथाले पूर्णता पाएको कुरा पाठक वर्गले अनुभूत गरेका छन् । ऐना कथामा रामलाल जोशीले नेपाली समाजको सुदूरपश्चिम क्षेत्रमा बसोबास गर्ने मानिसको सामाजिक, आर्थिक, राजनीतिक अवस्थालाई मध्यनजर गरेर सत्यतथ्य कथा लेखेका छन् । उनको प्रस्तुत कथामा मान्छेका पीडा, दुःख, अन्याय, अत्याचार, सामाजिक, आर्थिक विसङ्गतिको बारेमा खुला रूपमा प्रष्ट पार्ने काम जोशीले गरेका छन् । गरीबी पछौटेपन र अन्य कारणले गर्दा मान्छे कसरी मर्माहत बन्छ भन्ने कुरालाई पनि कथाकारले देखाउन खोजेका छन् । वास्तवमा भन्ने हो भने, कयौं मान्छेको जीवनमा सबै कुरा पुगीसरी नआउँदा आफ्नो पेट पाल्न र लालाबालालाई हुर्काउनका लागि कुल्ली, ज्यामी पेशा गर्न बाध्य हुन्छन् । आफ्नो जीवनको उर्जा शक्ति परदेशमा बेच्छन् र बाँकी जीवन आफ्नै गाउँ ठाउँमा आएर बिताएको प्रसङ्गलाई यस कथामा प्रस्तुत गरिएको छ । टाठाबाठा तथा धनी सामन्तले गरीब र तल्लो जातका मान्छेलाई कसरी अत्याचार गर्दछन्, कसरी उनलाई नारकीय जीवन बिताउन बाध्य पार्दछन् भन्ने कुरालाई कथाकारले देखाएका छन् । अझै पनि यस्तो अभाव र विविध समस्यासँग पैंठेजोरी खेल्नुपर्ने बाध्यतालाई सरकारी पक्षले नजर नलगाएको कुरालाई कथाकारले देखाएका छन् ।

अज्ञानता, अशिक्षा र जनचेतनाको कमीले गर्दा आफूलाई परेको पीडा सम्बन्धित निकायमा गएर व्यक्त गर्न नसक्ने नेपालीको चित्रण कथामा गरिएको छ । आदर्श समाजको

निर्माण गर्न, सबल नेपाल र नेपालीको परिचय गराउन समाजमा भएका कुरीति, कुसंस्कार, खराब विचारलाई जरैबाट उखेल्न आवश्यक हुन्छ । कथाकारले सुदूरपश्चिमाञ्चल क्षेत्रमा बसोबास गर्ने मानिसको जीवनको चित्रण, आर्थिक, सामाजिक र राजनीतिक पक्षलाईसमेत समेट्ने काम गरेका छन् ।

कथाकार जोशीले कथामा स्थान विशेषअनुसार फरक तवरले स्थानीयस्तरबाटै पात्रको चयन गरेका छन् । रुढिवादी परम्परा मौलाएको त्यस क्षेत्रमा मानिसको जीवनशैली, चालचलन र वस्तुस्थितिका बारेमा अहिलेसम्म नेपाल सरकारलगायत कुनै पनि व्यक्तिले चासो नदिएको अवस्थामा जोशीको योगदान अमूल्य रहेको छ । कथा भावुकतामा डुबेर पनि लेख्न सकिन्छ तर देखेको र भोगेको अवस्थालाई उनले कथावस्तुकै माध्यमबाट अगाडि बढाएका छन् । गरीब र तल्लो जातका मानिसलाई उपल्लो र धनी वर्गले कसरी फसाउछन् र आफ्नो कमारो कसरी बनाएर राख्छन् भन्ने कुरालाई कथाकारले पर्दा कथाको माध्यमबाट प्रष्ट पारेका छन् । राजनीतिक, अस्थिरता, सामाजिक मूल्य मान्यता, रुढिवादी परम्परा, अज्ञानता आदि कारणले गर्दा यस क्षेत्रमा विकासले गति नलिएको भन्ने ठहर कथाकारको रहेको छ । शिक्षा र सचेतनाको कमीले गर्दा त्यहाँका मानिसले अन्याय, अत्याचार र अन्य समस्या भोग्न बाध्य भएका छन् । त्यस्तै गरी माओवादी द्वन्द्वकालले निम्त्याएको कहाली लाग्दो घटनाले पनि सबैलाई मर्माहत बनाएको घटनालाई कथाकारले आगिंक रूपमा प्रस्तुत गरेका छन् । सामाजिक, सांस्कृतिक तथा रीतिरिवाजलाई पनि कथाकारले व्यक्त गरेका छन् । जबसम्म समाजमा जनचेतना फैलिँदैन, रुढिवादी परम्पराको अन्त्य हुँदैन, कडा नीतिनियम र कानून लागू गरिदैंन तबसम्म कुनै पनि देशमा बसोबास गर्ने मान्छेले शान्ति र विकासको श्वास फेर्न पाउँदैनन् भन्ने कुरा पापीघाट कथाका माध्यमबाट देखाएका छन् ।

उनका कथाको प्रवृत्ति हेर्दा उनी मनोविज्ञानसँग पनि नजिकिएको पाइन्छ । उनका कथामा सामाजिकता र आञ्चलिकताको विशेष प्रभाव पाइन्छ । स्थानीयस्तरकै पात्रलाई चयन गरी उनीहरूकै गतिशीलतामा कथावस्तुलाई अगाडि बढाइएको छ । कथामा प्रशस्त स्थानीय भाषिका र उपभाषिकाको सफल रूपमा प्रयोग छ । व्यक्ति विशेषको फरक मनोवैज्ञानिकतालाई देखाइएको छ । उनले सत्य घटनालाई नै कथाको विषयवस्तु बनाएर कथा लेखेको हुनाले एकचोटी कथा पढ्ने पाठकका आँखामा आँसु आउछ । नेपाली कथाको विकासक्रममा उनका कथाले आदर्श र सभ्य समाज निर्माणका लागि योगदान पुऱ्याएको आकलन गर्न सकिन्छ ।

## ३.३ ऐना कथा सङ्ग्रह भित्रका कथाको कृतिपरक विश्लेषण

कथाकार रामलाल जोशीको कथा यात्राको प्रथम कथा सङ्ग्रह ऐना २०७२ सालमा प्रकाशन भएको कृति हो । यसमा जोशीले १९ वटा कथा समावेश गरेका छन् । सोही कृति भित्रका कथाको कृतिपरक अध्ययन एवम् विश्लेषण छुट्टाछुट्टै शीर्षकमा निम्नानुसार गरिएको छ ।

### ३.३.१ 'खेल' कथाको विश्लेषण

कथाकार रामलाल जोशीले 'खेल' कथामा बाल्यवस्था र युवा अवस्थामा आफूले भोगेका र देखेका कुरालाई खेलका रूपमा देखाएका छन् । बाल्यवस्थादेखि युवावस्था पार गरिसक्दा जीवनमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा अनुभव गरिएको कुरालाई यस कथामा देखाइएको छ । कथाको घटनाक्रम अनुसार रूपाको बाबा बम्बै गएको हुन्छ । त्यस्तैगरी म पात्रको बाबा पनि बम्बैमा गएको हुन्छ । अभाव र गरीबीले गर्दा रोजगारीको सिलसिलामा अधिकांश युवा भारतको प्रमुख शहर बम्बै जानुपर्ने बाध्यता हुन्छ । यस कथाका मुख्य पात्र रघु र रूपाको केन्द्रीयतामा कथाको विस्तार भएको हुन्छ । रघु पितृवियोगको अवस्थामा हुन्छ । आफू सानो हुँदा उसका बाबाको मृत्यु भएको उसले पत्तो पाउँदैन, खेल खेल्ने क्रममा चिलगाडी मेरो बाबाले ल्याइदे भन्दा रघुकी आमा घोप्टो परेर रुन्छिन् । एक दिन रघु र रूपाले बाल बिठ्याँइका रूपमा बारीका मकै जति काटेर नाश गर्दछन् । रूपाका बाले रूपालाई सिस्नुपानी लगाउँछ र रघुकी आमाले पनि आफ्नो छोरालाई सजाय दिन तम्सिन्छे । बालपात्रहरू जोडी मिलाएर बिहे खेल खेल्न तयार बनेका जैमाने शान्तिसँग बिहे गर्न मान्दैन । त्यसपछि रूपासँग जैमाने र रघुसँग शान्तिको बाललीला अनुसार बिहे हुन्छ । बिहेपश्चात् विदेश (बम्बै) गएको अभिनय जैमाने र रघुलगायतका पात्रहरूले गर्दछन् । यौनको अभिनय र छोराछोरी जन्माएको अभिनय पनि गर्दछन् । घरमा अभाव र गरीबी कारणले कयौं युवा जनशक्ति भारतको बम्बैमा जाने चलन यथावत रूपमा हुन्छ । त्यस्तै समस्या रघुको घरमा पनि परेको हुन्छ । त्यसको केही समयपछि रघु मितबासँग बम्बै प्रस्थान गर्दछ । रघुलाई बम्बैमा घुलमिल हुन गाह्रो पर्छ । त्यसपछि तुरुन्तै घरमा फर्किएर मधेसमा पढ्न सुरु गर्दछ । मधेसमा चारवर्ष पढेर घर फर्कन्छ । आफ्ना बाल्यकालका साथीहरूको सबैको विवाह भैंसकेको हुन्छ र आमाले अब तेरो विवाह गर्नु पर्दछ भनेर रघुलाई केरकार गर्छिन् । रूपाको अर्कैसँग विवाह भएको हुनाले रघु दुखित बन्छ । आमाको

आग्रहलाई अस्वीकार गरी उच्च शिक्षा हासिल गर्नका लागि काठमाडौं जान्छ । सहरी रमझम र आधुनिक जमानाका मानिसका क्रियाकलापलाई नजिकैबाट अवलोकन गर्न पाउँछ । घरबेटी बसुधा भाउजूको तीव्र यौनेच्छा र च्युरा घरे पारु दिदीको यौन व्यापारको धन्दालाई रघुले राम्ररी बुझेको छ । विदेशमा लोग्नेले दुःखसँग पैसा कमाउने र स्वास्नी यता अर्कैसित मोजमस्ती गर्ने आजकलका युवायुवतीको चालचलनलाई यस कथामा देखाइएको छ ।

रघु अध्ययन पूरा गरेर आफ्नै गाउँ पिपलचौरमा फर्किएको छ जसरी रूपा र आफू केटाकेटी उमेरमा विभिन्न खेल खेलेका थिए । त्यसैगरी रूपाको छोरो र रघुकी छोरी खेली बढेका छन् । रूपाको विवाह इच्छा विपरित विकट गाउँको गरीबसँग भएको छ भने रूपाको छोरो आफ्नो मावलमा बसेर पढ्दैछ । आज रूपाले आफ्नो छाक टार्नका लागि निकै सङ्घर्ष गर्नु परेका कुराहरू सुनिन्छन् । वास्तवमा यो कथा जीवन भोगाई र सङ्घर्षमा बाल्यापनदेखि युवाअवस्थामा आइपुग्दा देखा परेका घटनालाई मिलाएर लेखिएको कथा हो ।

यसरी यस कथाको कथानक आदि, मध्य र अन्त्यको क्रममा विकसित भएको छ । कथाका पात्रहरू रघु, रूपा, लीलावती, मालती, च्यान्टे, जैमाने, गोरे आदि रहेका छन् । यी पात्रमा रघु र रूपा यस कथाका मुख्य पात्र हुन् । रघु यस कथाको मुख्य पुरुष पात्र हो । ऊ यस कथाको सामाख्याता पनि हो । त्यस्तै जीवन चेतना आधारमा वर्गीय पात्रका रूपमा देखिन्छ । रूपा यस कथाकी स्त्री पात्र हो । त्यस्तै अन्य सहायक पात्रमा आमा, काइँली फूपू, बज्यै, मीतबा आदि पात्रहरू पर्दछन् । यस कथाले आफ्नो कार्यपिठिका दुबीचौरलाई बनाएको छ । पिपलचौर, झार्पीखोला, मालिका काठमाडौंका विभिन्न स्थान स्थलगत परिवेशका रूपमा आएका छन् । त्यस्तैगरी भाषाशैली सरल र सहज देखिन्छ । स्थानीय भाषिकाको प्रयोग पनि गरिएको छ । अपठित गाउँले समाजले प्रयोग गर्ने भाषाको प्रतिकात्मक प्रयोगले भाषा मिठासपूर्ण बनेको पाइन्छ ।

गरीबी निवारण, बालबालिकाको शिक्षादीक्षामा ध्यान पुऱ्याउनु पर्ने सन्देश प्रवाह गरिएको छ । यस्तै यौन विकृति र विसङ्गतिको विश्लेषण लोग्ने विदेश जानु, स्वास्नी परपुरुषको खोजीमा लाग्नु, समाजमा यौन दुराचार फैलिनु, मानिसले समाजमा विकृति, विसङ्गति र कुरीति ल्याउने कामहरू गरेका प्रति तीव्र व्याङ्ग्य प्रस्तुत गर्दै त्यस्ता पक्षको अन्त्य गर्दै स्वस्थ्य समाजको निर्माण आदि यस कथाको उद्देश्य रहेको देखिन्छ ।

### ३.३.२ 'रङ्गमञ्च' कथाको विश्लेषण

कथाकार रामलाल जोशीको ऐना कथा सङ्ग्रह अन्तर्गत रहेको रङ्गमञ्च कथा दोस्रो कथा हो । बाल्यकालीन जीवनका स्मरणलाई कथाकारले यस कथामा स्मरण गराउन खोजेका छन् । बालबालिका विभिन्न खेल खेल्ने क्रममा राजा खेल खेल्ने प्रसङ्गमा यो कथा अगाडि बढेको छ । साँगिने बैंसीको कालीसाजको रुखलाई वरिपरि ढुङ्गाले घेरेर चौतारो बनाउने काम हुन्छ । त्यसपछि उदयलाई राजा बनाउने निर्णय गरिन्छ । उदयले चौतारोमा उभिएर साँगिने बैंसीको फाँट देखाउँदै आजदेखि यो मेरो राज्य र तिमीहरू मेरा रैती भयौ भनेर घोषणा गर्दछ । रानीको रूपमा पार्वती र प्रधानमन्त्रीको रूपमा नरमानलाई राजा उदयले चयन गर्दछ । प्रत्येकलाई विभिन्न पदमा छनोट गर्ने काम पूरा भएपछि उनीहरूको बालराज्य तयार हुन्छ । यसरी विभिन्न खेलहरू खेल्दा दिन पनि बित्दै जान्छन् । एक दिन राजा उदयको जन्म दिन आउँछ र सबै जना मिली राजालाई घुमाएर आफूहरूले बनाएको चौतारोमा ल्याउँछन् । त्यसको केही समयपछि एकदर्जन भन्दा बढी राउटेहरू जम्मा भएर कालीसाजको रुख काट्न थालेको दृष्य देखिन्छ । राउटेको मुखियाले बोटको राजा म हूँ कोटको राजा काठमाडौं छ भन्दै रुख काट्नको लागि दुई जना राउटेहरूलाई तयार गराउँछ । उता केटाकेटीहरूले पहिल्यै चौतारो बनाएर उदयलाई राजा घोषणा गराएका थिए । राउटे र केटाकेटी बीच झगडा पर्दछ र राजा उदयले हातको गुलेलीको ढुङ्गाले राउटे मुखियाकै निधारमा चोट लाग्छ । दुवैपक्ष बीच भागाभाग हुन्छ । राउटेलाई आक्रमण गर्नु राम्रो होइन भनी गाउँभरि हल्ला चल्छ । रजबार काकाले छोरा उदयलाई नराम्ररी कुट्छन् । सबैका बुबाआमाले आ-आफ्ना छोराछोरीलाई सजाय दिन्छन् । केही दिन छुटेको केटाकेटीको खेलको रङ्गमञ्च पुनः सुरु हुन्छ । विभिन्न खेल खेल्दै जाँदा एकदिन रानीखोलामा केटाकेटी पौडी खेल्न पुग्छन् । रानीखोलाको तालबाट उदय निस्केर बाहिर आउन सक्दैन । उदयको अवसान पछि बाबुआमाले मानसिक सन्तुलन गुमाउँछन् । त्यसपछि संगिने बैंसीमा उजाडता आउँछ । एकदिनको घटनाले गर्दा सबैले रमाइलो गर्ने रङ्गमञ्च हराएर जान्छ । राजा खेल खेल्ने साँगिने फाँट उजाड मरुभूमिमा परिणत हुन्छ । निर्दोष खेल र सुन्दर बाल संसार सदाका लागि समाप्त हुन्छ ।

अहिले संगीने बैंसीको फाँटमा पशु हाटबजार लाग्ने गरेको छ । कहिले कहिले जादुगर चटकेले डोरीलाई सर्प, सर्पलाई डोरी बनाएर भूमिमा भ्रमित बनाएर मनोरञ्जन दिएको छ । त्यस्तै कुनै दिन झोलामा औषधि लिएर एउटा हिन्दूस्तानी कराइरहेको दृष्य पनि

देख्न सकिन्छ । त्यहाँका मानिसले अस्पतालको औषधिभन्दा त्यहीँ हिन्दुस्तानीको बढी विश्वास गरेको देखिन्छ । डोरीलाई सर्प र पानीलाई दुध बनाउने जादुगरले रानीखोलामा डुबेको उदयलाई बचाउन सक्छ कि सक्दैन होला ? लुटिएको हाम्रो बालराज्य, राजाखेल र बालाजीवन फर्काउन सक्छ कि सक्दैन होला ? भन्दै कथा समाप्त हुन्छ ।

कथाको घटनाक्रमलाई हेर्दा आदि, मध्य र अन्त्य हुँदै यसको समापनतर्फ गएको छ । वास्तवमा मान्छे जन्मन्छ, उसको जीवनमा धेरै उत्तारचढाव देखा पर्दछन् । नियतिको खेल कसैले पनि थाहा नपाउने रहेछ । जीवन एक रङ्गमञ्च जस्तै रहेछ भन्ने कुरालाई सरल र सहज तरिकाले प्रष्ट पार्ने काम कथामा भएको छ ।

कथाका मुख्य पात्र उदय र पार्वती हुन् । लिङ्गका आधारमा उनीहरू क्रमशः पुरुष र महिला पात्र हुन् । कार्य आधारमा यिनीहरू मुख्य पात्र हुन् । त्यसमा पनि उदयको भूमिका महत्त्वपूर्ण रहेको छ । त्यस्तै गरी चौठे दमाई, भजनसिंह, राउटे मुखिया सहायक पात्र हुन् । रिठे, सुल्तान माष्टर, दले, खिन्तुरी आदि गौण पात्र हुन् । बाल खेलको मुख्य पात्रले राजाको भूमिका निर्वाह गरेको र राउटेलाई हराएर आफूले चौतारी बनाएको छ ।

कथाले नेपालको सुदूरपश्चिम विकास क्षेत्रको साँगिने वेसीको फाँट, मालुमेला, रानीखोला र अन्य स्थानीय ठाउँलाई परिवेशको रूपमा आफ्नो कार्यक्षेत्र बनाएको छ । राउटे जातिले बोल्ने भाषिकाको प्रयोग गरिएको छ । यस कथामा सरल भाषाशैलीको प्रयोग गरिएको छ । कतैकतै स्थानीय ग्रामीण भाषिकाको प्रयोग पनि गरिएको छ । सरल भाषाशैलीका कारण कथाले भन्न खोजेका सबै कुरा प्रष्ट बुझ्न सकिन्छ ।

कथामा मिश्रित दृष्टिविन्दुको प्रयोग गरी कथाको घटनाक्रमलाई अगाडि बढाइएको छ । वास्तवमा सधैंभरि जीवन रङ्गमञ्च जस्तै रमाइलो र उत्साहजनक हुँदोरहेनछ भन्ने कुरालाई यस कथाले प्रष्ट पारेको छ । मान्छेको उमेरसँग उसका आवश्यकता र इच्छाहरू धेरै हुन्छन् । ती आवश्यकता र इच्छालाई पूरा गर्न उसले अभावग्रस्त समाजमा धेरै प्रयत्न गर्नुपर्छ भन्ने कुरालाई देखाइएको छ । नेपालको सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमा बसोबास गर्ने राउटे समाजलाई कथाकारले आफ्नो कथामा समावेश गरेका छन् । जहाँ बालादिनमा खेलेका खेलको स्मरण गरेका छन् । समय अगाडि बढ्दै जाँदा ती दिन र परिवेशलाई कसैले छेक्न र रोक्न नसकेको सन्दर्भलाई कथामा देखाइएको छ ।

समयको परिवर्तनसँगै सबै परिवर्तन हुँदै जाने भएकाले त्यसलाई सबैले आत्मसात गर्नुपर्ने कुरालाई कथामा जोड दिइएको छ । जीवनको गतिशीलतालाई कथाले देखाउन

खोजेको छ । जातीय छुवाछुतलाई हटाउने कुरा उल्लेख गरिएको छ । बाल मानसिक संवेगको प्रस्तुति कथामा पाइन्छ । कथामा पञ्चायतकालीन परिवेश, सीमान्तकृत राउटे जातिको जीवनशैलीको चित्रण पनि गरिएको छ । कथामा बाल्यकालमा बिताएका दिनलाई स्मरण गरिएको छ । कथाकार जोशीले बालमनोविज्ञानको सफल रूपमा प्रयोग गरेका छन् । बालबालिका स्वभावैले जिज्ञासु र चञ्चले स्वभावका हुन्छन् । साथै, बालापनमा विभिन्न खेल खेली रमाइलो गर्ने चाहना हुन्छ । त्यसमा कसैले बाधा पुऱ्याएको खण्डमा बालमष्तिस्कमा नराम्रो असर पर्दछ भन्ने कुरा देखाइएको छ भने अर्कोतर्फ बाल्यावस्थामा कुनै समस्या र चिन्ता पर्दैन उमेर बढ्दै जाँदा मान्छे व्यवहारिक बन्नु पर्दछ भन्ने कुरा देखाउनु कथाको उद्देश्य रहेको छ ।

यस 'रङ्गमञ्च' कथामा बालापनमा रमाइलो गरी विविध खेलहरू खेलेको स्मरण गर्दै समय आफ्नै गति र सुरमा अगाडि बढेको सन्दर्भ आएको छ । यसलाई कसैले पनि रोक्न र छेक्न सकिँदैन भन्ने यथार्थतालाई देखाउनु नै कथाको मुख्य उद्देश्य हो ।

### ३.३.३ 'नायक' कथाको विश्लेषण

रामलाल जोशीको ऐना कथा सङ्ग्रहको चौथो कथा 'नायक' हो । रामलाल जोशीले सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमा बसोबास गर्ने थारु समुदायमा प्रवेश गरेर यो कथा लेखेका हुन् । बालबालिकाले समाजमा बस्ने विभिन्न पेसागत मानिसको नक्कल कसरी गर्छन् भन्ने कुरा देखाएका छन् । बालबालिकामा पनि जीवनमा ठूलो मान्छे बन्ने इच्छा र आकाङ्क्षा धेरैको हुन्छ । कथाको घटनाक्रम अनुसार गाउँमा ख्याति कमाएका रुद्रप्रसाद बम्बै आउने र जाने क्रम चलिरहन्छ । कथाको मुख्य पात्र 'म'लाई जस्तै ठूलो व्यक्ति हुन पाए जस्तो मनमा लाग्छ । एकदिन रुद्रप्रसाद आफ्नो दूधमुखे छोरा र परिवारलाई छोडेर विदेश बम्बै जान लागेको दृश्य देखेको हुन्छ । रुदै गरेको कान्छो छोरोलाई छोडेर ऊ बम्बैको बाटो लाग्छ । आफ्नो सानो निर्दोष बालकको माया उनले कसरी मार्न सक्छ मनलाई साह्रै नरमाइलो लाग्छ । म आफ्नो छोरालाई यसरी रुँदै छोड्ने थिइन भन्ने जस्तो भाव म पात्रलाई आएको छ । म पात्रले यस्तो घटना देखिसकेपछि रुद्रप्रसाद जस्तो व्यक्ति बन्ने आकाङ्क्षा बढेर गयो । म पात्रलाई एकपछि अर्को गरी नायक बन्ने सपना निरन्तर रूपमा जागेर आयो । आफू बम्बै गएर धैरै धनसम्पत्ति कमाएर साहिली बौजुको जस्तै सुन्दरी स्त्रीसँग बिहे गर्ने यौवन र सुन्दरीको वर्णन नगर्ने चाहना बनेर आउँछ । ऊ अत्यन्तै राम्री

षोडषी र परम सुन्दरी पनि थिई । युवाहरूको नजरमा ऊ बारम्बार पर्थी । कुरा एक दिनको हो, म पात्रले साहिँली बौजुलाई साहिँला दाइको बाहुपासमा निर्वस्त्र अङ्गालोमा खितखिताएको अवस्थामा देखेपछि साहिँली बौजुसँग बिहे गरी घरजम गर्ने कुरा पनि मरेर गयो । त्यसपछि म पात्रलाई मनुवा कठयात जस्तो बाँसुरी वादक जस्तो बन्ने ठूलो रहर र इच्छा जागेर आयो । मनुवा कठायतले बाँसुरी अलापेर मानिसलगायत सबै प्राणीलाई चकित बनाउथ्यो । यो देखेर म पात्र पनि बाँसुरी जानीनजानी बजाउन थाल्यो । एकदिन आमाले भन्नुभयो, बाँसुरी त दुःखी विरहमा परेका व्यक्तिले बजाउने हो, तिमीले होइन भन्नुभयो । आमाले हातबाट बाँसुरी खोसेर मिल्काउनु भयो । यस्तो दुखीले बजाउने बाँसुरी भनेर नबजाउने निर्णय गऱ्यो । त्यसपछि म पात्रले दुखीले बजाउने बाँसुरी बजाएपछि जीवनभरि दुःख पाइन्छ भन्ने ठानेपछि उसमा बाँसुरी बजाउने र मनुवा कठायतजस्तो बाँसुरीवादक हुने आकाङ्क्षा हराएर गयो । जीवनमै नायक बन्ने रहर मर्दै जाँदा म पात्रका हृदयमा केशव सर नायक बनेर आए । वार्षिक परीक्षाको नतिजा प्रकाशन भएपछि केही उरन्ठेउलाले कालो मोसो दलेर उनलाई गाउँ घुमाए । त्यसपछि म पात्रलाई हत्तेरी, बरु म गाईगोठालो भएर खाउँला तर केशव सर जस्तो नबन्ने प्रतिक्षा गऱ्यो । हुँदाहुँदै म पात्रले स्वस्तिका जस्तै जीवन साथीको कल्पना गर्न थाल्यो । स्वस्तिका रूप, बोली, व्यवहार, साहस, धैर्य, शील स्वभाव यी सबै गुणले युक्त थिई । चारजना छोराछोरी दिएर उनका श्रीमान् शैलेन्द्र यस संसारबाट विदा भयो । स्वस्तिकाले छब्बीस वर्षीय जवानीको विष कसरी मार्न सक्थि । शरीरलाई कोठामा कैद गन सकिन्छ तर मनलाई सकिँदैन । सत्ताइस वर्षमा स्वस्तिकाले हर्क मगरलाई घरमा भित्र्याई । त्यसपछि म पात्रलाई स्वस्तिका जस्ती जीवनसाथी बनाउने सपना अधुरै रह्यो । मनमा कुनै आकर्षण रहेन । सात वर्षपछि साहित्य अध्ययन गरेपछि जीवनका सबै रङ्ग बुझिए । यी सम्पूर्ण पात्रलाई अवलोकन गर्दा वास्तवमा जीवनको नायक को हो । अहिले म पात्र एकान्तमा बसेर सोचिरहेको छ ।

नायक कथा म पात्रको केन्द्रियतामा अगाडि बढेको कथा हो । भविष्यमा ठूलो मान्छे बन्ने रहर र इच्छा सबैलाई हुन्छ । त्यसलाई प्राप्त गर्नका लागि कठोर मेहनत र परिश्रम गर्नुपर्दछ भन्ने प्रसङ्ग कथामा देखाइएको छ । अरुको देखासिकी गर्नु तर रिस नगर्नु भन्ने उखानलाई सार्थक बनाएर कथाकारले कथालाई अगाडि बढाएका छन् । म पात्रले समाजका हरेक व्यक्तिलाई नियालेर हेरेको हुन्छ । ऊ जस्तै जीवनमा बन्ने रहर पनि गर्दछ । वास्तवमा

उसको जीवनको कथा व्यथा थाहा पाएपछि नायक बन्ने रहर मरेर जान्छ । उसले सबैलाई घृणा, तिरस्कारको भावले हेर्छ ।

कथाकारले प्रथम दृष्टिविन्दुको प्रयोग गरी सरल भाषाशैलीका माध्यमबाट नायक कथालाई अगाडि बढाएका छन् । कथा सुदूरपश्चिमको सेरोफेरोमा हिँडेको छ । स्थानीय भाषिकाको प्रयोग पाइन्छ । खास गरेर कथामा बालबालिकाको मनोविज्ञानलाई आधार बनाएर लेखिएको छ । उत्कृष्ट र सकारात्मक सन्देश यो कथाले प्रदान गरेको छ । आफ्ना परिवार वा समाजको श्रेष्ठतम व्यक्तित्व बन्ने इच्छा र चाहना बालमस्तिष्कमा परेको कुरालाई यस कथाका पात्रका माध्यमबाट उजागर गरिएको छ । यहाँ हरेक व्यक्तिको मूल्याङ्कन गरी ऊ जस्तै नायक बन्ने प्रतिज्ञा पात्रहरूले गरेका छन् । सबै व्यक्तिको दुर्दशा र समस्या देखेर नायक बन्ने सपना मरेर गएको प्रसङ्गलाई जोडेर हेर्दा सोचे जस्तो जीवन कसैको पनि बन्दो रहेन्छ भन्ने कुरा देखाइएको छ ।

जीवनमा ठूलो मान्छे बन्ने रहर सबैजसोलाई हुन्छ । रहर गर्दैमा जो कोही ठूलो मान्छे बन्न नसक्ने कुरालाई प्रस्तुत गरिएको छ । त्यस्तै जीवन जीउने क्रममा धेरै दुःख कष्ट र समस्या आइपर्दछन्, धैर्य भएर त्यस्ता समस्यालाई समाधान गर्नु पर्दछ । तब मात्र मान्छे जीवनमा श्रेष्ठ बन्न सक्छ भन्ने कुरालाई प्रभावकारी रूपमा प्रस्तुत गर्नु यस कथाको मुख्य उद्देश्य हो ।

### ३.३.४ 'पर्दा' कथाको विश्लेषण

'पर्दा' कथाकार रामलाल जोशीको ऐना कथा सङ्ग्रहमा रहेको चौथो कथा हो । उनले सुदूरपश्चिम क्षेत्रमा बसोबास गर्ने थारु समुदायमा प्रवेश गरेर यो कथा लेखेका हुन् । कथाको घटनाक्रम अनुसार हसिना र सुमनको भेट अठार वर्षपछि हुन्छ । त्यसपछि दुवै जना थारु समुदायतर्फ जान्छन् । त्यहाँ पुगेपछि पुरानो थारु बस्तीको सम्झना गराउँछ । भित्ताको तस्वीरलाई ध्यान दिदा हँसिली हसिना आफ्नी आमाको काखमा खेती रहेको देखिन्छ । त्यसै समयमा सुमन पहाडबाट मलवार पढ्न भनेर झरेको हुन्छ । थारु समुदायको बीचमा एउटै मात्र बैदार काकाको घर हुन्छ । खेमचरण चौधरीको घरमा दुइवटी छोरी पढाउन भनी सुमन बस्न थाल्छ । अन्य थारुहरू भन्दा धनी र सम्पन्न खेमचरण चौधरी हुन्छ । उसकी कान्छी श्रीमतीले सम्पूर्ण घर-व्यवहार चलाउने हुनाले उसलाई घरको बारेमा त्यति लगाव र चासो हुँदैन । पहिलेदेखि चलिआएको चलन अनुसार थारुहरू माघ महिनाभरि रक्सी र मासु खाएर

मस्त पर्दछन् । बैदार काका गाउँका सर्वेसर्वा भएको कारणले गरीब थारुहरूलाई विभिन्न तवरले सहयोग गर्दछन् । यसैक्रममा लोटनप्रसादले बैदार काकाको ऋण तिर्नु पर्ने हुन्छ । ऋण तिर्न नसकेपछि आफ्नै घरमा कमैया बनाएर राख्छ । दुई जना छोराछोरीसहित लोटनप्रसादले आफ्नी श्रीमती सीता रमीतीलाई लिएर बैदार काकाको घरमा दासदासीको रूपमा काम गर्दछ । श्रीमान्ले बाहिरको र श्रीमतीले घरयासी काम गर्दछन् । करिब चार वर्षको अन्तरालमा सीता रमीतीले तीनवटा छोरालाई जन्म दिन्छे । छोराहरूको सक्कल हेर्दा बैदार काकाको अनुहारसँग मिल्दा हुन्छन् । एकदिन बैदार काका र लोटनप्रसादकी श्रीमती एउटै शरीर भएर सुतिरहेको दृश्य उसले ढोकाको पर्दाबाट देख्यो । राती पिसाब फेर्न निस्कदा ढोकाको पर्दाबाट यस्तो दृश्य देखिएको हो । यो घटना बैदार काकाले थाहा पाएपछि लोटनप्रसादलाई अबदेखि मेरो घरमा तँ बस्न पर्दैन तेरो सम्पूर्ण ऋण आजबाट मिनाहा भयो भनिदियो । थारु समुदायका मानिसहरू विपन्न र गरीब भएका कारण सम्पन्न परिवारका मान्छेले हरेक तरिका अपनाएर फाइदा लिइरहेका हुन्छन् । मान्छेहरू किन निच र घृणित काम गर्दछन् भन्ने कुराको कल्पनासमेत गर्न गाह्रो पर्दछ ।

त्यसपछि बैदार काकाको सम्बन्ध खेमचरण चौधरीसँग हुन्छ । रक्सी खाने क्रममा जाने आउने गर्दा खेमचरणकी कान्छी श्रीमती पटरानी र बैदार काका बीच माया प्रेम बस्छ । उता गाउँमा बैदारको छोरो इन्द्रकान्त र जालीरामकी श्रीमती फूलमतीको नराम्रो सम्बन्ध छ भन्ने कुरा गाउँभरि फैलिन्छ । यौन क्रियाकलापमा सङ्लग्न रहेको कुरासमेत थाहा पाउँछन् । फूलमतीलाई चोखाउनी दिएर गाउँको कुरा गाउँमै मिलाउनु पर्दछ भन्ने कुरा गरेपछि बैदार काकाले सत्रसय रूपैयाँ दिएर कुरा टुङ्ग्याइन्छ । त्यसपछि बैदार काका शिर तल गरेर हिँड्न थाले । उनी धेरै समयपछि थारु समुदायमा देखिन्छन् । यता थारुहरू भने माघ महिनाको उत्तरार्धतिर आएका हुन्छन् । खेमचरणको निमन्त्रणामा बैदार काका पुन खेमचरणको घर आउँछन् । त्यसपछि दुवैले मस्तसँग रक्सी, मासु र अन्य परिकार खान्छन् । पटरानी अगेनामा आगो तापेर बस्छे । धेरै रक्सी पिएकाले खेमचरण अचेत अवस्थामा आफ्नो खाटमा पल्टिन्छ । खेमचरणले राती उठेर हेर्दा बैदार काका आफ्नो विस्तारामा हुँदैन । दुई जना एउटै शरीर भएर सुतेको ढोकाको पर्दाबाट देखिन्छ । भोलिपल्ट बिहान उठ्दा बैदार काका त्यहाँ हुँदैनथे भने पटरानी आफ्नो काममा तल्लिन हुन्थिन् । यो क्रम धेरै दिन अगाडिदेखि नै निरन्तर रूपमा चलिरहन्छ । वैदार र पटरानीको गर्भबाट हसिनाको जन्म हुन्छ । त्यस घटनाको केही समयपछि पटरानीले आफ्नो इनारमा खसेर मर्छे । यता हसिना

आमाको खोजी गर्दै क्रन्दन आवाज निकाली रोइरहेकी हुन्छे । यसरी यस कथाको आदिमध्य र अन्त्य हुँदै घटनाक्रम सकिन्छ ।

यस कथामा मुख्य पात्रको रूपमा पटरानी, हसिना, बैदार काका, सुमन दादा, खेमचरण चौधरी हुन् । विशेष गरी यिनीहरूकै क्रियाकलापमा कथाको कथावस्तु अगाडि बढेको छ । त्यसैगरी सहायक पात्रमा लोटनप्रसाद, सीतारमती, जालीराम, फूलमति, इन्द्रजीत आदि यस कथाका सहायक पात्रहरू हुन् । गौण पात्रका रूपमा कलुवा, पल्टु, देशीराम, महताने, बड्काने, सोमैया, भजनलाल, गंगा, चिनकुमारी आदि रहेका छन् ।

नेपालको सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको अति विकट ठाउँ जहाँ थारु जातिको बसोबास छ, त्यसलाई यस कथाले आफ्नो कार्यस्थल बनाएको छ । वर्तमान अवस्थामा आइपुग्दा पनि त्यहाँ कुनै पनि खालको परिवर्तन नभएको, रुढिवादी परम्परामा समाज अल्भिएको, धनिमानी र उच्च वर्गले गरीब असहाय वेसाहारालाई विभिन्न वाहना बनाई दुःख दिएको कुरालाई कथाकारले देखाएका छन् ।

भाषाशैलीका दृष्टिले हेर्दा यो कथामा सरल भाषाशैलीको प्रयोग रहेको छ । कथाको अग्रभागतिर स्थानीय भाषिकाको प्रयोग पनि गरिएको देखिन्छ । खासगरी, पश्चिम नेपालमा बसोबास गर्ने थारु समुदायको जीवनशैली तथा जीवन भोगाइलाई उजागर गर्नु यस कथाको मुख्य उद्देश्य रहेको छ । कथाकारले यस कथामा आफूले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा देखेका र विभिन्न समस्यामा परेका मानिसको दिनचर्या कसरी बितेको छ भन्ने कुरा देखाएका छन् भने अर्कोतिर धनीमानी उच्च वर्ग भनाउँदाले सिधा सादा मानिसलाई कसरी फसाउँछन् र आफ्नो स्वार्थ पूरा गर्दछन् भन्ने कुरा देखाएका छन् । अझै पनि नेपालका विभिन्न ठाउँमा बस्ने मानिसले अन्याय, शोषण, घृणा, अपहेलना र महिला हिंसा जस्ता नराम्रा प्रवृत्तिलाई सहन बाध्य छन् भने त्यस्ता नराम्रा खराब, कुरीतिमाथि सरकारको बेलैमा ध्यान जाओस् र जनता जागरुक रहून् भन्ने उद्देश्य कथाको रहेको छ ।

### ३.३.५ 'पापीघाट' कथाको विश्लेषण

आधुनिक नेपाली कथाको नयाँ स्रष्टाका रूपमा चिनिएका रामलाल जोशीको ऐना कथा सङ्ग्रहमा रहेको 'पापीघाट' कथा पाचौं कथा हो । कथाको घटनाक्रम अनुसार म पात्र (करन) र लीला दिदी दिनहुँ जसो गोठालो जान्छन् । गोठालो जानेक्रममा लीला दिदीले घिउ, चामल र गुडको डल्लो एक ठाउँमा मोली लिएर जान्छे । गाईबाखा जङ्गलको पाखातिर

छोडेपछि उनीहरूले लुकामारी खेल्छन् । त्यसपछि ठूलो ढुङ्गोमा बसी आफूहरूले लगेको गुड र चामल खान थाल्छन् । करनलाई विद्यालयमा पढ्न जानभन्दा हजार गुना आनन्द गाई गोठालो जाँदा लाग्छ । लीला एक ग्रामीण महिला सुन्दरी नै थिई । पुष्ट छाती, गोरो अनुहार, काला केश, लच्किँदो नितम्बले झन् सुन्दरी बनाएको थियो । चढ्दो बैँस भएर होला उसले करनप्रति कुनै पनि सङ्कोच नमानी अगाडि नै पिसाब फेर्ने करन मलाई माया गर भन्ने र त्यसपछि म्वाइँ खाने क्रियाकलाप गर्छे । सायद लीलामा जवानीको रङ्ग चढेर कहीँ कतै व्यक्त गर्न नसकेर आफू भन्दा ७ वर्ष कान्छो करनलाई माध्यम बनाएर आफ्ना इच्छा र चाहना मेटाएकी हुन्छे । त्यसपछि पनि गोठालो जाने क्रम रोकिदैन । लीलाले करनलाई विभिन्न बहाना बनाएर जिस्काउने र उसँग माया प्रीतिका कुराहरू गरिरहन्छे । एकैचोटि खोलामा समातेको माछासँग उसको लिङ्ग तुलना गर्दछे । माछालाई आगोमा पोलेर दुवै जनाले मीठो मानी-मानी खान्छन् । लीलाले दिएको माछा करनले कहिल्यै नभुल्ने बचन दिन्छ । किनकि माछाको स्वाद अत्यन्तै मीठो लागेको हुन्छ । करन लीलासँग नुहाउन खोलामा जान्छ । त्यहाँ गएपछि लीलाले पेटीकोट मात्रै लगाएर नुहाउँछे । उसलाई कुनै लाज सर्म लाग्दैन । करनले पनि शरीरमा सबै अङ्गलाई नियालिरहेको हुन्छ । उसले सोच्छ किन लीला दिदी मसँग निर्वस्त्र हुन खोज्दैछ । उसलाई यस बारेमा कुनै पत्तो हुँदैन । यसै सिलसिलामा करनलाई हामी पापीघाट जाउला तँ ठूलो भएपछि त्यही बिहे गरौला भन्ने योजना बनाउँछे ।

पढ्नको लागि करन मधेसमा जान्छ । त्यसको केही समयपछि इच्छा विपरीत लीलाको विवाह छक्कबहादुरसँग हुन्छ । छक्कबहादुर तीन महिना घरमा बसेपछि पुन बम्बैमा जान्छ । बम्बै गएको केही वर्षपछि छक्कबहादुरको मृत्युको खबर घरमा आउँछ । लीला अर्ध पागलझैं बन्छे । लीलालाई पापीघाटका मान्छे आएर जबरजस्ती समातेर लैजान्छन् । पापीघाटमा विधुवा नारी, अर्कासँग बात लागेका तल्लोजात र मूलजात बीच विवाह गरेका, अर्काको गर्भ बोकेका, हाडनाता करणी गरेका र गाउँबाट निकाला भएका मान्छे जाँदा रहेछन् । बम्बैमा छक्कबहादुरको मृत्यु भएको कुरा र लीलालाई पापीघाटका मान्छेहरूले जबरजस्ती पापीघाट लगेको कुरा करनले थाहा पाउँछ । त्यसपछि उसलाई नरमाइलो लाग्छ । सबै जना मिली लीलालाई फर्काउन पापीघाट रातारात जान्छन् । त्यहाँ गइसकेपछि घटनाको सम्पूर्ण विवरण लिदा लीलाले जवरजस्ती र अमानवीय व्यवहार खप्न नसकेर पापीघाट नजिकैको खोलामा हाम फालेर आत्महत्या गरेकी हुन्छे ।

यस कथाका मुख्य पात्रहरू करन र लीलादेवी हुन् । करन बालपात्र र युवा पात्रका रूपमा देखिन्छन् । यो मुख्य पुरुष पात्र पनि हो । स्वभावका आधारमा यो गतिशील पात्र हो भने प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । आसन्नताका आधारमा मञ्चीय पात्र हो । जीवन चेतनाका आधारमा वर्गीय पात्र हो । लीलादेवी यस कथाकी मुख्य नारी पात्र हो । त्यस्तै यसलाई पनि कार्यका आधारमा मुख्य स्त्री पात्रका रूपमा कथामा देखिइएको छ । स्वाभावका आधारमा प्रतिकूल छ । ऊ असामान्य यौन मनोवैज्ञानिक पात्र हो । करनका अगाडि निर्वस्त्र हुनु, शरीर देखाउनु, करनलाई म्वाँई खानु आदि उसका असामान्य यौन क्रियाकलापका उदाहरण हुन् । ऊ प्रवृत्तिका आधारमा प्रतिकूल पात्र हो । वर्गीय दृष्टिकोणबाट निजी पात्रको रूपमा हेर्न सकिन्छ । लीलादेवीलाई वीपी कोइरालाको श्वेतभैरवी कथाकी मुख्य पात्र फगुनीसँग तुलना गर्न सकिन्छ । जसरी फगुनी श्वेतभैरवी भएर बालकृष्ण सानुबाबुप्रति आकर्षित हुन्छे त्यसैगरी लीलादेवी पनि बालपात्र करणप्रति आकर्षित भएकी छ । यो कथा प्रथम पुरुष दृष्टिविन्दु म पात्रका माध्यमबाट अगाडि बढेको छ ।

यो कथाको परिवेश पनि नेपालको सुदूरपश्चिम क्षेत्रमा रहेको ग्रामीण क्षेत्र हो । वजथैल, बगरे खोला, चुच्चे ढुङ्गा, पीपलडाँडा, पापीघाट आदि ठाउँलाई यस कथाले आफ्नो कार्यक्षेत्र बनाएको छ । त्यस्तै दशौँ नवरथा घाटका बालाहरू त्रिवेणी नदी, तल्लोजात र माथिल्लो जात तथा संस्कृतिजन्य कुरालाई पनि यस कथाले आफ्नो परिवेश बनाएको छ । त्यस्तै गरी सरलभाषा शैलीको प्रयोग भएको छ । खासमा पनि प्रश्नउत्तरात्मक वर्णनात्मक शैली, स्थानीय भाषिकाको प्रयोग अलङ्कारिक शब्दको चयन, संवादात्मक भाषाको प्रयोगले कथा मिठासपूर्ण बनेको देखिन्छ ।

यो कथा यौन मनोवैज्ञानिक कथा हो । यस कथालाई बालमनोविज्ञानसँग पनि तुलना गर्न सकिन्छ । यो कथा असामान्य नारी यौन मनोविज्ञानसँग पनि सम्बन्धित छ । कामवासनाले उन्मुक्त भएपछि मान्छेले लोकलाज, केही मान्दैन भन्ने कुरा यस कथाकी मुख्य पात्र लीलादेवीको चरित्रबाट पनि प्रष्ट हुन्छ । यौनलाई समयमै निराकरण गर्न सकिएन भने के कस्ता समस्याहरू देखा पर्दछन् ? त्यसलाई कसरी समाधान गर्न सकिन्छ भन्ने कुरा पनि कथामा देखाइएको छ । त्यस्तै यौन दुराचारले मान्छेको जीवनलाई निराश गराउँछ भन्ने कुरा पनि यस कथाबाट प्रष्ट हुन्छ । समाजमा यौन दुराचार हुनुहुँदैन, साथै रुढीवादी परम्पराबाट मुक्त स्वस्थ, सभ्य र आदर्श समाजको निर्माण गर्नु पर्दछ भन्ने सन्देश यस कथामा पाइन्छ ।

### ३.३.६ 'मध्यान्तर' कथाको विश्लेषण

कथाकार रामलाल जोशीको ऐना कथा सङ्ग्रहमा रहेको मध्यान्तर छैटौँ कथा हो । उनले सुदूरपश्चिम विकास क्षेत्रमा रहेका मानिसहरूको आर्थिक, सामाजिक, रीतिरिवाज र रुढीवादी परम्परालाई यस कथामा केलाउन खोजेका छन् । कथाको घटनाक्रम अनुसार गरीबीको मारमा परेका केटाकेटीको दिनचर्यालाई देखाइएको छ । हिउँदमा गाउँमा बस्ने मानिस आफ्ना घरयासी समानहरू मधेसमा लगेर बेच्ने र आफूलाई वर्षभरि चाहिने समानहरू डोकाभरी लिएर फर्कन्थे । केटाकेटी र भरियाले केही न केही दिएर जान्छन् भन्ने आशाले त्यहाँका केटाकेटीले टोपी, रुमाल आदि कपडाहरू भारी बिसाउने चौतारोमा राखिदिन्थे । यसरी आउने भरियाहरूले केही न केही दिएरै छाड्ने चलन पहिलेदेखि नै चलिआएको थियो । केही दिन्छन् र खाउला भन्ने आशाले केही न केही चिज दिएरै जान्थे । केटाकेटी रमाई-रमाई दिएको खानेकुरा खान्थे । पश्चिम नेपालको यस ठाउँमा अन्धविश्वास, कुरीति, अभाव, गरीबीले सर्वसाधारणको जीवन कष्टपूर्ण छ । अन्धविश्वासकै कारण कुनै रोग लाग्यो भने अस्पताल नलगी झारफुक मात्रै गर्ने र अन्य स्वास्थ्य चौकीमा लगिने परम्परा ज्यादै न्यून थियो । यसरी मान्छेले विभिन्न पीडा सहेर अकालमा मृत्युसमेत हुने गरेको सूचना सुन्न सकिन्छ । सचेतनाको कमीले गर्दा कसैलाई कुनै रोग लाग्यो भने त्यहाँ व्यक्तिहरूलाई जङ्गलमा लगेर छोड्ने चलन थियो । उपचार गरे बेलैमा सन्चो हुने रोगको उपचारसमेत गरिदैनथ्यो । रोग लाग्नु भनेको कर्मको खेल हो भन्ने गरिन्थ्यो । यसरी कति मानिसले अकालमै मृत्युवरण गर्न पुग्थे । एकसरो लगाउन र बिहान बेलुका छाक टार्नको लागि गाउँका सबै विदेश जान बाध्य छन् ।

यस कथाका पात्रहरू डाङ्रे, खन्टी, धौली, भीमे, रतने, दोभाने, म, माइलीआमा, माइलाबा, कान्छाबा, जगते बिष्ट, ख्याउटे काका, माइला खत्री, प्रजापति, साइलाबाजे हुन् । म पात्र नै यस कथाको प्रमुख पुरुष पात्रको रूपमा देखिएको छ । उसकै केन्द्रीयतामा कथाको विषयवस्तु अघि बढेको छ । अर्को अर्थमा कथाको सामाख्यान र (म) पात्र हो । ऊ लिङ्गका आधारमा प्रमुख पात्र पुरुष पात्र हो । यस्तै कार्यका आधारमा ऊ मुख्य पात्र हो भने स्वभावका आधारमा गतिशील पात्र हो र जीवनचेतनाका आधारमा वर्गीय देखिन्छ ।

यस कथामा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । संवादका क्रममा स्थानीय भाषिकाको प्रयोगले भाषिक मिठासपन थपिएको छ । त्यसकारण कथाले दिन खोजेको कुरा खुलस्त रूपमा पाठक वर्गले बुझ्न सक्ने देखिन्छ । दुबीचौर, मधेस, फागुनको महिना, जुगुने

खोला, बालुङ्गेचौर, राक्से ढुङ्गा, सेती र कर्नालीको दोभान मालुभीर, तिरिबिनी, कर्णाली नदी, भारतको बम्बै सहर, साइखर्क आदिलाई कथाले आफ्नो परिवेश बनाएको छ । त्यस्तै गरी बाल्यकाल बिताएका विभिन्न स्थानहरूलाई पनि यस कथाले परिवेशको रूपमा आफ्नो कार्यस्थल बनाएको छ ।

समाजमा व्याप्त गरीबी, अशिक्षा, अन्धविश्वास र कुरीतिलाई हटाउनु पर्छ र सचेत एवम् समतामुलक समाजको निर्माण गरिनुपर्छ भन्ने सन्देश कथामा पाइन्छ । उमेर छउन्जेल बम्बै जाने उमेर सकिएपछि पुनः आफ्नो गाउँठाउँ फर्कने परम्परालाई तोड्दै आफ्नै गाउँमा रोजगारीका अवसरहरू खोज्ने प्रयत्न गर्नु पर्दछ । यसमा सरकारले पनि बेलैमा ध्यान दिएर बेरोजगारी समस्यालाई हटाउँदै लैजानु पर्दछ । रोग-भोग शोकलाई हटाउनु पर्दछ । भन्ने कुरा नै यस कथको उद्देश्य हो ।

### ३.३.७ 'तस्वीर' कथाको विश्लेषण

'तस्वीर' कथा ऐना कथा सङ्ग्रहमा रहेको सातौं कथा हो । जोशीले यस कथामा अमरकेतीको श्रीमान् विजयको निधन भएपछि अमरकेतीले आफ्ना बालबच्चालाई हुर्काउन, बढाउन र राम्रो शिक्षा दिन खोज्दा परेका समस्यालाई उल्लेख गरेका छन् । कथाको घटनाक्रम अनुसार एक दिन अमरकेतीको श्रीमान् विजय आफ्नो अफिसबाट फर्कदै गर्दा मोटरसाइकल दुर्घटनामा परी बाटोमा मृत्यु हुन्छ । छोरा निशान्तको चौथो जन्मदिन मनाउनका लागि टाढाको अफिसबाट घरतिर आउँदै हुन्छ । विजयको प्रतीक्षामा बसेका परिवारका सदस्यहरू एक्कासी विजयको लास आउँदा चकित हुन्छन् । विजयको अन्त्यपछि अमरकेतीको जीवनमा धेरै समस्या आइपर्दछन् । ती सबै समस्यालाई उसले पूरा गर्नुपर्ने हुन्छ । अरुभन्दा पनि आर्थिक समस्याले उसलाई नराम्ररी सताउँछ । आधुनिक जमानाका चारजना छोराछोरीलाई उनीहरूको इच्छा र आवश्यकता पूरा गर्नको लागि निकै गाह्रो पर्ने भएकाले अमरकेती जागिरको खोजीमा चारैतिर भौतारिन्छे । आफूले भने जस्तो जागिर नपाएपछि निराशासिवाय अरु केही पाउदिन । उता छोराछोरी आफ्नो बुबाको तस्वीर समातेर 'आमा, बुबा कहिले आउनुहुन्छ', भनी सोधिरहन्छन् ।

कयौं पटक लिखित परीक्षामा नाम निकाल्दा पनि विभिन्न बहाना बनाएर उसलाई अन्तर्वार्तामा फालिदिन्छन् । प्राइभेट जागिरमा पनि उसले धेरै समस्या भोग्नु पऱ्यो । ऊ जहाँ गएपनि विभिन्न जालझेल गरी फसाउने काम गरिन्छ । यतिसम्म कि उसले जागिर

पाउने निउँमा आफ्नो शरीर बेच्नु पर्ने बाध्यता देखाइन्छ । एक्ली अमरकेतीले जीवनमा यस्ता विविध समस्यासँग निकै सङ्घर्ष जेल्न बाध्य हुनुपर्दछ । छोराछोरीले एकछाक खान र एकसोरो लगाउनसमेत पाउँदैनन् । ढोकामा झुन्डाइएको पतिको तस्वीर हेरेर उसले धेरै अनुनय विनय गर्न थाल्छे । म इज्जत नगुमाएरै काम गर्दछु प्रेमको दियो जलाएरै बाँच्छु, अभाव, गरीबी र अन्धकारसँग लड्छु भन्ने आज्ञा आफ्नो श्रीमान्सँग माग्न बाध्य हुन्छे । जसरी भएपनि आफ्ना प्राणभन्दा प्रिय छोराछोरीका लागि इच्छा र चाहना पूरा गर्ने वाचा गरी आदर्श पत्नी र आमाको भूमिका पूरा गरेकी छु भन्दै यस तस्वीर कथाको कथानक पूरा हुन्छ ।

आदि, मध्य र अन्त्य गर्दै रैखिक ढाँचामा कथा समाप्त भएको छ । तृतीय पुरुष दृष्टिविन्दुमा यो कथा रचना गरिएको छ । कथाको शीर्षक उपयुक्त मान्नु पर्दछ । तस्वीर भन्ने वित्तिकै कुनै व्यक्तिको अनुहार भन्ने बुझिन्छ । यहाँ विजयको तस्वीर हेरेर जीवन सञ्चालन गर्ने क्रममा विभिन्न निर्णय लिइएको छ ।

यस कथाको मुख्य पात्र अमरकेती हो । उसकै केन्द्रीयतामा कथाको घटना अघि बढेको छ । ऊ लिङ्गका आधारमा स्त्री पात्र हो । स्वभावका आधारमा गतिशील पात्र हो । आफ्ना जीवनमा घटेका घटना र भोग्नु परेका समस्यालाई सिलसिलावद्ध रूपमा व्यक्त गरेकी छे त्यसकारण ऊ यस कथाकी प्रमुख केन्द्रीय पात्रका रूपमा प्रस्तुत भएकी छ । त्यस्तै गरी अन्य गौण पात्र स्मृति, सानोबाबु, निशान्त र विजय हुन् ।

यस कथाले पश्चिम नेपालका विभिन्न ठाउँलाई आफ्नो परिवेशको रूपमा लिएको छ । त्यस्तैगरी नालापानीको किल्ला बलभद्रको सालिक वरिपरिको ठाउँलाई कार्य क्षेत्र बनाएको छ । सरल भाषाशैलीको प्रयोग गरिएकाले पाठकले पठन गर्दा सजिलै यस कथाको सारवस्तु बुझिन्छ । अरु कथामा झैं यसमा स्थानीय भाषिकाको प्रयोग गरिएको छैन ।

बढ्दै गएको बेरोजगारी समस्या र यसले सामान्य परिवारका मान्छेलाई पारेको प्रभावका बारेमा प्रष्ट पार्ने काम गरिएको छ । श्रीमान्को मृत्युपछि श्रीमतीले आफ्नो जीवन आफ्ना बालबच्चा लालनपालनमा बिताउन परेको देखाइएको छ । समाजमा अहिले पनि महिला हिंसाको जरो गडेको कुरा उल्लेख गरिएको छ । त्यस्तै अन्याय, अत्याचार, बेरोजगारी समस्यालाई कथामा प्रभावकारी तरिकाले उल्लेख गरिएको छ । यही नै यस कथाको मुख्य उद्देश्य हो ।

### ३.३.८ 'सेतीको सुस्केरा' कथाको विश्लेषण

कथाकार रामलाल जोशीको ऐना कथा सङ्ग्रहमा रहेको आठौं कथा 'सेतीको सुस्केरा' हो । यस कथाकी मुख्य पात्र सेती दमिनीको केन्द्रीयता कथाको घटनाक्रम अगाडि बढेको छ । सेती दमिनी दुई वर्ष पुग्दा आमाको मृत्यु भएपछि टुहुरी बन्न पुग्छे । त्यसपछि सेतीका बाले लालनपालन गरी हुर्काउँछन् । चौध वर्षको उमेरसम्म पढाएर 'मारे पाप पाले पुण्य' भनी कुमालकोटको एक दमाइको छोरासँग उसका बाबुले बिहे गरिदिन्छन् । बिहे भएको छ महिनापछि श्रीमान् बम्बैमा जान्छ । दुई वर्षपछि बम्बैबाट घर फर्कन्छ । दुईवटी छोरी जन्मेपछि पुनः बम्बैमा जान्छ । लामो समयसम्म कुनै अत्तोपत्तो हुँदैन, एक्कासी बम्बैमा कुन्नी के रोग लागेर मरेछ भन्ने खबर आउँछ । त्यसपछि सेती दमिनीका कुदिन सुरु हुन्छन् । वरिपरिका छरछिमेक र सासुससुरासमेतले पोइ टोक्ने टोकाही र छोरी खाने बोक्सीनी भनेर गाली गर्न थाल्छन् । घरमा बसी खानु नभएपछि सेती नदीमा हाम फालेर मर्न भनी घरबाट हिँड्दा बाटोमा गोरे सुनारसँग भेट हुन्छ । अब हामी दुईजना सँगैसँगै बसौँला । नयाँ घरजम गरौँला भनेपछि सेती दमिनीका सम्पूर्ण पीडा र दुःखका दिनहरू हराएर जान्छन् । दुवैजना गाउँको सेवा गर्न चाहन्छन् भनेर त्यहाँका बासिन्दाले बस्ने बास र खाने गास व्यवस्था मिलाई दिन्छन् । खासगरी कान्छा रजबारको गोठको आडमा कटेरो बनाउन लगाएर उनकै रेखदेखमा बस्ने व्यवस्था मिलाइन्छ । कान्छा राजबार बाहिरको काम गोरेले र घरभित्रको कामदेखि लिएर सरसफाई गर्ने काम सेतीले गर्छे । एक दिन गोरेले ८/१० जना मान्छेलाई डुङ्गामा वारिबाट पारि लैजाने क्रममा नदीको बीचको ढुङ्गा पल्टिएर सबैको दुःखद् निधन हुन्छ । गोरे सुनारको त अस्तु पनि फेला पर्दैन । गोरेले दुईवटा छोरा बनाएर जिन्दगीबाट कहिल्यै नआउने तरिकाले गयो । श्रीमान् बितेको दुईवर्षपछि सेती दमिनीको पेटमा बच्चा भएको खबर सुनियो । यस्तो खबर सुनेपछि सेतीका कुदिन सुरु हुन्छन् । कान्छा राजबारले देखावटी माया गरे पनि तेरो कर्मै यस्तो तँ यहाँबाट जा भन्न थाल्छ ।

त्यसपछि कान्छा रजबारले सेती दमिनीलाई एउटा अधवैंसे मगरको जिम्मा लगाइदिन्छ । मान्छेलाई समयले जताजता डोऱ्यायो त्यतैत्यतै जान बाध्य हुँदोरहेछ । दुई छोरालाई मगरले अगाडि-अगाडि हिँडायो भने ऊ पछि-पछि लागेर मगरको घरमा पुग्छे । मगरले पुनः आफ्नै जातकी तरुनी मगर्नीसँग बिहे गऱ्यो । तीनवर्षसम्म सेती दमिनी मगरकी स्वास्नी भएर बसेपछि मगरले त दमिनी रैछेस् मेरो घरबाट निस्केर जाँ भन्यो । अब आफ्नो

भन्नु कोही थिएन । चारजना छोराहरू लिएर जङ्गलका छेस्काहरू बटुलेर सडकको किनारामा झुपडी बनाएर बसेकी छे । सुकुम्बासी बस्तीको छेउमै सानो कटेरो बारबेर बनाएर अत्यन्तै दुःख कष्टका साथ दिनहरू बिताइरहेको अवस्थामा एक हुल पुलिसहरू आएर सुकुम्बासी बस्तीमा आगो लगाइदिन्छन् । यसरी यस कथाको कथावस्तु आदि, मध्य र अन्त्य हुँदै रैखिक ढाँचामै सकिएको छ ।

प्रथम पुरुष दृष्टिविन्दुमा संरचना गरिएको यस कथामा कथाकी मुख्य पात्र सेती दमिनीको केन्द्रीयतामा कथाको घटनाक्रम अघि बढेको छ । पत्रकार म पात्रले उसका जीवनमा घटेका घटनाहरूलाई र भोग्नु परेका कुराहरूलाई रोचक ढङ्गले कथामा प्रस्तुत गरेका छन् । त्यसै गरी सेती दमिनी कथाकी मुख्य पात्र हो । लिङ्गका आधारमा स्त्री पात्र, स्वभावका आधारमा गतिशील पात्र, कार्यका आधाारमा मुख्य पात्रहरूमा कथामा देखिएकी छ । अन्य सहायक पात्रमा राजबार, गोरे मगर हुन् । यिनीहरूलाई लिङ्गका आधारमा पुरुष, कार्यका आधारमा सहायक, स्वभावका आधारमा गतिशील पात्रका रूपमा लिन सकिन्छ । नैतिक प्रवृत्तिका आधारमा असत् पात्रका रूपमा पनि यिनलाई मूल्याङ्कन गर्न सकिन्छ ।

सरल भाषाको प्रयोग र स्थानीय भाषिकाको प्रयोगले स्वभाविकता कायम भएको देखिन्छ । सरल, सहज भाषा प्रयोगका कारणले कथाले भन्न खोजेको मुख्य कुरा जुनसुकै पाठक वर्गले बुझ्न सक्छ ।

पिपल्ला बजार, बम्बै, तालगाउँ, मधेस, भदौको महिना, कर्णाली नदी, कोल्तडी, कुमालकोट, बालचौर सडक किनार आदिलाई यस कथाले परिवेशका रूपमा लिएको छ । त्यस्तैगरी जनयुद्धकालिन समयलाई पनि कथाले आफ्नो परिवेश बनाएको छ । समाजमा धेरै ठाउँहरूमा विभिन्न अन्याय, अत्याचार महिला हिंसा जस्ता नराम्रा प्रवृत्ति देखिएका छन् । त्यस्ता प्रवृत्तिहरूलाई सबै सचेत भई समाधान गर्नु पर्दछ । धनी र सम्पन्न व्यक्तिले गरीब र विपन्न व्यक्तिलाई सामाजिक, नैतिक, भाषिक तथा वर्गीय हिसाबले भेदभाव र हिंसा गर्न पाइँदैन । यदि कहीँ कतैबाट यस्ता क्रियाकलापहरू भएका छन् भने तिनीहरूलाई कडा भन्दा कडा कारवाही गर्नुपर्दछ । समाज तथा देशमा ऐन नियम बनाई दोषीलाई कडाभन्दा कडा कारवाही र निर्दोषलाई पुरस्कृत गर्नुपर्दछ यी कुराहरू नै यस कथाको मुख्य उद्देश्यका रूपमा आएका छन् । यो कथा पढिसकेपछि त्यहाँको वास्तविक जीवन बिताइरहेका मानिसका पीडा, समस्या, दुःख, वेदना आदि बुझ्न र जान्नका लागि सहज भएको छ ।

यस्ता समस्या यथाशीघ्र समाधान गरी सभ्य र आदर्श समाज निर्माणका लागि हामी सबै लाग्नुपर्दछ भन्ने सन्देश दिन खोजिएको छ ।

### ३.३.९ 'कालीको गीत' कथाको विश्लेषण

रामलाल जोशीको ऐना कथा सङ्ग्रहमा रहेको 'कालीको गीत' कथा मार्मिक कथा हो । कथाको शीर्षक र कथामा प्रयोग गरिएका विभिन्न घटना, पात्र एवम् परिवेशका बीच घनिष्ट सम्बन्ध छ । कथाकी मुख्य पात्र काली बौजूको केन्द्रीयतामा कथाको घटनाक्रम अगाडि बढ्दछ । कथाको घटनाक्रम अनुसार वर्षायामको झरीसँगै महाकाली नदी उर्लेर आएको हुन्छ । रातदिन परेको अविरल वर्षाका कारण महाकाली नदीले आदर्शबस्ती जति सबै सखाप पारेर नै जान्छ । त्यसताका काली बौजू आफ्ना बूढा बाबुलाई भेट्नका लागि माइत गएकी हुन्छे । माइतबाट फर्कदा घटेको यस्तो घटनालाई उसले आफ्नै आँखाले देख्छे । आफ्नो लोग्नेसहित चार जना छोराछोरी घरखेत महाकाली नदीले बगाएर लैजान्छ । त्यसपछि काली बौजूका दुःखका दिनहरू आईपर्छन् । पहिला जस्तै गीत गाएर र हँसाएर सबैकी प्रिय पात्र बनेकी काली बौजू अब त्यस्ती छैन । ऊ अर्धपागल बनी विभिन्न ठाउँहरूमा निर्वस्त्र रूपमा देखिन्छे । कुनै चाडपर्व उत्सव मेला आदिमा काली बौजू भइन भने गाउँका बासिन्दाले खल्लो महशुस गर्थे । गीत गाएर र ख्याल ठट्टा गरेर सबैलाई मनोरञ्जन दिने क्षमता उसमा थियो । समयको परिर्वतन सँगै अब उनको जीवन रमाइलो गरी गीत गाउने र हसाउने रहेन । परिवारको वियोगपछि ऊ अहिले अर्धपागल झैं भएकी छे । भाग्य र समयले मान्छेलाई कहाँबाट कहाँ पुऱ्याउछ कसैलाई थाहा हुँदो रहेनछ । काली बौजू आजकल नाङ्गै हिँड्ने, मुखमा आएको बोल्ने, कुकुरका छाउराहरूलाई च्यापेर सुत्ने, सार्वजनिक स्थलहरूमा निर्वस्त्र सुत्ने गर्छे । उक्त समयमा आएको वर्षातको पानीले आदर्शबस्तीलाई सखाप पारेर महाकाली नदीमा मिसाएको छ । आफ्ना बूढाबाबुलाई भेटेर घर फर्कदा अविरल वर्षा आएको थियो । आफ्नो बस्तीका सबैको निधन हुन्छ भने काली बौजूको मात्र ज्यान बचेको हुन्छ । यसरी कथाको कथानक आदि, मध्य र अन्त्य हुँदै रैखिक शैलीमा सकिएको छ । प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको यस कथामा काली बौजूका जीवनमा घटेका घटना र साच्चिकै महाकाली नदीले पश्चिम नेपालमा दिएको दुःखलाई जस्ताको तस्तै वर्णन गरिएको छ ।

कथाकी मुख्य पात्र काली बौजू नै हो । उसैको केन्द्रीयतामा कथाको घटनाक्रम विस्तार गरिएको छ । कथामा अरु पात्रहरूको खासै भूमिका देखिँदैन । त्यस्तै ऊ लिङ्गका आधारमा प्रमुख स्त्री पात्र हो भने कार्यका आधारमा मुख्य पात्र हो । स्वभावका आधारमा ऊ गतिशील पात्रका रूपमा देखिन्छ ।

चैत वैशाखका महिनाहरू, मझगाउँको ठूलो पिपल नजिकैको घर, दोधारा गाउँ, नेपाली समाजमा मनाउने विभिन्न पर्व तथा चाडहरू दलितहरूको पुरानो बस्ती चौतारा तथा विसौनीहरू आदर्श बस्ती, भुजेल र महाकाली नदीको वरिपरिको क्षेत्रलाई यस कथाले परिवेश बनाएको छ ।

सरल र सुबोध्य भाषाशैली तथा कतैकतै स्थानीय भाषिकाको प्रयोग कथामा गरिएको छ । भाषाशैली सरल, सहज र स्वभाविक भएकाले कथाले भन्न खोजेको कुरा प्रष्ट रूपमा पाठकले बुझ्न सक्छन् ।

समयको गतिसँगै मानिसहरूको जीवन कहाँबाट कहाँ पुग्छ भन्ने कुरा कसैलाई थाहा हुँदो रहेनछ । जीवनमा सधैँ सुख मात्र नआएर दुःखले पनि च्याप्दो रहेछ भन्ने कुरा देखाइएको छ । दुःख र पीडा कहिलेकहीँ प्राकृतिक प्रकोपले पनि ल्याउँदो रहेछ भन्ने कुरा कथामा उल्लेख गरिएको छ । पश्चिम नेपालमा बसोबास गर्ने मानिसलाई हरबखत महाकाली नदीले दुःख दिएको प्रसङ्ग कथामा उल्लेख गरिएको छ । यस्तै जमिन कटानदेखि घरबस्ती सबै बगाएर लैजाने घटनाहरू पनि वर्षेनी सुन्दै र देख्दै आएकोमा त्यसको रोकथामको उपाय बेलैमा अपनाउनु सरकार र त्यहाँका जनताको प्रमुख कुरा हो । यही नै यस कथाको मुख्य उद्देश्य हो ।

### ३.३.१० ‘एउटा भोकको अन्त्य’ कथाको विश्लेषण

रामलाल जोशीले रचना गरेको प्रथम कथा सङ्ग्रह ऐनामा सङ्कलित गरिएको ‘एउटा भोकको अन्त्य’ कथा अत्यन्तै मार्मिक कथा हो । पश्चिम नेपालमा बसोबास गर्ने दीनदुखी, गरीब र पिछडिएका वर्ग समुदायलाई मध्यनजर गरी यो कथा लेखिएको छ । वास्तवमा गरीबीले मान्छेको जीवन अत्यन्तै पीडादायक बन्दो रहेछ भन्ने कुरा यस कथाको माध्यमबाट देखाउन खोजिएको छ । कथाकी मुख्य पात्र कोइली रोकाया कै केन्द्रीयतामा कथाको घटनाक्रम अगाडि बढेको छ ।

लामो समयसम्म पनि प्रदेश गएका श्रीमान् घर नफर्केपछि बिहान बेलुकाको छाक टार्न निकै धौ पर्छ । त्यस्तै चार जना छोराछोरीलाई पाल्न र उनीहरूको आवश्यकतालाई पूरा गर्न निकै कठिन परेको हुन्छ । उता माइती घरमा पनि विभिन्न अभाव र समस्या छन् । बुबा मरेको तीन चार वर्ष जति हुन्छ । आमा बिमारी भएर ओछ्यानमा लडिरहेकी हुन्छे । घरतिर आम्दानीको कुनै स्रोत नभएकाले अभाव र गरीबीसँग सङ्घर्ष गर्नुपर्ने बाध्यता हुन्छ । सरकारले गरीब र विपन्न वर्गलाई राहत वितरण गर्दा पनि वास्तविक गरीब र विपन्न वर्ग को हुन् र कहाँ छन् भन्ने कुरा थाहा नपाउँदा राहत पाउन गाह्रो हुन्छ । प्रदेश गएको श्रीमान्को कुनै पनि अत्तोपत्तो हुँदैन । जसले गर्दा कोइली रोकायालाई थप मानसिक तनाव बढेर आएको हुन्छ । त्यसपछि बेखवर श्रीमान् भेट्नलाई बम्बै जाने तयारी गर्छे । बाटोमा जाँदा पुलिसहरूले रोकिदिन्छन् । दुःख, पीडा, अभाव र भोकले गर्दा कोइली रोकाया आकुल र व्याकुल भइरहेकी हुन्छे । उसलाई आफ्नो जिन्दगीप्रति घृणा र तिरस्कार जागेर आउँछ । त्यसपछि देशपारि पुलिसले जान दिँदैन देशवारी उसलाई फर्कन मन लाग्दैन । कोइली रोकायाले अब आफ्नो अगाडि र पछाडि कुनै पनि कुरा देख्दिन । उसका लागि जीवन बोझ र भारी जस्तै भएर आउँछ । एक गास खान, एक सरो लाउन र आरामसँग बस्न उसका लागि सपना सरी बन्न पुग्छ । आफ्नै जीवन र छोरीसमेत बोझ लाग्न थाल्छ । उता सरकारले गरीब र विपन्न वर्गलाई वितरण गर्ने राहत पाउन पनि सक्दिन । आफ्नो घर परिवार नातागोताले उसलाई केही पनि सहयोग गर्दैनन् । अन्त्यमा उसले जीवनमा बाँचुला जस्तो र केही गरुला जस्तो लाग्दैन र मोहना नदीमा चार जना छोराछोरीसहित हाम फालेर आत्महत्या गर्छे । यसरी यस कथाको कथानक आदि, मध्य र अन्त्य हुँदै सकिएको छ ।

कथाको मुख्य पात्र कोइली रोकाया नै हो । यस पात्रकै केन्द्रीयतामा कथाको घटनाक्रम अगाडि बढेको छ । लिङ्गका आधारमा प्रमुख स्त्री पात्र हो भने कार्यका आधारमा मुख्य पात्र हो । स्वभावका आधारमा गतिशील पात्र हो । सामाजिक आर्थिकस्तरका दृष्टिले निम्न वर्गीय पात्र हो । गरीब र विपन्न वर्गले जीवन कसरी भोग्छन् भन्ने कुरा कथाकी मुख्य पात्र कोइली रोकायाको प्रस्तुतिबाट प्रष्ट हुन्छ ।

यस कथाले पनि पश्चिम नेपालका विभिन्न ठाउँलाई आफ्नो परिवेशका रूपमा लिएको छ । बाजुराको कोल्टी वरिपरिको क्षेत्र, बाटुलेचौर, गाउँ र सहरका विभिन्न ठाउँहरू बाजुरा, धनगढी आदि ठाउँलाई कार्यपिठीका बनाएर कथाको घटनाक्रम अगाडि बढेको छ ।

अन्य कथामा जस्तै यस कथामा पनि सरल, सहज र सुबोध्य भाषाशैलीको प्रयोग गरिएको छ । जसले गर्दा यस कथाको उद्देश्य र सार वस्तुलाई सजिलै बुझ्न सकिन्छ । कतैकतै स्थानीय भाषिकाको प्रयोगका कारणले कथा रोचक र आकर्षण बन्न पुगेको छ । गरीबी, अभाव र पछौटेपनले मान्छेको जीवनमा नकारात्मक प्रभाव पार्छ भन्ने कुरा देखाउनु यस कथाको मुख्य उद्देश्य हो । त्यस्तै गरी कोइली रोकाया जस्तै अनगिन्ती भोक शोकले जीवन बिताइरहेका मानिसहरू पनि प्रसस्तै मात्रामा छन् । तिनीहरूको पनि अवस्था यस्तै रहेको छ । मान्छेलाई पुगिसरी नहुँदा अथवा बिहान बेलुकाको छाक टार्न समस्या हुँदा जीवनदेखि हार खाएर आत्महत्या गर्न पुग्दा रहेछन् भन्ने कुरा देखाउनु मात्रै नभएर विभिन्न समस्यहरू भएपनि ती समस्यालाई समाधान गर्ने उपाय निकाली सुख, सन्तोष र आनन्दसँग मानव जीवन बिताउनु पर्छ भन्ने कुरा नै यस कथाको उद्देश्य हो ।

प्रस्तुत कथाको शीर्षकलाई हेर्दा सार्थक नै मान्नु पर्छ । कथाकारले एउटा भोकको अन्त्य शीर्षक दिएर त्यसैसँग सम्बन्धित घटनालाई पूर्णता दिने काम गरेका छन् । जुन कुरा कोइली रोकायाको जीवनसँग सम्बन्धित छ । तसर्थ कथाको शीर्षक सार्थक नै मान्नुपर्छ ।

### ३.३.११ 'भर्जिन' कथाको विश्लेषण

साहित्यकार रामलाल जोशीको ऐना कथा सङ्ग्रहमा रहेको 'भर्जिन' एघारौँ कथा हो । यस कथामा सारिका यस कथामा मुख्य पात्रको रूपमा उभिएकी छे । उसकै केन्द्रीयतामा कथाको घटनाक्रम अगाडि बढ्छ । सीमान्तकृत वादी समुदायमा बसोबास गर्ने मानिसको जीवनशैलीलाई आधार बनाएर यो कथा लेखिएको छ । कथाको घटनाक्रम अनुसार सारिका यस कथाकी मुख्य पात्र हो । म पात्र रिपोटिङ् गर्ने क्रममा विस्नुकान्तिपुर पुगेको हुन्छ । वास्तवमा यहाँ म पात्र वादी टोलका देहव्यापार गर्ने महिलाका बारेमा रिपोट गर्न गएको हुन्छ । आर्थिक रूपले कमजोर, विपन्न वर्ग तथा अनेकौं अभावहरूसँग सङ्घर्ष गर्न बाध्य भएका त्यहाँका महिलाले जीवन सञ्चालन गर्नका लागि यौन धन्दा गर्दछन् । त्यहाँ परम्परागतदेखि नै यौन व्यवसाय गरेर बिहान बेलुकाको छाक टार्ने गरिन्छ । उच्च वर्ग र सरकारी कर्मचारीहरू पनि यौन समागम गर्नका लागि त्यही टोलमा आएका घटनाहरू ताजै हुन्छन् । त्यस ठाउँको चलनअनुसार आफ्नै आमाका लागि ग्राहक खोज्ने, आफ्नै श्रीमतीका लागि ग्राहक खोज्ने, आफ्नै छोरीको लागि ग्राहक खोज्ने परम्परा हुन्छ । यस कथाकी मुख्य पात्र सारिकाको पनि दिनचर्या यस्तै छ । यौनधन्दा गर्नका लागि आफ्नै श्रीमान्ले ग्राहक

खोज्नेदेखि लिएर सबै व्यवस्था मिलाएको हुन्छ । रिपोट गर्न आएको पत्रकारलाईसमेत आफ्नै ग्राहक ठानी त्यस्तै खालको व्यवहार गर्दछे । १२/१३ वर्षका बालबालिकालाईसमेत देह व्यापारमा संलग्न गराउने चलन देखिन्छ । यसरी कथाको घटना आदि, मध्य र अन्त्य हुँदै रैखिक ढाँचामै समाप्त भएको छ ।

प्रथम पुरुष दृष्टिविन्दुमा रचना गरिएको यस कथाकी मुख्य पात्र सरिका नै हो । उसकै केन्द्रीयतामा कथाको घटनाक्रम शुरु भएको छ । कार्यका आधारमा मुख्य पात्र, स्वभावका आधारमा गतिशील पात्र, जीवनचेतनका आधारमा वर्गीय पात्रका रूपमा देखिन्छे । त्यस्तैगरी साथी भीमे, मल्लराज, तारा, भुसतीघ्रे मोटेदेसी आदि सहायक पात्रका रूपमा आएका भए तापनि कथा यी पात्रको खासै उल्लेख्य भूमिका पाइदैन ।

विस्नुकान्तिपुर, वादी टोल, मुडाबजार आदि ठाउँहरूलाई यस कथाले आफ्नो कार्यस्थल बनाएको छ । ती मध्ये विस्नुकान्तिपुरस्थित वादी टोललाई कथाले आफ्नो प्रमुख कार्यस्थल बनाएको छ । त्यस्तैगरी सम्पूर्ण वादी टोलका गतिविधि, चालचलन, परम्परालाई पनि कथाले आफ्नो परिवेश बनाएको छ ।

कथामा सरल भाषाशैली प्रयोग गरिएको छ । वादी समुदायका मानिसहरूले गर्ने क्रियाकलापलाई कथाकारले सरल, सहज र सुविधायुक्त भाषाशैली प्रयोग गरेर पाठक वर्गलाई सजिलो बनाएका छन् । कथाका कतै-कतै स्थानीय भाषिकाको प्रयोग गरिएको छ । जसले गर्दा स्थानीय विशेषमा बोलिने भाषाहरूको झलक देखा पर्दछ ।

पश्चिम नेपालको अति विकट क्षेत्र विस्नुकान्तिपुरस्थित वादी समुदायमा बसोवास गर्ने मानिसको सामाजिक, आर्थिक परम्परागत मूल्य मान्यता, रीतिरिवाज तथा जीवन शैलीलाई उजागर गर्नु यस कथाको मुख्य उद्देश्य रहेको छ । गरीबी र अभावको मारमा परेका सीमान्तकृतवादी महिलाले जीवन सञ्चालन गर्न यौन व्यवसायलाई आफ्नो मुख्य पेसा बनाएको कुरा प्रष्ट हुन्छ । समाजमा यस्ता विकृतिजन्य कुराहरूले समाज उन्नतितिर नभई अधोगति र असुरक्षित बन्दै जाने क्रममा कुनै दुई मत छैन । त्यसैले समय, आदर्श र विकृति र विसङ्गतिरहित समाजको निर्माण गर्ने अपेक्षा राख्नु यस कथाको मुख्य उद्देश्य हो । अर्को कुरा स्थानीयस्तरमै जीवकीपार्जन गर्ने अन्य स्रोत र साधनहरूलाई प्रयोग गर्ने स्थिति सिर्जना गर्नुपर्ने आवश्यकता बोध यसले गराएको छ ।

### ३.३.१२ 'मुक्ति' कथाको विश्लेषण

कथाकार रामलाल जोशीको ऐना कथा सङ्ग्रहमा रहेको 'मुक्ति' कथा एक सन्देशमूलक कथा हो । यस कथाकी मुख्य पात्र करुणाको केन्द्रीयतामा कथाको घटनाक्रम अगाडि बढ्छ । गोविन्दले माता नैनादेवी भगवतीको मन्दिरमा चारवर्ष अघि करुणासँग विवाह गरेको हुन्छ । चारवर्षको अन्तरमा गोविन्दले तीन जना छोराछोरीको जन्म दिएर सङ्गीतप्रतिको अनुराग र तृष्णा मेट्न बनारस जान्छ । भर्खरै वैंसमा पाइला टेकेकी करुणाले सबै चिजबाट सन्तुष्ट भए पनि शारीरिक सम्बन्धबाट सन्तुष्ट बन्न सकेकी थिइन । बाल्यकालदेखिकै चिन्ने साथीलाई करुणाले विभिन्न बहाना बनाई यौनच्छा मेटाउनका लागि घरमै बोलाउने गर्दछे । पटक-पटक तिनीहरू बीच यौन सम्बन्ध कायम रहन्छ । उता सात वर्षपछि बनारसबाट आध्यात्मिक शिक्षा र सङ्गीतको पाठ सकेर गोविन्द घर आएको हुन्छ । भगवती मन्दिरमा पहिलेदेखि नै पूजा पाठ, भजन कीर्तन गर्दै आएका गोविन्द शर्मालाई सात वर्षपछि पुनः मन्दिरमै बडो सम्मानका साथ राखिन्छ । गोविन्दले आफ्नी श्रीमतीको शील स्वभाव र चालचलन राम्रैसँग बुझेको हुन्छ । यस्तो चरित्रहीन काम गर्ने श्रीमतीसँग मुक्ति पाउन चाहान्छ । त्यही मन्दिरलाई साक्षी राखेर १२ वर्ष अघि उनीहरूले विवाह गरेका थिए । आज त्यही मन्दिरमा उनीहरूको विछोड हुँदैछ । सबै मान्छेलाई मन्दिर परिसरमा बोलाउँछन् । एकचोटि आफ्नी श्रीमतीलाई गोविन्दले अङ्कमाल गर्दछ त्यसपछि केही नबोली एउटा भुसतिघ्रे चौकीदार जस्तो मान्छेलाई बोलाएर उसको हातमा आफ्नी श्रीमतीको हात राखिदिन्छ । त्यहाँ उपस्थित भएका सबै जनाले दुःखका आँसु बगाउँछन् । त्यसपछि भुसतिघ्रे मान्छेको अगाडि करुणा लागेपछि गोविन्दले जीवनमा ठूलो मुक्ति पाएको अनुभव गर्दछ । करुणालाई आफ्नो जीवनबाट विदा गरेपछि पनि कत्ति विचलित नभएका गुरु गोविन्द शान्त, शालीन र गम्भीर मुद्रामा देखिन्छ ।

कथा रैखिक ढाँचामा आदि, मध्य र अन्त्य हुँदै समाप्त भएको छ । प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको यो कथा यौन व्यापारसँग सम्बन्धित छ । कथाकी मुख्य पात्र करुणाको केन्द्रीयतामा कथा अघि बढी अन्त्य पनि उसैबाट भएको छ । कथाको शीर्षक पनि सार्थकै देखिन्छ । चरित्रहीन करुणाले आफूलाई पूर्ण रूपमा परपुरुषसँग अनैतिक रूपले यौन सम्बन्ध गाँसेकी हुन्छे । यो कुरा गुरु गोविन्दले राम्रैसँग बुझेको हुन्छ । यस्ती श्रीमतीसँग जीवन जिउनु भन्दा मुक्ति र छुटाकरा पाउनु नै उपयुक्त ठानी भुसतिघ्रे पाले जस्तो मान्छेलाई जिम्मा लगाएको छ । तसर्थ कथाको शीर्षक उपयुक्त नै छ ।

करुणा यस कथाकी मुख्य स्त्री पात्र हो । कथाको प्रायःजसो भाग उसकै केन्द्रीयतामा अगाडि बढेको छ । लिङ्गका आधारमा स्त्रीपात्र, कार्यका आधारमा मुख्य पात्र, नैतिक प्रवृत्तिका आधारमा प्रतिकूल पात्र, स्वभावका आधारमा गतिशील पात्रका रूपमा देखिन्छे । करुणा चरित्रहीन स्त्रीका रूपमा देखा पर्छे । आफ्नो श्रीमान् बनारसमा अध्ययन गर्न र सङ्गीत सिक्न गएको बेला घरमा परपुरुषसँग यौन सम्बन्ध गाँस्न पुग्छे । यौनेच्छामा चुर्लम्म डुबेर आफ्नो घरपरिवार, छोराछोरी र श्रीमान्कोसमेत प्रवाह गर्दिन । यसकारण उसको गतिविधि थाहा पाएपछि गोविन्दले सदाका लागि विदाई गर्दछ ।

त्यस्तै गरी कथाको मुख्य पुरुष पात्र गोविन्द हो । लिङ्गका आधारमा उसलाई पुरुष पात्रका रूपमा स्वभावका आधारमा गतिशील पात्र, प्रवृत्तिका आधारमा सत्पात्र, कार्यका आधारमा मुख्य पात्रको रूपमा लिन सकिन्छ । गोविन्द बिहान पूजापाठ गर्न सबैलाई अर्ती उपदेश दिने, जीवन जगत्का कुराहरू सिकाउने पात्र हो । सम्पूर्ण गतिविधिलाई हेर्दा ऊ असल र सत्चरित्र भएको पात्र हो । आफ्नै श्रीमतीले अनैतिक काम गरेपछि भुसतिघ्रे मान्छेको जिम्मा दिएर संसार र पारिवारिक जीवनबाट मुक्ति पाएको छ । नैनादेवी मन्दिर, पीपलको बोटमुनिको चौतारो, धनगढी बजार, बनारस आदि स्थानहरूलाई यस कथाले आफ्नो परिवेश बनाएको छ । यिनै ठाउँहरूमा कथाका घटनाक्रम घटेका छन् ।

यो कथा पूर्ण रूपमा यौन मनोविज्ञानमा आधारित छ । जसरी मान्छेलाई गास, बास, कपासको आवश्यकता पर्दछ त्यसै गरी यौनको पनि आवश्यकता पर्दछ भन्ने कुरा कथाकी मुख्य स्त्री पात्र करुणाको चरित्रबाट देखाइएको छ । समाजमा यौन दुराचार बढ्दै जाँदा यसले विकराल रूप लिन्छ साथै आफ्नै हाड नातामा पनि यौन दुराचार बढ्न सक्ने र यसबाट भयानक स्थिति देखिन सक्छ । आजकल बेरोजगारीको समस्याले गर्दा कतिपय मान्छेहरू यौन व्यापार गर्दछन् । त्यो उनीहरूको वाध्यता पनि हुन सक्छ । जे होस् यस्तो अवस्था आउन नदिन सबै सजग हुनुपर्दछ । सरकारले रोजगारको अवसर दिनु पर्दछ भन्नु नै यस कथाको मुख्य उद्देश्य हो ।

### ३.३.१३ 'यथार्थ भ्रम' कथाको विश्लेषण

कथाकार रामलाल जोशीको ऐना कथा सङ्ग्रहमा रहेको 'यथार्थ भ्रम' कथा वास्तविक रूपमा भ्रम सिर्जना गर्ने खालको कथा हो । तृतीय पुरुष दृष्टिविन्दुमा रचना गरिएको यस कथाको प्रमुख पात्र ऊ हुन्छ र उसकै केन्द्रीयतामा कथाको घटनाक्रम अगाडि

बढ्छ । कथाको घटनाक्रम अनुसार एका बिहानै चन्द्रे दमाइलाई भेट्न साहुखर्क जान्छ । बाटोमा जाँदाखेरि बैदार र तालुकेका गोठमा भैँसीको सिङ्मा बासले घोचेर उभिएको हुन्छ । यसले भैँसीलाई निकै अप्ठ्यारो पर्दछ । यस्तो अबोध प्राणीको सेवा गर्नुपर्ने उसले सोच्छ र भैँसीलाई बचाउँछ । उता फेरि नरेसँग ऊ मात्रको झगडा परिरहन्छ । यसै क्रममा नरले भैँसीलाई करनी गऱ्यो भन्ने हल्ला फैलाइदिन्छ । यसरी उसलाई गाउँका मानिसहरूले राम्रो मान्दैनन् । वास्तवमा उसले त्यस्तो निच काम गरेको थिएन केवल भैँसीलाई बचाएको मात्रै थियो । नचाहिने हल्ला र भ्रम सिर्जना गर्ने कामले उसकी श्रीमती र आमाले विभिन्न आरोप लगाई देश छोड्ने बनाउँछन् । त्यसपछि ऊ २१ वर्षसम्म परवानीपुरमा पञ्जावी सेटको गाई पालन गरेर बिताउँछ । त्यो समयावधिसम्म घरपरिवारले पनि खोजी गरेनन् भने उसले पनि घरपरिवारको खोजी गरेन ।

एक दिन बिहान उठ्नुभन्दा २ घण्टा अगाडि एउटा डरलाग्दो र नराम्रो सपना देख्छ । यस्तो नराम्रो र अशुभ सपना देखेपछि उसलाई रुन मन लाग्छ । भोलिपल्ट एउटा झोला टिपेर ऊ त्यहाँबाट ३/४ दिनपछि घर आउँछ । आज ऊ २१ वर्षपछि परदेशबाट स्वदेश फर्किएको छ । लामो समयको अन्तरालमा गाउँमा निकै परिवर्तन भएको देख्छ । आफ्नै गाउँको हरियो वनजङ्गल र अविरल रूपमा बहने सेती नदी देखेर उसलाई आनन्द आउँछ । बाटोमा बैंसले फर्किएकी सुन्दरी युवतीले कपालमा गुराँस सिउरेर घाँसको भारी ल्याउँदै गरेको देख्दा आफ्नै श्रीमती हो कि जस्तो लाग्छ । ऊ विस्तारै घरतिर आउँदै गर्दछ । समयको परिवर्तनसँगै घर परिपरिको वातावरण पनि परिवर्तन भएको देख्छ । परबाट दाउराको भारी बोकेर एक क्लान्त र क्षीण महिला घरतर्फ आउँदै गरेको उसले देख्छ । आफ्नै आमा नै हुन भन्ने लाग्छ । मैलो र धुस्रोधास्रो धोती, फाँटेका चप्पल, चाउरी परेको अनुहार देखेर आत्मग्लानीसमेत हुन्छ । तर ऊ आमा नभएर आफ्नै श्रीमती भएको कुरा प्रष्ट हुन्छ । गाउँको दुःख, कष्ट, पीडा र समस्याले गर्दा आफ्नी श्रीमती बूढी भएकी हुन्छे । एक आपसमा चिनजानपछि अङ्कमाल गर्दछन् । तल बाटोमा घाँसको भारी लिएर आउने उसकी छोरी करुणा हुन्छे । एकोहोरो रूपमा आफ्नो बुबालाई हेरिरहेकी हुन्छे । करुणाले धुपवत्ती र दीप बाली प्रशंसा गर्नका लागि घरभित्र पस्न खोज्छे । हेदाहेर्दै उसको संसार अलप भइसकेको हुन्छ । यो एक भ्रम तथा यथार्थभ्रम सावित भएको उसलाई प्रस्ट हुन्छ । अन्य कथाहरू जस्तै यो कथा रैखिक ढाँचामा छैन । वृतकारीय रूपमा कथाको घटना अगाडि

बढेको छ । तृतीय पुरुष दृष्टिविन्दुमा यो कथा संरचना गरिएको छ । वास्तवमा केन्द्रीय चरित्र ऊ पात्रको नै मुख्य भूमिका रहेको छ ।

यस कथाका पात्रहरूमा ऊ, इन्द्रा, करुणा, आमा, चन्द्रे दमाई हुन् । यी पात्रहरू मध्ये ऊ यस कथाको मुख्य पुरुष पात्र हो । त्यस्तै यस पात्रलाई जीवन चेतनका आधारमा व्यक्तिगत पात्र प्रवृत्तिका आधारमा सत्पात्र, स्वभावका आधारमा गतिशील पात्रका रूपमा पनि हेर्न सकिन्छ । त्यस्तै गरी इन्द्रा र आमा सहायक पात्र र चन्द्रेदमाई गौण पात्रका रूपमा कथामा प्रस्तुत भएका छन् ।

यो कथाले पनि पश्चिम नेपालको विकट ग्रामीण क्षेत्रलाई आफ्नो कथाको परिवेश बनाएको छ । त्यस्तै भारतको पञ्जावलाईसमेत आफ्नो परिवेश बनाएर कथालाई गति प्रदान गरेको देखिन्छ । अन्य कथामा जस्तै यस कथामा पनि सरल र सहज भाषाशैलीको प्रयोग गरिएको  छ । आफ्नो नियन्त्रण भन्दा बाहिरको कुरा सोच्नु हुँदैन, सत्य, तथ्य कुरा बुझेर मात्रै जीवनका अगाडि बढ्नुपर्दछ । अनावश्यक कुरा मनमा खेलाएर मानसिक सन्तुलन बिगार्नु हुँदैन । आत्मसन्तोष राख्नुपर्दछ । राम्रो कर्म गरे फल पनि राम्रै प्राप्त गर्न सकिन्छ भन्ने कुरा नै यस कथाको उद्देश्य हो ।

### ३.३.१४ 'श्रीमान् वीरबहादुर' कथाको विश्लेषण

कथाकार रामलाल जोशीको ऐना कथा सङ्ग्रहमा रहेको 'श्रीमान् वीरबहादुर' चौधौँ कथा हो । कथाकी मुख्य पात्र प्रेमलताको केन्द्रीयतामा कथाको घटनाक्रम अगाडि बढेको छ । कथाको घटनाक्रम अनुसार पाँच वर्षको उमेरमा प्रेमलताकी आमाले छोडेर गएपछि बाबाको माया, ममता र स्नेहमा हुर्कदै जान्छे । उसका बाबा सरकारी कर्मचारी भएको हुनाले काठमाडौं सरुवा हुन्छ । प्रेमलता पनि आफ्ना बाबासँग डेरामा सँगसँगै बस्न थाल्छे । विस्तारै हुर्कदै गएपछि ऊ यौवनमा प्रवेश गर्दछे । समयको परिवर्तनसँगै प्रेमलता एक जना राजन नामक गरेको युवकको प्रेममा फस्छे । लामो समयसम्म तिनीहरूको प्रेम र हिमचिम बढ्दै जान्छ । यसरी समय बित्दै जाँदा प्रेमलता गर्भवती बन्छे । त्यसपछि राजन आउला भन्ने आशाले ऊ धेरै दिनसम्म कुरिरहन्छे । उसको अत्तोपत्तो नभएपछि सम्पूर्ण आशा निराशामा परिवर्तन हुन्छ । एक दिन प्रेमलतालाई सुत्केरी हुने व्यथाले अत्याउँछ । आफ्नो चिने जानेको कोही नभएपछि निकै अफठ्यारो अवस्था आउँछ । पल्लो घरको एउटा कोठामा वीरबहादुर नाम गरेको व्यक्ति बस्थ्यो । उसैले प्रेमलतालाई अस्पताल पुऱ्याउन सहयोग

गर्दछ । त्यसपछि नवजात शिशुको जन्म हुन्छ । अस्पतालबाट डिस्चार्ज गरी कोठामा फर्कने तयारी हुन्छ । डिक्चार्ज कार्डमा बालकको बाबुको नाम वीरबहादुर चौधरी लेखिएको हुन्छ । आमाको नाममा प्रेमलता नै हुन्छे । भर्ना गर्ने बेलामा वीरबहादुरले बाबुको नाममा आफ्नै नाम लेखिदिएको हुन्छ । त्यसपछि प्रेमलताले बाबुको नाम थर सच्चाउन खोज्छे तर बाबुको नाममा कसलाई राख्ने भन्ने दोधारमा पर्दछे । अन्त्यमा वीरबहादुरलाई नै बच्चाको बाबा र आफ्नो श्रीमान्को रूपमा स्वीकार गर्दछे ।

कथा रैखिक ढाँचामा आदि, मध्य र अन्त्य हुँदै समाप्त भएको छ । प्रथम पुरुष दृष्टिविन्दुमा रचना गरिएको कथाको शीर्षक पनि उपयुक्त नै मान्नु पर्दछ । रिक्सा चालक वीरबहादुरले राजनले गर्भवती बनाएर धोका दिएपछि सुत्केरी हुने बेलामा अस्पताल पुऱ्याएर सहयोग गरेको छ । बाबुआमाको नाम लेख्ने क्रममा उसले आफ्नो नाम लेखिदिएको हुन्छ । प्रेमलताले पनि श्रीमान्कै रूपमा स्वीकार गरेकी हुनाले शीर्षक सार्थक नै देखिन्छ ।

वीरबहादुर र प्रेमलता यस कथाका मुख्य पात्र हुन् । उनीहरूकै केन्द्रीयतामा कथाको घटनाक्रम अगाडि बढेको छ । वीरबहादुर कथाको मुख्य पुरुष पात्र हो । लिङ्गका आधारमा पुरुष पात्र, कार्यका आधारमा मुख्य पात्र, जीवनचेतनाका आधारमा व्यक्तिगत पात्र, सामाजिक, आर्थिकस्तरका रूपमा निम्न वर्गीय पात्रका आधारमा मूल्याङ्कन गर्न सकिन्छ । त्यस्तै यस पात्रलाई सहयोगी, मिलनसार र सत् पात्रका रूपमा पनि लिन सकिन्छ ।

प्रेमलता यस कथाकी मुख्य स्त्री पात्र हो । कथाको घटनाक्रम प्रायः गरेर उसकै केन्द्रीयतामा अगाडि बढेको छ । लिङ्गका आधारमा स्त्रीपात्र, कार्यका आधारमा मुख्य पात्र, जीवन चेतनाका आधारमा प्रतिनिधिमूलक पात्र, स्वाभावका आधारमा गतिशील पात्रका रूपमा देखिन्छे ।

कथामा अन्य कथामा जस्तै सरल भाषाशैलीको प्रयोग गरिएको छ । कतै-कतै स्थानीय जनसमुदाय (थारु समुदायले) बोल्ने भाषाको पनि प्रयोग गरिएको छ । सरल, सहज र क्लिष्ट भाषाको प्रयोग गरिएकाले पाठकवर्गले कथाको सार तत्त्व राम्ररी बुझ्न सक्छ । हसुतिया, त्रिवेणी चोक, गौरीफन्टा, क्याम्पस रोड, काठमाडौं, एलएनचोकको पार्कमोड, महेन्द्र बस्ती आदि क्षेत्रलाई यस कथाले आफ्नो परिवेश बनाएको छ ।

समाजमा शिक्षित वर्ग, ठूलाबडा र आफूलाई उच्च भनाउँदाहरूले समाजमा थिचोमिचो, अन्याय, अत्याचार यौन शोषण गर्दछन् भन्ने कुरालाई प्रष्ट रूपमा देखाइएको छ । समाजमा यौन दुराचार बढ्दै गएको र यसलाई समयमै नियन्त्रण गर्नु पर्दछ भन्ने कुरा

देखाइएको छ । आजकल मनमा आफ्नो श्रीमान्लाई राजा भन्ने तर हृदयमा अर्कैलाई बास बसाउने आधुनिक युगको विकृतिलाई पर्दाफास गरिएको छ । माथि उल्लेख गरिएको कुराहरू नै यस कथाको मुख्य उद्देश्य हो ।

### ३.३.१५ 'श्रीमती जुगुनीदेवी' कथाको विश्लेषण

कथाकार रामलाल जोशीले पश्चिम नेपालको सामाजिक-आर्थिक, सांस्कृतिक र राजनीतिक परिवेशलाई आधार बनाएर लेखेका छन् । प्रस्तुत गरिएको 'श्रीमती जुगुनीदेवी' कथाको मुख्य पात्र जुगुनीदेवी नै हुन्छे । यसकै केन्द्रीयतामा कथाको घटनाक्रम अगाडि बढेको छ । कथाको घटनाक्रम अनुसार मुक्त कमैया बस्तीमा उसको लोग्ने चुन्नुलाललगायत गाउँका मानिसहरू बङ्गुर काट्नमा व्यस्त हुन्छन् । गाउँका केटाकेटी पनि त्यही मासु काट्ने ठाउँमा उभिएका हुन्छन् । दिनभरि काममा गएकी जुगुनीदेवीले साँझ घरमा आएर हातमुख धुन्छे । जाँड भएको माटोको घैंटोमा हुर्छे, त्यहीँ जाँड सकिएको हुन्छ । आजको बङ्गुरको मासु सितन विना नै खानुपर्ने भयो भनेर खिन्नता व्यक्त गर्दछे । त्यसो त दिनभरि काममा थाकेका लोग्ने स्वास्नीलाई जाँड नभए त निद्रा नै पर्दैन । त्यसैले ऊ जाँड लिन फाल्गुनाको आँगनमा टेकेर आशमतीको दैलोमा पुग्छे । आशामती निर्वस्त्र रूपमा एकै ठाउँमा सुतिरहेको देख्छे । वंशराम तरकारी विऊ बिजन वितरण र उत्पादन सम्बन्धी मुक्त कमैया शिविरमा छलफल चलाउने एनजीओको मान्छे हुन्छ । आशामतीले लज्जास्पद रूपमा ग्यालिनमा जाँड राखिदिन्छे र जुगुनीदेवी घरतिर फर्किन्छे । वंशरामले आशमतीलाई मन पराए जस्तै फिरुलालले पनि मलाई मन पराएपछि म पनि सुन्दरी छु भन्ने लाग्छ । उसलाई फिरुलालको हातबाट खसी र चुरोट खान असाध्यै मन लगिरहेको हुन्छ । उक्त समयमा चुनावको वेला आएको हुन्छ । पहिला जे-जेमा भोट हाल्ने निर्णय गरे पनि अलिकति लोभ लालच देखाएपछि उनीहरूको निर्णय परिवर्तन भइहाल्छ ।

एक दिन भोट हाल्ने दिन आउँछ । फिरुलाल र जुगुनीदेवी भोट हालेर घर फर्कन्छन् । जुगुनीदेवीले भान्सातिर हेर्दा खानेकुरा केही पनि हुँदैनन् । त्यसको केही समयपछि चुन्नुलाल पनि भोट हालेर घर आउँछ । घरमा भोकले याकुलव्याकुल भएर आउँदा श्रीमती नदेखेपछि ऊ झन् आत्तिन्छ । पसलतिर सुर्ती किन्न जाँदा आफ्नी श्रीमती जुगुनीदेवी त फिरुलालको घरमा गएर भात पकाई रहेको देख्छ । त्यसपछि खानेकुरातिर हेरेर घुटुक्क थुक निलेर पसलतिर लाग्छ ।

कथा आदि, मध्य र अन्त्य हुँदै रैखिक ढाँचामै सकिएको छ । प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको यस कथाकी मुख्य पात्र श्रीमती जुगुनीदेवी नै हो । श्रीमती नै यस कथाकी मुख्य पात्र हो । स्वभावका आधारमा गतिशील पात्र, कार्यका आधारमा मुख्य पात्र, लिङ्गका आधारमा स्त्री पात्र आदिका आधारमा यस पात्रलाई मूल्याङ्कन गर्न सकिन्छ । कथाकी मुख्य पात्र भएको कारणले मुक्तकमैया क्षेत्रमा बसोबास गर्ने स्त्री जातिको उसले प्रतिनिधित्व गरेकी छे । त्यस्तै यसलाई केन्द्रीय चरित्रका रूपमा मूल्याङ्कन गर्न सकिन्छ ।

चुन्नुलाल, फिरुलाल, वंशराम यी पात्रहरू यस कथाका सहायक पात्रहरू हुन् । त्यस्तै गरी जगतराम चुइयाँ, भरधरी, फाल्गुना, आशामती, कृष्ण, सरिता, सोमन, भङ्गिराम आदि गौण पात्रहरू हुन् । अन्य कथामा जस्तै यस कथामा पनि सरल भाषाशैलीको प्रयोग गरिएको छ । ठाउँठाउँमा मुक्त कमैयाले बोल्ने स्थानीय भाषिकाको पनि प्रयोग गरिएको छ । जे होस् सरल र सुबोध्य भाषाशैलीका कारण कथा रोचक र पठनयोग्य बनेको छ । पश्चिम नेपालमा पर्ने एक विकट गाउँ मुक्त कमैया बस्तीलाई यस कथाले आफ्नो परिवेश बनाएको छ । त्यस्तैगरी चुनावको बेलाको समयलाई पनि कथाले आफ्नो परिवेश बनाएको छ । खासगरी मुक्त कमैया बस्तीको चालचलन, रीतिरिवाज, परम्परा र संस्कृतिलाई यस कथाले आफ्नो मुख्य परिवेश बनाएको छ ।

अशिक्षा, अभाव, बेरोजगार, अन्धविश्वास, पुरानो संस्कृति, जनचेतनाको अभाव आदिका कारण त्यहाँका मानिसले झेल्नु परेका समस्यालाई देखाइएको छ । त्यस्तै गरी समाजमा टाठाबाठाले यौन दुराचारको समस्या निम्ताएको कुरा वंशरामको स्वभाव प्रष्ट हुन्छ । सीमान्तकृत समुदायमा शिक्षा, जनचेतना र रोजगार पुऱ्याई सामाजिक विकृति विसङ्गति घटाउने विचार व्यक्त गर्नु यस कथाको मुख्य उद्देश्य हो ।

### ३.३.१६ 'साइबर सेक्स' कथाको विश्लेषण

आधुनिक नेपाली कथाका नयाँ स्रष्टा जोशीको ऐना कथा सङ्ग्रहमा सङ्कलित 'साइबर सेक्स' कथा मोबाइलको गलत प्रयोगका कारण उत्पन्न भएको समस्यालाई देखाइएको छ । कथाको घटनाक्रम अनुसार कथाकी मुख्य पात्र तारा सलोनी हो । उसकै केन्द्रीयतामा कथाको घटनाक्रम अगाडि बढेको छ । कथा अनुसार तारा सलोनीको विवाह चौधवर्षको उमेरमा भारतको दिल्लीमा काम गर्ने एउटा गाउँले केटासँग हुन्छ । तारा सलोनीले तीन चार वर्षको अन्तरालमा एउटा छोरी र एउटा छोराको जन्म दिएकी हुन्छे ।

श्रीमान् प्रायः काममा गई रहनुपर्ने हुनाले कोठाको एक्लो दिक्दारी जीवन जीउन उसलाई निकै मुस्किल पर्दछ । त्यसपछि सेठको छोरासँग माया प्रेम बस्न थाल्छ । उसको लोग्नेले अस्वभाविक अवस्थामा देखेपछि तुरुन्तै दिल्ली छोडी पश्चिम नेपालको कञ्चनपुर भन्ने ठाउँमा होटल गरी बस्न थाल्छ । लगातार करिब चार वर्षजति उनीहरूले त्यहाँ होटल चलाउँछन् । होटलमा खानेबस्ने गर्दा गर्दै एसपी सूर्य विक्रमसँग ताराको गहिरो प्रेम बस्छ । उनीहरू बीच लसपस र उठवस लगातार रूपमा दोहोरिरहन्छ यस्तो अवस्था सिर्जना भएपछि श्रीमतीलाई छोडेर पुनः लोग्ने दिल्ली फर्किन्छ । एसपी सूर्य विक्रमसँग तारा सलोनी पोइला जान्छे ।

पोइला गएको तीन वर्षपछि एसपी सूर्य विक्रमको मुटुको रोगबाट निधन हुन्छ । त्यसपछि उसको सम्बन्ध चक्रेसँग जोडिन्छ । मान्छेहरू भन्छन् चक्रेको पाँचौं श्रीमती तारा हो । एसपीसँग आउनुभन्दा अगाडि ऊ आफ्ना छोराछोरीसँग मुक्त थिई । आजकाल विगत सात महिनादेखि ऊ चरम साइबर सेक्समा व्यस्त छे । उसको सेक्स पाटनर भारतको बङ्लोर विश्वविद्यालयमा अध्ययन गर्दछ । फेसबुकमा देखिएको खाइलाग्दो युवक देखेर तारा सलोनी मख्ख पर्दछे । दिनहुँका दृष्य र संवादले उनीहरूको सम्बन्ध प्रेमी र प्रेमीकाका रूपमा परिणत हुन्छ । अब उनीहरूमा सबै पूरा भएर शारीरिक सम्बन्ध गास्न मात्रै बाँकी रहन्छ । विगतमा भएका आ-आफ्ना बारेका कुराहरू गर्दैजाँदा ती प्रेमिका र प्रेमी आफ्नै आमा छोरा हुन्छन् । तुरुन्तै तारा सलोनीले नेट बन्द गर्दछे । त्यसपछि अपराध बोध र पश्चाताप सहन नसकी आत्महत्या गरी मर्दछे ।

यसरी यो कथा पनि रैखिक ढाँचामै आदि, मध्य र अन्त्य हुँदै सकिएको छ । यस कथामा केन्द्रीय चरित्रका रूपमा तारा सलोनीलाई लिइएको छ । कथाको शीर्षक उपयुक्त नै मान्नु पर्दछ । मोबाइलको खराब प्रयोगले आफ्नै आमा छोराबीच यौन तथा साइबर सेक्स हुन पुगेको छ । तसर्थ शीर्षक सार्थक छ ।

कथाकी मुख्य पात्र तारा सलोनी हो । उसकै सक्रियतामा कथाको घटनाक्रम अगाडि बढेको छ । कार्यका आधारमा मुख्य पात्र, लिङ्गका आधारमा स्त्री पात्र, स्वभावका आधारमा गतिशील पात्र प्रवृत्तिका आधारमा असत् पात्रका रूपमा मूल्याङ्कन गर्न सकिन्छ । त्यस्तै गरी सहायक पात्रहरूमा एसपी सूर्य विक्रम, इन्द्रकुमार, चक्रे हुन् भने पुनम, गौरी शङ्कर, रजबार बाजे, सुधांशु शर्मा, रिवान आदि गौण पात्रका रूपमा कथामा आएका छन् ।

अन्य कथाहरूमा जस्तै यस कथामा पनि सरल र सहज भाषाशैलीकै प्रयोग गरिएको छ । कतै-कतै स्थानीय भाषिका र हिन्दी भाषाको पनि प्रयोग गरिएको छ । सरल भाषाशैलीका कारण पाठकले सजिलै यस कथाको सारवस्तु बुझ्न सक्छ ।

यस कथामा पनि यौन समस्या र यसका नकारात्मक सन्देशका बारेमा जानकारी गराएको छ । त्यस्तै समाजमा यौनदुराचारका घटनाहरू बढ्दै जाँदा विकराल रूप लिई परिवार तथा समाजलाईसमेत असर पुऱ्याएको प्रसङ्ग कथामा उल्लेख छ । आजकल मोबाइलको गलत प्रयोगले परिवार र समाज असुरक्षित बन्दै गएको छ । आफ्नै नातागोता र परिवार भित्र बढ्दो मोबाइलको खबर प्रयोगले मान्छेले निच र घृणित कामहरू गरेको कुरा उल्लेख गरिएको छ । आजकलका नव युवायुवतीहरूले मोबाइलको गलत प्रयोग गरेर कुबाटोमा नलाग्ने र यौनदुराचार नगर्न नगराउने सन्देश दिनु नै यस कथाको मुख्य उद्देश्य हो ।

### ३.३.१७ 'दियो जलिरहेछ' कथाको विश्लेषण

नेपालको सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमा घटेको जल्दोबल्दो घटनालाई समावेश गरी 'दियो जलिरहेछ' भन्ने कथा जोशीले लेखेका हुन् । यस कथामा सत्य, तथ्य र अत्यन्तै मार्मिक सन्दर्भलाई जोडिएको छ । यो कथा म पात्रकै केन्द्रीयतामा अगाडि बढेको छ । कथाको घटनाक्रम अनुसार पहाडी मूलका नेपाली र तराई मधेस मूलका नेपाली बीच राज्य संरचनाको क्रममा द्वन्द्व चल्छ । त्यस समयताका टीकापुरको घटना पनि ताजै थियो । थारुहरूले एकजना निर्दोष बालकसहित आठजना सुरक्षाकर्मीलाई निर्ममतापूर्वक हत्या गरेका थिए । हत्या र अपराधको जिम्मेवारी आन्दोलनरत थारु समुदायले लिएको थियो । जातीय द्वन्द्वको रूप महिनौदेखि सडकमा सल्किएको थियो । कुरुक्षेत्रको लडाईंमा पाण्डव र कौरव पक्षका सेना जस्तै आ-आफ्ना भू-भागहो रक्षा गर्नको लागि तम्सिएका थिए । सुरक्षाकर्मीले नियन्त्रण गर्न सक्ने स्थिति थिएन । दुवै पक्षकाले घरेलु हातहतियार प्रयोग गरी युद्ध गर्न थालेका थिए । त्यसै क्रममा दुवै पक्ष बीच द्वन्द्व हुँदा धेरै घाइते र केहीको मृत्युसमेत भएको थियो । यस्तो घमसान युद्धलाई रोक्नको लागि हातमा सेता पट्टी (रुमाल) बाँधेर हात खडा गरेका सयौं महिलाहरू रणमैदानमा उत्रिए । उनीहरूले हिमाल, पहाड, तराई, सम्पूर्ण नेपाली एक हौं, एक हौँ, एकै भूमि एकै देश, नेपालीको एकै भेष भन्ने नारा लगाइसकेपछि युद्ध भूमिमा उत्रिएका सबै मानिसहरू स्तब्ध भएका थिए ।

त्यसपछि दुबै पक्षका सम्पूर्ण घरेलु हातहतियार जड भएका थिए । नाडीमा सेता रूमाल बाँधेका महिलाले घाइतेको औषधि उपचार गर्दछन् । त्यसको लगत्तै भिडन्त शान्त हुन्छ । पहाडी र तराइ मधेसमा बस्ने नेपालीको सम्बन्ध धेरै पहिलादेखि भएको कुरा सबैले गर्दछन् । युद्धमा होमिएका सबैजना शान्तिमा परिणत हुन्छन् । ठाउँ ठाउँबाट शान्तिको र्‍याली निकालिन्छ । हामी जो-जो, जे-जे भए पनि सम्पूर्ण नेपाली हौं भन्ने भावना चारैतिर फैलिन्छ । त्यसपछि सबैको घरमा विजयको दिपावली गरिन्छ । यसरी कथाको कथावस्तु सकिन्छ ।

प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको कथा आदि, मध्य र अन्त्य हुँदै रैखिक ढाँचामा समाप्त भएको छ । पहाडी मूलका मानिस र तराई मधेसका मानिसबीच राज्य संरचना र जातीय हक हितको संरक्षणका निहुँमा युद्ध हुन्छ । हातमा सेता रुमाल, पट्टी बाधेका महिलाको नेतृत्वमा युद्धलाई शान्तिमा परिणत गरी घरघरमा दिपावली मनाइएको हुँदा दियो जलिरहेको छ भन्ने कथाको शीर्षक सार्थक देखिन्छ ।

यस कथाको मुख्य पात्र मको केन्द्रियतामा कथाको घटनाक्रम अगाडि बढेको छ । कार्यका आधारमा मुख्यपात्र, स्वभावका आधारमा स्थिर पात्र आदिका आधारमा मूल्याङ्कन गर्न सकिन्छ । यस पात्रले पश्चिम नेपालमा २०७२ सालमा भएको जातीय युद्ध र राज्य संरचनाको युद्ध, टीकापुरको घटना म पात्रले प्रस्तुत गरेको हुनाले उसको भूमिका कथामा मुख्य रहेको छ ।

परिवेशको रूपमा हसुलिया, त्रिवेणी चोक, गौरीफन्टा, क्याम्पसरोड, एलएनचोकको पार्कमोड, महेन्द्रबस्ती आदि ठाउँलाई समावेश गरेको छ । सरल भाषाशैलीको प्रयोग गरिएको कथामा कतै थारु समुदायले बोल्ने स्थानीय भाषिकाको प्रयोगे छ । कथा सरल, सहज र शिष्ट भाषाका कारणले कथाले भन्न खोजेका कुरा प्रष्ट हुन्छ ।

सदियौदेखि अखण्डित र अन्योन्याश्रित रही भाइचारामा बाँचेका हिमाल, पहाड र तराईका नेपालीबीचको सम्बन्ध राम्रो हुनुपर्दछ, त्यस्तै गरेर नेपाली-नेपाली बीच आपसी भेदभाव र झगडाले कसैको पनि हित नहुने कुरा उल्लेख गरिएको छ । सबै जना एक जुट भएर देशको चौतर्फी विकास गरी समाजमा वा राष्ट्रमा शान्ति र सद्भावको विकास गर्नुपर्दछ भन्ने कुरा देखाउनु नै यस कथाको मुख्य उद्देश्य हो ।

### ३.३.१८ 'खुटियाको काख' कथाको विश्लेषण

रामलाल जोशीको पहिलो कथा सङ्ग्रह ऐना कथा सङग्रहमा सङ्कलित 'खुटियाको काख' कथा अत्यन्तै मार्मिक र मर्मस्पर्शी कथा हो । म पात्रकै केन्द्रीयतामा यस कथाको घटनाक्रम अगाडि बढ्छ । एउटा नदीको खुटिया भन्ने ठाउँ हुन्छ । त्यहाँ गरीब, असहाय, बेसाहारा र सुकुम्बासीहरूले त्यस क्षेत्र वरिपरी गिटी कुटेर र मरेका लासका कोइलाहरू सङ्कलन गरेर बेची बिहान बेलुकाको छाक टार्छन् । कुनै पनि नयाँ मान्छे आए भने आफ्नो गिटी र कोइलाको तारिफ गर्दै ग्राहकहरूलाई आफ्नो माल लैजान अनुरोध गर्छन् । त्यस्तो गर्नेहरूमा स-साना केटाकेटीदेखि लिएर बुढाबुढीसम्म हुन्छन् । तिनीहरूको गिटी र कोइलाको रेट पनि फरक-फरक हुन्छ । केटाकेटीहरू अभाव र गरीबीले गर्दा नजिकैको स्कुलमासमेत पढ्न जाने अवस्था हुँदैन । खुटियाको वरिपरी बस्ने सम्पूर्ण सुकुम्बासीको दिनचर्या भनेको नै गिटी कुट्ने र जलाइएका लासका कोइला सङ्कलन गरी बेचेर दैनिक जीवन गुजारा गरेको देखिन्छ । खुटियाको बगरमा बसोबास गर्ने मानिसले आफ्नो सानो झुप्रोमा वर्षायामको प्रवाह नगरी बसेको पाइन्छ । खुटियाको काखमा मानव सेलाउने चिहानको घाटको किनारमा झुपडी हालेर ढुङ्गामा हाड घोटिरहेका मानव बस्तीलाई देख्दा दुःख, सुख आखिर मन र सन्तोष रहेछ भन्ने कुरा बुझिन्छ । त्यसको लगत्तै एक हुल पुलिस आएर खुटियाको पुलबाट तल झरेको दृष्य देखिन्छ । सरकारले गिटी, बालुवा, रोडा निकाल्न प्रतिबन्ध लगाएको छ । तपाइँहरू यहाँबाट अन्तै जानुहोस् यहाँ रोक लगाइएको छ भनेर एकजना पुलिस अफिसरले भन्छ । लामो समयसम्म यही किनारामा झुप्रो बनाएर बस्ता खोलाले बगाएर आज यहाँबाट अन्यत्रै जा भन्छन् कस्तो सरकार हो, सुकुम्बासीलाई जति बेला पनि दुःख दिइरहेको हुन्छ । त्यसपछि खुटियाको काखका वरिपरी बस्ने सबै जना अन्यत्र जान बाध्य हुन्छन् । सबैले खुटियातिर करुण दृष्टिले हेर्दछन् । प्रथम पुरुष दृष्टिविन्दु प्रयोग गरिएको यस कथा आदि मध्य र अन्त्य गर्दै सकिएको छ । यसरी खुटियाले त्यहाँका मानिसलाई बचाएको तथा साथ दिएको हुनाले यो कथाको शीर्षक सार्थक छ ।

म पात्रको केन्द्रीयतामा कथको घटनाक्रम अगाडि बढेको छ । त्यसैले म पात्रलाई कार्यका आधारमा मुख्य पात्र, स्वभावका आधारमा स्थिर पात्र, लिङ्गका आधारमा पुरुष पात्र, उमेरका आधारमा युवक पात्रको रूपमा मूल्याङ्कन गर्न सकिन्छ । कथाको सुरुदेखि अन्त्यसम्म म पात्रकै भूमिका उल्लेख्य रहेको छ । त्यस्तै गरी अन्य पात्रहरूमा केटाकेटी, बूढाबूढीलाई

लिन सकिन्छ । तिनीहरूले कथामा खासै भूमिका नखेलेको हुँदा गौण पात्रका रूपमा लिन सकिन्छ ।

कथामा सरल भाषाशैलीको प्रयोग गरिएको छ । अपठित समाजमा बोलिने भाषाको प्रयोग गरिएको छ । त्यस्तै स्थान विशेषको भाषिकाको पनि कथामा प्रयोग गरिएको छ । कथामा सरल, सहज भाषाको कारणले कथाको सारवस्तु सजिलै बुझ्न सकिन्छ ।

पश्चिम नेपालमा पर्ने खुटियाको काखलाई यस कथाले आफ्नो कार्यपिठीका बनाएको छ । त्यस्तै गरी सुकुम्बासी बस्ती, दलित बस्ती र माओवादी द्वन्द्वकाललाई मुख्य गरेर कथाले आफ्नो परिवेश बनाएर कथाको घटनाक्रम अगाडि बढाएको छ । यस कथामा पनि गरीब, असाहारा, वेसाहारा र सुकुम्बासीहरूको दु:ख, पीडा र समस्यालाई देखाउने प्रयत्न गरिएको छ । शिक्षा र जनचेतनाको अभावका कारण छुवाछुतको प्रसङ्गलाई पनि देखाइएको छ । वास्तवमा दु:ख र समस्यासँग पौठेजोरी खेल्ने मानिसको समस्यालाई ठूला बङ्गालामा बस्ने मानिसले बुझ्न नसक्ने कुरालाई पनि कथामा देखाइएको छ । त्यस्तैगरी सुकुम्बासीलाई सरकारले उचित ठाउँमा व्यवस्थित गरी उनीहरूको हक, हित र संरक्षण गर्नुपर्ने कुरा नै यस कथाको मुख्य उद्देश्य हो ।

### ३.३.१९ 'समाप्ति' कथाको विश्लेषण

रामलाल जोशीको ऐना कथा सङ्ग्रहमा रहेको 'समाप्ति' कथा अन्तिम कथा हो । समाप्ति कथाको मुख्य पात्र 'म' रहेको हुन्छ । उसकै जीवनमा देखा परेका घटनालाई अथवा जीवन भोगाइलाई कथाकारले मुख्य विषयवस्तु बनाई कथालाई गति प्रदान गरेका छन् । कथाको घटनाक्रम अनुसार 'म' पात्रलाई उसकी प्रेमिकाले छोडेर जान्छे । त्यसपछि म पात्रका मनमा विभिन्न आरोहअवरोह देखा पर्दछन् । उसले आफ्नी प्रेमिका बिनाको जीवन निस्सार र शून्य देख्छ । जीवनमा सम्पूर्ण कुरा प्राप्त गरेर पनि केही न केही कुराको अपुग भएको महसुस गर्न थाल्छ । उसले माइला दाजी र गोरे कामीकी श्रीमतीले छोडेर गएको र त्यसपछि उनीहरूले आफ्नो जीवन समाप्त गरेको कुरा प्रष्ट रूपमा देखेको हुन्छ । आफ्ना जीवनसंगिनीको विछोडको पीडामा गुर्जनु पर्दछ भन्ने कुरा म पात्रको स्वभावबाट प्रस्ट हुन्छ । म पात्रकी प्रेमिका र जीवनसंगिनीले छोडेर गएपछि पागल जस्तै बनेको छ । राम्रै खान्दानको मान्छे सरकारी जागिर खाएको तथा सबै सुविधाले सम्पन्न मान्छे आज एकाएक छोडेर गएकी श्रीमतीको विलौना गरी चारैतिर भौतारिरहन्छ । जता गएपनि उसले एक्लो

महसुस गर्न पुग्छ र निरासा बाहेक अन्य केही प्राप्त गर्न नसक्ने हुन्छ । अब जीवनमा श्रीमतीसँग भेट हुन्छ कि हुँदैन भन्ने चिन्ताले उसलाई पागल बनाएको छ । सडकपेटीमा डुल्ने, वेसाहार जीवन बिताउने, बचेकुचेका खानेकुरा कसैले दिए खाने उसको जीवनशैली बन्यो । उसले अरुले दिएको खानेकुरा मेरो प्रेमिका आएर खोसेर खान्छे । त्यही बेला मैले उसलाई चिन्न सकुँला कि नसकुँला भन्ने कुरा मनमा लिइरहन्छ । उसका विचारमा जस्तो आफु भयो त्यस्तै उसकी श्रीमती (प्रेमिका) भएकी होली भन्ने कुरा बारम्बार सोचिरहन्छ । उसले अझै धेरै कुराहरू मनमा सोचिरहन्छ । यसरी हामी सडकपेटीमा डुलिरहँदा हामीलाई जोइपोई हुनकी भन्ने आशङ्का मानिसहरूले गर्दछन् भन्ने कुरा सोच्छ । सबैले आफूलाई पागलको संज्ञा दिएको र हेला गरेको कुरा उसले मनमनै विचार गर्दछ । त्यसपछि उसले शरीर बूढो र कमजोर भएका कारणले अब जीवनमा केही गर्न नसक्ने कुरा पनि सोचिरहेको हुन्छ । जीवनको अन्त्यतिर ऊ कुनै उद्यान अथवा बगैँचामा जान्छ । त्यहाँ अनेकौँ युवायुवतीको जोडी देखेर एकफेर यौवनतिर फर्कन थाल्छ । ती युवतीमध्ये कतै मेरो प्रेमिका त छैन भन्दै नवयौवना युवती भित्र आफ्नी प्रेमिकालाई खोज्न थाल्छ । त्यसपछि ऊ केही बेर उसैसित हराउन खोजेको हुन्छ । भ्रमित रूपमा अङ्कमाल गर्न आएको घटना देख्छ त्यसपछि अनेकौं विलौना गरी आफ्नी श्रीमतीसँग भलाकुसरी गर्न पुग्छ । उता फेरि उसले एकोहोरो रूपमा म पात्रलाई हेरिरहेकी हुन्छे । अन्त्यमा अब हरेक कुराको चिन्ता बूढो र जीर्ण शरीरले जीवनको समाप्तितिर लैजादैछ कि भन्ने अनुमान गर्न थाल्छ । यसरी यस कथाको कथावस्तु सकिन्छ ।

आदि, मध्य र अन्त्य गर्दै रैखिक ढाँचामै यो कथाको समापन भएको छ । कथाको सामाख्याता अथवा प्रमुख पात्र म हो । आफ्नो जीवनमा भोगेका र देखेका घटना सिलसिलावद्ध रूपमा उसकै उपस्थितिमा आएका छन् । माइलादाजी, रेणुका, किरनी कर्मनी, गोरे कामी सहायक पात्र हुन् भने अम्मरे दाई नाउटे ज्यामी, हरिहर ओली, विशाल भण्डारी, पर्वत भुजेल, दले साउँद, किस्ने मगर नेत्र बोहारा आदि कथाका गौण पात्र हुन् । कथाको भाषाशैली सरल, सहज, किसिमको छ । अन्य कथामा जस्तो स्थानीय भाषिकाको प्रयोग भएको छैन । कतैकतै प्रश्नोत्तरात्मक भाषाशैलीको प्रयोग भेटिन्छ ।

कथाले आफ्नो कार्यपिठीका सिस्नेखोला, धनगढी बजार, दशरथ उद्यान आदि विविध क्षेत्रहरूलाई बनाएको छ । कथाको कथानक भित्रै क्षेत्रहरूमा घटेका घटना देखाइएको छ । जीवनमा धेरै समस्या आईपर्न सक्छन् तर त्यस्ता समस्याहरू एकपछि अर्को गर्दै समाधान

गर्न सकिन्छ । मान्छेको जीवन एक्लै सञ्चालन गर्न गाह्रो पर्दोरहेछ । श्रीमान् श्रीमती बीच विछोड भएपछि जीवन तहसनहस पर्दो रहेछ विछोडको पीडा खान नसकेर मान्छेहरू पागल बन्दा रहेछन् । हुने खाने वर्ग पनि सडकपेटीको बास हुँदोरहेछ भन्ने कुरा यस कथाले देखाएको छ । अर्कोतिर जीवनमा धेरै दुःख आपत र विपत पर्दछन् धैर्य गरी अगाडि बढ्न सकेको खण्डमा जीवन सफल हुन्छ भन्ने कुरा दर्साउनु यस कथाको मुख्य उद्देश्य हो ।

अध्याय चार

# निष्कर्ष

## ४.१ सारांश

रामलाल जोशीको जन्म वि.सं. २०३१ फागुन १७ कानाचौर गा.वि.स. वडा नं. ७ कोरीला डोटी जिल्लामा भएको हो । आधुनिक नेपाली कथामा नव प्रतिभाका रूपमा देखा परेका रामलाल जोशी चार कक्षामा पढ्दाखेरी नै साहित्यतर्फ रुचि राख्ने जोशीले साहित्यका विभिन्न विधामा अमूल्य योगदान दिएका छन् । हाल शिक्षण पेसामा आवद्ध जोशीले आफ्नो साहित्य लेखन शैलीलाई मूर्त रूप दिएको पाइन्छ । खासगरी उनले नेपाली समाजमा भएका विकृति, विसङ्गति, अन्याय, अत्याचार, सामाजिक कुरीति, अभाव, अशिक्षा, महिला हिंसा र रुढिवादी परम्परालाई आफ्ना कृतिमा उल्लेख गरी सभ्य र आदर्श समाज निर्माण गराउनका निम्ति सबैलाई सचेत बनाउने काम गरेका छन् ।

उनले पश्चिमेली नेपालमा बसोबास गर्ने मानिसको आर्थिक, सामाजिक, राजनैतिक आदि अवस्थालाई मध्यनजर गरी सत्य, तथ्य, घटनामा आधारित रहेर ऐना कथा सङ्ग्रह प्रकाशन गरेका हुन् । ऐना कथा सङ्ग्रह प्रकाशन गरेवापत उनलाई विभिन्न सङ्घसंस्थाले विभिन्न पुरस्कारले सम्मान गरेको छ । त्यस्तैगरी नेपाल सरकारले ऐना कथा सङ्ग्रह प्रकाशन गरेवापत २०७२ सालको मदन पुरस्कारलेसमेत सम्मानित गरेको छ । जोशीले यस ऐना कथा सङ्ग्रहमा १९ वटा कथाहरू लेखेका छन् । ती सम्पूर्ण सारवस्तु उद्देश्य मार्मिक रूपमा तल उल्लेख गरिएको छ,

'खेल' उनको पहिलो कथा हो । उनले यस कथाबाट पश्चिम नेपालमा बसोबास गर्ने मानिसको गरीबी, पछौटेपन, अभाव जस्ता कुरालाई देखाउन खोजिएको छ । गरीबी र अभावका कारण समाजमा नराम्रा विकृति फैलिएको कुरालाई कथामा देखाइएको छ । लोग्ने दैनिक जीवन गुजारा गर्न नसकेर विदेश जाने र स्वास्नी यता परपुरुषसँग अनैतिक सम्बन्ध गाँस्ने कुरालाई पनि पर्दाफास गरिएको छ । समाजमा बढ्दै गएको यौनदुराचारले विभिन्न समस्या ल्याउने भएकाले समाजमा विकृति, विसङ्गति र कुरीति ल्याउने गरेका कामप्रति तीव्र व्याङ्ग्य गर्दै त्यस्ता पक्षको अन्त्य गर्दै स्वास्थ्य र आदर्श समाजको निर्माण गर्नु यस कथाको सारवस्तु हो ।

यस्सैगरी 'रङ्गमञ्च' शीर्षकको कथामा बाल्यकालमा बिताएका दिनहरूलाई स्मरण गरिएको छ । यस कथामा बालमनोविज्ञानको प्रयोग गरिएको छ । बालबालिकाहरू स्वाभावैले जिज्ञासु र चञ्चले स्वाभावका हुन्छन् । तिनीहरूमा कुनै पनि चिन्ता र समस्या हुँदैनन् तर उमेर बढ्दै गएपछि गृहस्थी जीवनमा प्रवेश गर्नुपर्छ भन्ने सत्य कुरालाई देखाउन खोजिएको छ । समयको गतिसँगै मान्छे परिवर्तन हुनुपर्दछ भन्ने कुरालाईसमेत यस कथाबाट देखाउने कोशिस गरिएको छ । यसलाई कसैले रोक्न र छेक्न सक्दैन भन्ने यथार्थतालाई कथामा देखाइएको छ ।

'नायक' शीर्षकको कथामा जो कोही पनि श्रेष्ठ र भोग्य व्यक्ति बन्ने चाहना र इच्छा हुन्छ । त्यसलाई प्राप्त गर्नका लागि ठूलो परिश्रम गर्नु पर्दछ भन्ने कुरा देखाउन खोजिएको छ । आफूलाई लाग्ने हरेक श्रेष्ठतम् व्यक्तिका आ-आफ्ना समस्या हुन्छन् । मान्छेले आफूलाई सानो र अरुलाई ठूलो दर्जाको रूपमा हेर्ने प्रवृत्तिलाई नायक कथाका पात्रबाट प्रष्ट पारिएको छ । त्यस्तै गरी प्रत्येकलाई जीवनमा नायक बन्ने इच्छा हुन्छ तर रहर गर्दैमा कोही पनि ठूलो मान्छे बन्न नसक्ने कुरालाई प्रस्तुत गरिएको छ । जो मान्छे आत्मविश्वासी हुन्छ, त्यस्तै सुखदुख बुझेको हुन्छ । आपतविपतमा पनि धैर्य गरी मिहेनत गर्दछ त्यो व्यक्ति जीवनमा श्रेष्ठ बन्न सक्छ भन्ने कुरा देखाउनु नै यस कथाको सारवस्तु हो ।

'पर्दा' शीर्षकको कथामा पश्चिम नेपालमा विद्यमान् सामाजिक, आर्थिक, कुरीति, विकृति, विसङ्गतिलाई देखाउन खोजिएको छ । त्यस्तैगरी कथामा अभाव, रुढीवादी परम्परा, जनचेतनाको कमी, शिक्षाको समस्या आदि कुराले निम्त्याएका समस्यालाई देखाउन खोजिएको छ । उच्च र धनीमानी वर्गले तल्लो वर्ग, जात र गरीब असहाय वेसाहाराहरूलाई विभिन्न वहाना बनाएर दुःख दिएको प्रसङ्गलाई यस कथामा देखाइएको छ । छाडा रूपमा यौन क्रियाकलाप गरेको र त्यसबाट प्रत्यक्ष अप्रत्यक्ष रूपमा गरीब, सोझासादा मानिसहरू शोषित बन्नु परेको कुराहरूलाई देखाइएको छ । समाजका यस्ता विविध समस्यालाई निर्मूल गरी सभ्य र आदर्श समाजको स्थापना गरी शिक्षा, स्वास्थ्य र वेरोजगारी समस्यालाई समाधान गर्नु यस कथाको अर्को मुख्य उद्देश्य हो ।

'पापीघाट' शीर्षकको कथा यौन मनोवैज्ञानिक कथा हो । त्यस्तैगरी यस कथालाई बालमनोविज्ञानसँग पनि तुलना गर्न सकिन्छ । खासगरी कथा असामान्य नारी यौन मनोविज्ञानसँग सम्बन्धित छ । मान्छे कामवासनाले उन्मुक्त भएपछि लोक लाज केही मान्दैनन् भन्ने कुरा पनि देखाइएको छ । यौनलाई समयमै निराकरण गर्नु पर्दछ नत्र यसले

विकराल रूप लिई अनावश्यक समस्याहरू निम्त्याउँछ भन्ने कुरा देखाइएको छ । त्यस्तै समाजमा दुराचार गर्नु हुँदैन । यसले समाजमा अनेकौं समस्या उत्पन्न गराउछ, साथै रुढीवादी परम्पराबाट मुक्त भई सभ्य र आदर्श निर्माण गर्नु पर्दछ भन्ने सन्देश यस कथाले दिएको छ ।

'मध्यान्तर' शीर्षक कथामा पनि समाजमा त्यस्ता गरीबी, अशिक्षा, अन्धविश्वास र कुरीतिलाई हटाई सचेत एवम् समतामूलक समाजको निर्माण गरिनुपर्छ भन्ने सन्देश कथामा पाइन्छ । त्यस्तै गरी हाम्रो नेपाली समाजमा उमेर छउन्जेल परदेश जाने र उमेर सकिन लाग्दा वा मध्य उमेर भइसकेपछि स्वदेशमा फर्किने प्रबलता छ । यस्तो परम्परालाई तोड्दै आफ्नै गाउँठाउँमा रोजगारीका अवसरहरू खोज्ने प्रयत्न गर्नु पर्दछ । रोग, भोक, शोकलाई हटाई आदर्श र सभ्य समाजको निर्माण गर्नु पर्दछ । समाजमा शिक्षा, स्वास्थ्य, रोजगार र जनचेतनाको विस्तार गरी आदर्श र सचेत समाजको निर्माण गर्नु पर्दछ ।

'तस्वीर' शीर्षक कथामा अकालमै आफ्नो श्रीमान्को मृत्यु भएपछि एक्ली नारीले आफ्ना बालबच्चालाई पालनपोषण गर्नु परेको कुरा देखाइएको छ । समाजमा व्यापक रूपमा महिला हिंसा हुने गरेको कुरा कथाकी मख्य पात्र अमरकेतीको जीवनको घटनाबाट प्रष्ट हुन्छ । बढ्दो बेरोजगारीका कारण घरायसी जीवन सञ्चालन गर्न निकै गाह्रो परेको कुरा उल्लेख गरिएको छ । आफ्ना मान्छे र टाठाबाठाले घरै जागिर पाउने, सामान्य र सिधासाधाले लिखित नाम निकाले पनि अन्तर्वार्तामा फालिदिने अन्यायपूर्ण कामको पर्दाफास गरिएको छ । विभिन्न अन्याय, अत्याचार, बेरोजगारी समस्यालाई प्रभावकारी रूपमा देखाउन सीपमुलक तालिम र रोजगारको व्यवस्था गरिनुपर्दछ भन्ने देखाउनु नै कथाको मुख्य सारवस्तु हो ।

'सेतीको सुस्केरा' शीर्षकको कथामा पनि समतामुलक समाजको निर्माण गर्नुपर्दछ भन्ने कुरा देखाउन खोजिएको छ । समाजमा धनिमानी र उच्च वर्ग भनाउँदाले तल्लो वर्ग र सिधासाधा जनतालाई कसरी हेप्छन् र कसरी आफ्नो उद्देश्य पूरा गर्दछन् भन्ने कुरा देखाउन खोजिएको छ । सामाजिक, नैतिक, भाषिक तथा वर्गीय हिसाबले कसैलाई पनि भेदभाव गर्नु हुँदैन यदि गरिन्छ भने त्यस्ता व्यक्तिलाई कडा कारवाहीको व्यवस्था गरिनुपर्दछ । सरकारले वास्तविक सुकुम्वासीलाई पहिचान गरी तिनीहरूको उचित व्यवस्थापन गर्नुपर्दछ भन्ने कुरासमेत देखाइएको छ । गरीबी र अभावका कारणले मान्छेले घृणित र निच कार्य गर्न बाध्य हुनुपर्दोरहेछ भन्ने यथार्थ सत्य कुरालाई कथामा देखाइएको छ ।

‘कालीको गीत’ शीर्षक कथामा सामान्य मानिसको जीवनको चर्चा गरिएको छ । जीवनमा सुख र दुःख एकपछि अर्को गरी आउँदा रहेछन् । समयको परिवर्तनसँगै मान्छेको जीवन कहाँबाट कहाँ पुग्दोरहेछ कसैलाई केही ठेगान हुँदो रहेन्छ । यस कथाकी मुख्य पात्र काली बौजूको जीवन कहानीबाट यो कुरा प्रष्ट हुन्छ । आपत र विपत कहिलेकहीँ प्राकृतिक प्रकोपले पनि निम्त्याउँदो रहेछ भन्ने कुरा देखाइएको छ । पश्चिम नेपालमा रहेकी महाकाली नदीले वर्षेनी घरखेत सखाप गरेको कुरालाई कथामा उल्लेख गरिएको छ । त्यस्तै मान्छेको जीवनमा धेरै दुःख, कष्ट र समस्यालाई धैर्य भएर समाधान गर्नु पर्दछ भन्ने कुरा देखाइएको छ । वास्तवमा महाकाली नदीले जनधनको क्षती पुऱ्याएको छ । यसलाई बेलैमा सरकारले नियन्त्रण गरी भयावह स्थितिबाट बचाउनु नै सबैभन्दा ठूलो कुरा हो । यही नै यस कथाको मुख्य उद्देश्य हो ।

‘एउटा भोकको अन्त्य’ शीर्षकको कथामा पनि गरीबी, अभाव, पछौटेपनले मान्छेको जीवनमा कस्तो असर पर्दछ भन्ने कुरा देखाउन खोजिएको छ । गरीबीको समस्याले मान्छेलाई मृत्युवरणसमेत गराउँदो रहेछ भन्ने कुरा यसै कथाकी मुख्य पात्र कोइली रोकायाको अवस्थाबाट थाहा पाउन सकिन्छ । वास्तवमा पश्चिम नेपालका बसोबास गर्ने मान्छेको अवस्था अत्यन्तै कमजोर रहेको खुलासा हुन्छ । बढ्दो बेरोजगारी साथै विविध समस्याले उनीहरूको दैनिक जीवन गुजारा गर्नसमेत अत्यन्तै कठिन परेको छ । सामाजिक, आर्थिक, शैक्षिक साथै अन्य कुराबाट वञ्चित हुन पुगेका त्यहाँका बासिन्दाले अपमान, अपहेलना, घृणा, तिरस्कार सहेर बस्न बाध्य छन् भन्ने देखाउनु यस कथाको सारवस्तु हो ।

‘भर्जिन’ कथामा पश्चिम नेपालको अति विकट क्षेत्र विस्नुकान्तिपुरस्थित वादी समुदायमा बसोबास गर्ने मानिसको जीवनशैली, रीतिरिवाज, मूल्य मान्यतालाई उजागर गर्नु यस कथाको मुख्य उद्देश्य हो । खास गरीकन यौनलाई आफ्नो मुख्य व्यवसाय ठानी त्यसै पेशामा सङ्लग्न नारी पुरुषको दिनचर्याको मूल्याङ्कन गरिएको छ । समाजमा यस्ता विकृतिजन्य कुराले समाजमा अराजकता फैलिई समाज अधोगतितिर जान सक्छ भन्ने कुरालाई देखाइएको छ । वादी समुदायका महिला दिनहुँ जसो यौन पेशामा संलग्न नभई सीपमुलक काम गरी इज्जत र मानमर्यादाका साथ जीवन सञ्चालन गर्नुपर्दछ भन्ने कुरा नै यस कथाको अन्तिम निचोड हो ।

‘मुक्ति’ शीर्षकको कथामा यौन मनोविश्लेषणको शसक्त रूपमा प्रयोग गरिएको छ । मानवीय जीवनमा यौन अनिवार्य हुन्छ । यसलाई सही रूपमा प्रयोग गर्नुपर्दछ । यदि सही

रूपमा प्रयोग गर्न सकिएन, परस्त्री वा परपुरुषसँग सवत्र गरियो भने विकराल समस्या निम्त्याउछ । जसले गर्दा दाम्पत्य जीवनमा खलबल पर्न गई सम्बन्ध विच्छेदसमेत गर्नुपर्ने समस्या एकातिर देखाइएको छ भने अर्कोतिर हामीहरूले सांसारिक मायाजाल, प्रेम, धनसम्पत्तिप्रति मोह राख्नु हुँदैन । यस्ता तत्त्वले यस संसारबाट मुक्त हुन दिँदैन भन्नु नै यस कथाको सार तत्त्व हो ।

यथार्थ भ्रम शीर्षकको कथामा मानिसहरूले आफ्नो नियन्त्रण भन्दा बाहिरको कुरा सोच्नु हुँदैन । यसले मान्छेलाई पागल बनाउछ । सत्यतथ्यको पछि लाग्नु पर्दछ । जुन कपोलकल्पित कुराहरू छन् तिनीहरूको नामै पनि लिनु हुँदैन । अनावश्यक कुराहरू मनमा खेलाएर मानसिक तनाव लिनु हुँदैन भन्नु नै यस कथाको मुख्य उद्देश्य हो ।

'श्रीमान् वीरबहादुर' शीर्षकको कथामा समाजमा शिक्षित वर्ग र ठूलावडाले नै थिचोमिचो, अन्याय, अत्याचार र यौन शोषण गर्दछन् भन्ने कुरा देखाइएको छ । त्यसैगरी श्रीमान्लाई बाहिरी रूपमा राजा भन्ने तर हृदयमा अर्कैलाई सजाउने आधुनिक युगका युवतीको पर्दाफास गरिएको छ । साथै बढ्दो बेरोजगारी, यौन शोषण, सामाजिक विकृति र विसंगतिलाई चिरफार गर्नु नै यस कथाको मुख्य उद्देश्य हो ।

'श्रीमती जुगुनीदेवी' शीर्षक कथामा पश्चिम नेपालमा बसोबास गर्ने सीमान्तकृत थारु समुदायको रहनसहन, रीतिरिवाज, चालचलन, परम्परालाई उजागर गर्ने काम गरिएको छ । त्यसैगरी यौन दुराचार, बेरोजगारी समस्या, जनचेतनाको अभाव, अन्धविश्वास आदि समस्यालाई प्रभावकारी रूपमा देखाई नराम्रा विकृतिजन्य कुराहरूलाई बेलैमा सबैले नियन्त्रण गरिनुपर्दछ भन्नु नै यस कथाको अन्तिम निचोड हो ।

'साइबर सेक्स' शीर्षक कथामा मोवाइल फोनको गलत प्रयोगलाई देखाइएको छ । आजभोलि यसको गलत प्रयोगले परिवार र समाज असुरक्षित बन्दै गएको छ । मोवाइल फोनको गलत प्रयोगले समाजमा चोरी, डकैती, लुटपाट, हत्या, यौनदुराचार जस्ता समस्या बढ्दै गइरहेको एक तथ्याङ्कले देखाएको छ । तसर्थ मोवाइलको गलत प्रयोग नगर्न सन्देश दिनु नै यस कथाको सारवस्तु हो ।

'दियो जलिरहेछ' शीर्षकको कथामा सदियौदेखि अखण्डित र अन्योन्याश्रित रही भाइचारामा बाँचेका हिमाल, पहाड, तराईका नेपाली बीचको सम्बन्ध राम्रो हुनुपर्दछ भन्ने कुरा व्यक्त गरिएको छ । त्यसैगरी आपसी झै झगडाले कसैको पनि हित र कल्याण नहुने

सत्य कुरालाई उजागर गरिएको छ । राष्ट्रको चौतर्फी विकासमा सबै नेपाली एक भई अगाडि बढ्नु नै यस कथाको मुख्य उद्देश्य हो ।

'खुटियाको काख' शीर्षकको कथामा पश्चिम नेपालमा बसोबास गर्ने असहाय, वेसाहारा र सुकुम्वासीको जीवन शैलीलाई देखाउन खोजिएको छ । उनीहरूले जीवन धान्नका लागि खुटिया वरिपरिको क्षेत्रमा गिटी कुट्ने लास जलाइएका कोइला जम्मा गरी बेचेर आएको पैसाले जीवन निर्वाह गरेको देखाइएको छ । त्यसैगरी वास्तविक सुकुम्वासीको पहिचान गरी उनीहरूको हक, हित र संरक्षण गर्न नै सरकारको दायित्व हो यही नै यस कथामा देखाइएको सारवस्तु हो ।

'समाप्ति' कथामा मान्छेको जीवनमा अनगिन्ती घटनाहरू घटन सक्छन् । त्यस्ता घटनालाई धैर्यका साथ समाधान गर्नु बुद्धिमानी हुन्छ । श्रीमान् श्रीमतीबीच विछोड भएपछि गृहस्थी जीवन बिताउन निकै कठिन पर्ने कुरालाई यस कथाको मुख्य पात्र मको क्रियाकलापबाट पनि प्रष्ट हुन्छ । विभिन्न समस्याले मनमा बेचैनी भएपछि मान्छे अर्धपागल बनेर सडक पेटीमा हिँड्न बाध्य हुँदोरहेछ भन्ने कुरालाई प्रभावकारी रूपमा देखाइएको छ । जीवनमा जे जसो भए पनि धैर्य गरी अगाडि बढ्न सकेको खण्डमा जीवन सफल बन्न सक्छ भन्ने कुरा देखाउनु नै यस कथाको मुख्य सार हो ।

## ४.२ निष्कर्ष

रामलाल जोशी सामाजिक, आर्थिक, ऐतिहासिक र समसामयिक घटनालाई आधार बनाएर कथा लेख्ने व्यक्ति हुन् । सानै उमेरदेखि साहित्यमा रुचि राख्ने जोशीले कक्षा चार पढ्दाखेरी नै कथा, कविता लेखेको पाइन्छ । खासगरी उनले नेपालको पश्चिम क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण मानिसको चालचलन, रीतिरिवाज, परम्परा, आर्थिक, सामाजिक अवस्थालाई ध्यानमा राखी प्रस्तुत ऐना कथा सङ्ग्रहको रचना गरेका हुन् । उनले यस सङ्ग्रहमा त्यहाँका मानिसले भोग्नु परेका अन्याय, अत्याचार, पीडा, गरीबी, पछौटेपन, अभाव, घृष्णा, तिरस्कार, यौनविकृति, महिला हिंसा जस्ता कुरालाई जस्ताको त्यस्तै यस कथामा उतारेका छन् ।

देशव्यापी रूपमा चर्चा पाएको यस कृतिको लागि जोशीलाई विभिन्न सङ्घसंस्थाले पुरस्कृत गरेका छन् । मदन पुस्तकालय गुठीले पनि उनलाई ऐना कथा सङ्ग्रह प्रकाशन गरेवापत २०७२ सालको मदन पुरस्कारबाट सम्मानित गरेको छ । उनले लेखेको यस

कृतिको अध्ययन गर्दा आधुनिक नेपाली कथाका विभिन्न धाराहरू अवलम्बन गरेको पाइन्छ । समेटेर कथा लेखेको पाइन्छ । सामाजिक यथार्थवाद, मनोविज्ञान, यौनमनोविज्ञान, बालमनोविज्ञानको संयोजन गरी लेखिएको यो कथा सङ्ग्रह आधुनिक नेपाली कथाविधाको एउटा नमूना कृति बन्न पुगेको देखिन्छ ।

# सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०६१), **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौं : विद्यार्थी प्रकाशन ।

अर्याल, भैरव, (सम्पा, २०२५) **साझा कथा,** काठमाडौं : साझा प्रकाशन ।

अवस्थी महादेव (सम्पा, २०५५), **नेपाली कथा भाग २,** ललितपुर : साझा प्रकाशन ।

आचार्य कृष्णप्रसाद र कृष्णबहादुर बस्नेत (२०६३), **आधुनिक नेपाली उपन्यास र कथा,** काठमाडौं : दिक्षान्त पुस्तक भण्डार ।

आचार्य, नरहरि र अन्य (२०६७), **नेपाली कथा भाग १,** ललितपुरः साझा प्रकाशन ।

गौतम, देवीप्रसाद (२०५४), **नेपाली कथा**, काठमाडौं : नवीन प्रकाशन ।

जोशी, रामलाल (२०७३), **ऐना** (ते.सं.), काठमाडौं : बुकहिल पब्लिकेसन ।

थापा, हिमांशु (२०३६), **साहित्य परिचय,** ललितपुर : साझा प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद (२०४९), **साहित्यको रूपरेखा,** ललितपुर : साझा प्रकाशन ।

बराल ऋषिराज र अन्य (सम्पा, २०५७), **नेपाली कथा भाग-३,** ललितपुर : साझा प्रकाशन ।

शर्मा, हरिप्रसाद (२०५९), **कथाको सिद्धान्त र विवेचना,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०३५), **कथाको विकास प्रक्रिया,** काठमाडौं : साझा प्रकाशन ।

शर्म्मा, वसन्तकुमार (२०५८), **नेपाली शब्दसागर,** काठमाडौं : भाभा पुस्तक भण्डार ।

श्रेष्ठ दयाराम (२०५७), **नेपाली कथा भाग-४,** ललितपुरः साझा प्रकाशन ।

सुवेदी, पोष्टराज (२०७२) **चकलेट कथा सङ्ग्रहको कृतिपरक अध्ययन**, स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि. पृथ्वीनारायण क्याम्पस, पोखरा ।